साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह नेपालको ४८औं प्रधानमन्त्री भएको आज ११औँ दिन

वर्ष ४३, अंक ४४, २०८२, चैत २३ गते, सोमबार (APR. 06, 2026) मूल्य रू. १०।-

वेबसाइटः www.sanghunews.com

## पैसा, पहुँच र संरक्षणको घेरा कसिंदै ?
# 'हिट लिस्ट'मा ठुला नेता-उद्योगीहरू

● साँघु संवाददाता

**काठमाडौं । बिचौलिया दीपक भट्ट २०८२ चैत १९ गते पक्राउ परेपछि त्यसको तरंग केवल एउटा व्यक्ति वा एउटा फाइलमा सीमित नरहने संकेत देखिन थालेको चर्चा छ । गृह, सुरक्षा र आर्थिक अपराध अनुसन्धानसँग निकट स्रोतहरूका भनाइलाई आधार मान्ने हो भने, भट्ट प्रकरणले अब नेपालभित्र लामो समयदेखि जरा गाडेर बसेको भनिएको ब्रोकर, व्यापारी, पहुँचवाला र राजनीतिक संरक्षणको सञ्जाल तर्फ औंला तेर्सिन थालेको छ ।**

यही पृष्ठभूमिमा शंकर ग्रुपका संस्थापक शंकर अग्रवाल २०८२ चैत २० गते शुक्रबार राति पक्राउ परेका छन् । त्यसपछि उनका छोराहरू सुलभ अग्रवाल र साहिल अग्रवाल पनि अनुसन्धानको घेरामा तानिएका छन् । सुलभलाई भारतबाट नियन्त्रणमा लिइएको चर्चा छ, तर यसको आधिकारिक पुष्टि सार्वजनिक रूपमा स्पष्ट भइसकेको छैन । यद्यपि, दिल्लीस्थित स्रोतहरू भन्छन्-दीपक भट्टसँगको सम्बन्ध, आर्थिक पहुँच र कारोबारी सञ्जालका आधारमा उनीहरूमाथि सम्पत्ति शुद्धीकरणसम्बन्धी छानबिन भइरहेको छ ।

अग्रवाल परिवारको नामसँग जोडिएका हिल्टन होटल, जगदम्बा स्टिल, रिद्धिसिद्धी सिमेन्ट, हाइड्रो लगायतका व्यावसायिक क्षेत्रबारे पनि अहिले अनुसन्धान हुनु पर्ने माग हुन थालेको छ । प्रश्न उठाइएको छ-यी क्षेत्रहरूमा लगानी,



आरजु राणा देउवा र विनोद चौधरी

पहुँच, र निर्णय तहसम्म पुग्ने सञ्जालमा को-को थिए ? कसले कसलाई जोड्थ्यो ? र बिचौलिया भट्टको भूमिका केवल 'मध्यस्थ' थियो कि त्यो भन्दा धेरै ठूलो ?

यही प्रकरणसँगै अब अर्को ठूलो हल्ला बजारमा तैरिएको छ । स्रोतहरूका अनुसार दीपक मल्होत्रा, विनोद चौधरी, मेघा चौधरी, उपशना पौडेल, मृदुला सरिया, उमेशलाल श्रेष्ठ लगायतका उद्योगी-व्यवसायिक वृत्तका नामहरू पनि अनुसन्धानको सम्भावित चर्चामा घुमिरहेका छन् । यद्यपि, यी नामहरूबारे कुनै औपचारिक अभियोग, पक्राउ वा सरकारी पुष्टि सार्वजनिक भएको छैन । तर पनि व्यापारी वृत्तमा असामान्य बेचैनी बढेको चर्चा बाक्लिंदो छ । शेयर मार्केटले ओरालो बाटो समातेको छ ।

त्यति मात्र होइन, राजनीतिक क्षेत्र पनि यसबाट अछुतो नरहने अड्कलबाजी चलिरहेको छ। विभिन्न स्रोतहरूले शेरबहादुर देउवा, युवराज खतिवडा, जनार्दन शर्मा, वर्षमान पुन, शक्ति बस्नेत, पृथ्वीसुब्बा गुरुङ, बालकृष्ण खाँण, मञ्जु खाँण, आरजु राणा देउवा, प्रकाश देउवा, भूषण राणा, जयवीर सिंह देउवा, मोहनबहादुर बस्नेत, ज्ञानेन्द्र कार्की लगायतका नामहरू चर्चाको सूचीमा रहेको दाबी (बाँकी पृष्ठ ८ मा)

# रोस्टमबाटै 'ठाउँ छोड' राजनीति !
# सरकारभित्रै शक्ति संघर्षको संकेत

**काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको प्रधानमन्त्रीत्वमा नयाँ सरकार गठन भएको दुई हप्ता बित्न लागेको छ । यस सरकारले मन्त्रिपरिषद्को पहिलो निर्णयबाटै २०८२ भदौ २३ र २४ मा भएको 'जेन-जी' (Gen–Z) आन्दोलनका क्रममा घटेका घटनाहरूको छानबिन गर्न गठित गौरी बहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सिलसिला अघि बढाएको छ । यसै क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी हिरासतमा राखी कारबाही प्रक्रिया अगाडि बढाएपछि मुलुकको राजनीतिमा सनसनी छाएको छ ।**



सरकारले सोही निर्णयमार्फत १०० बुँदे कार्ययोजनाको सूची पनि सार्वजनिक गरेको छ, जसलाई ठूलै प्राथमिकताका साथ प्रचार गरिएको छ । हाल गृह मन्त्रालयले प्रहरी परिचालन गरी केही 'टोले गुण्डा'हरूलाई पक्राउ गर्ने र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत केही व्यवसायीहरूलाई कारबाहीको दायरामा ल्याउने कार्य गरिरहेको देखिन्छ । गृहमन्त्री सुधन गुरुङले मन्त्रालयको सोफामा सुतेर भए पनि रातदिन खटेको सन्देश दिन खोजेका छन् ।

त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीले नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरूसँगको भेटमा विकास निर्माणका कार्यमा सरकारी अधिकारीहरूलाई अतिरिक्त शुल्क नदिन प्रतिबद्धता जाहेर गरेका छन् । महासंघले पनि आफ्ना सदस्यहरूलाई अतिरिक्त शुल्क नदिन र कसैले माग गरेमा सिधै मन्त्रीलाई जानकारी गराउन परिपत्र जारी गरेको छ । उता अर्थमन्त्री स्वर्णिम वाग्लेले पनि व्यवसायीहरूलाई अब अतिरिक्त शुल्क तिर्नु नपर्ने आश्वासन दिएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले केही स्थानीय तहमा प्रशासकीय अधिकृत खटाउनु र सहकारी पीडितहरूको बचत फिर्ताका लागि बैठक गर्नुलाई नै प्रगतिको रूपमा प्रचार गरेको देखिन्छ ।

प्रचारकै सिलसिलामा पोखराको फेवाताल अतिक्रमण गरी बनाइएका टहराहरू भत्काउन सुरु गरेपछि स्थानीय बासिन्दा र प्रशासनबीच द्वन्द्व सिर्जना भएको छ । स्थानीयहरूले आफूले मतदान गरेको सरकारले नै उठीबास लगाएको भन्दै बालेन सरकार र महानगरपालिकालाई चुनौती दिएका छन् । यसरी हेर्दा यी कामहरू क्षणिक देखिन्छन् र दीर्घकालीन समस्या समाधानमा केन्द्रित देखिँदैनन् । यस्ता प्रचारमुखी कार्यले केही समय चर्चा पाए तापनि नागरिकले अनुभूत गर्ने गरी मूल विषयहरू सम्बोधन भएनन् भने सरकारको स्थायित्वमा प्रश्न उठ्न सक्छ ।

सरकारले जनजीविका, उत्पादन र रोजगारी जस्ता आधारभूत क्षेत्रमा ठोस काम गर्नुको साटो तत्कालको प्रचारबाजीमा बढी जोड दिएको देखिन्छ । १०० बुँदे योजनामा "गर्नेछ" र "मिलाइनेछ" जस्ता अमूर्त शब्दहरू भए पनि स्पष्ट समयसीमा र नतिजाको अभाव छ । यदि सरकारले सस्तो लोकप्रियता मात्र खोजिरह्यो भने सञ्चार माध्यमको साथ नहुँदा यसको उपस्थिति शून्य हुन सक्छ । "अहिले प्रधानमन्त्री कार्यालयसहित दुई-तीनवटा मन्त्रालयहरूले केही गरेजस्तो सार्वजनिक प्रचारमा आएको छ । अरू जनजीविका र सार्वजनिक सेवा अनि विकासका मन्त्रालयहरू तथा मन्त्रीका काम छायामा परेका छन् । कामै नभएको वा ती निकायको प्रचार नपुगेको चासोको विषय छ ।" त्यसैले, सरकारले दीर्घकालीन विकास, आर्थिक सुधार र सेवा प्रवाहमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

यो सरकार झण्डै दुई-तिहाइको बहुमत र पाँच वर्षको स्पष्ट म्यान्डेट पाएर गठन भएको हो । यस्तो सरकारको कार्यशैली दिगो र शालीन हुनुपर्नेमा (बाँकी पृष्ठ ८ मा)

## रास्वपाभित्र नयाँ शक्तिको जन्म

*काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभापति डीपी अर्याललाई सभामुख बनाएको छ । दुई उपसभापतिमध्ये एकजना अर्थमन्त्री बने भने अर्को सभामुख भएका छन् । सभापति रवि लामिछानेका विश्वासपात्रका रूपमा चिनिने अर्याल सभामुखमा गएपछि अब पार्टीको दैनिक सञ्चालन कसले गर्ने भन्ने चासो बढेको छ ।*

*रवि लामिछानेको मुद्दा अझै टुंगो नलागेकाले कतिपय निर्णयमा उनी प्रत्यक्ष संलग्न हुन नसक्ने अवस्था छ । नैतिक र राजनीतिक दुवै कारणले उनको सक्रियतामा सीमितता आउन सक्ने चर्चा पनि छ । यस्तो अवस्थामा अर्याललाई सभामुख बनाउने निर्णयलाई रास्वपाभित्र रणनीतिक रूपमा हेरिएको छ ।*

*अर्याल सभामुख भएपछि कम्तीमा पाँच वर्ष पार्टीको सक्रिय संरचनाबाट बाहिर रहने अवस्था आउँछ । त्यसले भविष्यमा पार्टीभित्र आफ्नो पकड कायम राख्न उनलाई कठिन हुनसक्ने अनुमान रास्वपाभित्रै सुनिन्छ। त्यतिबेलासम्म अर्को नेतृत्व स्थापित भइसकेको हुनसक्ने बुझाइ पनि छ ।*

*लामिछानेको मुद्दा टुंगो नलागेको अवस्थामा उपसभापति स्वर्णिम वाग्ले पार्टीभित्र झन् शक्तिशाली हुने देखिन्छ । यदि लामिछानेको मुद्दाको परिणाम प्रतिकूल आयो* (बाँकी पृष्ठ ८ मा)

## प्रधानमन्त्री बनेपछि बालेन फेसबुकमा मौन ?




काठमाडौं । सामाजिक सञ्जालबाट उचाइ चुमेका बालेन शाह प्रधानमन्त्री बनेपछि भने आफ्नै सबैभन्दा बलियो हतियारबाट टाढिएको देखिएका छन् । २०८२ चैत १३ गते नेपालका ४८औं प्रधानमन्त्री नियुक्त भएपछि उनका आधिकारिक फेसबुकमा एउटा पनि नयाँ स्टाटस आएको छैन । चार मिलियन फलोअर्स भएको पेज ११ दिनदेखि मौन छ । र, यही मौनताले अहिले प्रश्न जन्माएको छ-बालेन बदलिएका हुन्, कि जिम्मेवार बनेका हुन् वा बालेनलाई कुर्सीले बदलिदिएको हो ?

प्रधानमन्त्री बन्नुअघि २०८२ चैत १२ गते उनले "जय महाकाली, आयो गोरखाली" भन्दै आफ्नै स्वरको र्‍याप गीत र चुनावी उत्साह मिसिएको भिडिओ पोस्ट गरेका थिए । उक्त भिडिओ ६.४ मिलियनले हेरे, ५७१ हजारले लाइक गरे । त्यो पोस्ट जनताबीचको बालेन थियो-जोशिलो, खुला, प्रत्यक्ष । तर त्यसपछि फेसबुकमा सन्नाटा छायो । न पद सम्हालेको सन्देश, न प्राथमिकताको घोषणा, न जनतालाई सम्बोधन, न कुनै राजनीतिक संकेत । यहीँनेर प्रश्न झन् गहिरिन्छ । जसले फेसबुकबाट राजनीति बनायो, ऊ प्रधानमन्त्री भएपछि फेसबुकमै किन हरायो ?

बालेन परम्परागत दलका नेता थिएनन् । उनी जनसभाभन्दा स्क्रिनबाट बढी स्थापित भएका पात्र हुन् । उनको शक्ति नै प्रत्यक्ष संवाद थियो । फेसबुक उनको प्रचारको साधन मात्र थिएन, त्यो उनको राजनीतिक पहिचानको मेरुदण्ड थियो । त्यही माध्यममा आएको (बाँकी पृष्ठ ८ मा)

# उपसभामुखको सिटमा शक्ति संघर्ष
## चार वटा विपक्ष दल बाहिर, राप्रपा भित्र ?

काठमाडौं । नयाँ प्रतिनिधि सभाका लागि २०८२ चैत २० गते सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता डोलप्रसाद (डीपी) अर्याल निर्विरोध निर्वाचित भएका छन् । उनले २०८२ चैत २२ गते पद तथा गोपनीयताको शपथसमेत लिइसकेका छन् । अब संविधानको धारा ९१ को उपधारा (१) बमोजिम उपसभामुखको चयन प्रतिनिधि सभाको पहिलो बैठक बसेको १५ दिनभित्र, अर्थात् २०८२ चैत २६ गतेभित्र गरिसक्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

प्रतिनिधि सभाको संरचनात्मक सन्तुलनका लागि उपसभामुख महिला हुनुपर्ने तथा सभामुख र उपसभामुख फरक-फरक दलका हुनुपर्ने व्यवस्था पनि संविधानको धारा ९१ को उपधारा (२) मा स्पष्ट रूपमा उल्लेख गरिएको छ । यही संवैधानिक व्यवस्थाका कारण अब उपसभामुख नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (प्रचण्ड), श्रम संस्कृति दल वा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महिला सांसदहरूमध्येबाट चयन हुनुपर्ने देखिन्छ ।

यद्यपि, राजनीतिक समीकरण र सत्ता-सन्तुलनलाई हेर्दा नेपाली कांग्रेस, एमाले र प्रचण्ड पक्षबाट उपसभामुख चयन हुने सम्भावना न्यून देखिन्छ । कांग्रेस र एमालेलाई राष्ट्रिय स्वतन्त्र पार्टीले कुनै हालतमा यो पद दिन नचाहने बुझाइ सत्ता वृत्तमा रहेको छ । यसको मुख्य कारण उपसभामुख संवैधानिक परिषद्को सदस्य हुने संवेदनशील पद हुनु हो । कांग्रेस प्रमुख विपक्षी दल भएकाले उक्त दलका नेतासमेत संवैधानिक परिषदमा रहने अवस्था छ । (बाँकी पृष्ठ ८ मा)

## पदका लोभी मन्त्री-जर्नेल !



काठमाडौं । मानिस जतिसुकै बुद्धिजीवी, अनुभवी वा उच्च पदमा पुगे पनि पद, प्रभाव र सेवा-सुविधाबाट पूर्ण रूपमा अलग बस्न सजिलो नहुँदो रहेछ भन्ने उदाहरण निवर्तमान परराष्ट्र मन्त्री तथा नेपाली सेनाका पूर्व रथी बालानन्द शर्मा बनेका छन् । मन्त्री हुँदा "म सेवा-सुविधा लिन्नँ" भन्ने प्रकारको सन्देश दिए पनि, व्यवहारमा भने आफू सम्हालिरहेको अर्को जिम्मेवारी त्याग्न नसकेको चर्चा सैनिक वृत्तमा सुनिन थालेको छ ।

सैनिक स्रोतका अनुसार, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (नेशनल डिफेन्स युनिभर्सिटी-एनडीयु) अहिले स्थापना प्रक्रियामा छ र त्यसको प्रमुखमा शर्मा नै रहेका छन् । मन्त्री पदमा रहँदासमेत उनले उक्त (बाँकी पृष्ठ ८ मा)

## बादल रोज्दा नयाँ भुइँचालो !
## महाधिवेशनतिर एमाले ?

काठमाडौं । नेकपा एमालेको आन्तरिक राजनीतिमा पेचिलो मोड देखिन थालेको छ। चुनावी पराजयपछि पार्टीभित्र बढेको उकुसमुकुसलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा रस्साकस्सी सुरु भएको छ । अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेको बेला भएको 'जेन जी' विद्रोहपछि एमालेमाथि चौतर्फी दबाब बढेको थियो । त्यसले पार्टीलाई कमजोर बनाउने अनेक प्रयास भए र त्यसको असर चुनावी परिणाममा समेत परेको चर्चा एमालेभित्रै भइरहेको छ ।

चुनावी नतिजा अपेक्षाभन्दा कमजोर आएपछि अध्यक्ष ओलीको नेतृत्वशैलीमाथि गम्भीर प्रश्न उठ्न (बाँकी पृष्ठ ८ मा)

## सरकारी जग्गा, निजी स्कूल : को हुन् बनिता मित्तल ?
# शहीद स्कूल हड्पेर आलोक विद्याश्रम कसरी बन्यो ?

● साँघु संवाददाता

**काठमाडौं। यो केवल एउटा विद्यालयको कथा होइन, यो राज्यको निरीहता, शहीदको अपमान र पहुँचवालाहरूको निर्लज्ज अतिक्रमणको कथा हो। शहीदहरूको सम्झनामा गौरी राणा जोशीद्वारा सरकारी जग्गामा स्थापना गरिएको शहीद स्मारक आवासीय माध्यमिक विद्यालय, ज्ञानेश्वर आज कसरी, कुन शक्तिको आडमा, कसको मिलेमतोमा, 'आलोक विद्याश्रम' मा परिणत गरियो ? यही प्रश्न अहिले स्थानीय बासिन्दाहरूले उठाएर छानबिनका लागि सरकार गुहारेका छन्।**




शहीदको नाममा स्थापित विद्यालयलाई निजी स्वार्थको थलोमा बदल्ने काम कुनै सामान्य प्रशासनिक गल्ती होइन, यो योजनाबद्ध कब्जा, घुसको प्रभावको दुरुपयोग र सार्वजनिक सम्पत्तिमाथि मारवाडी परिवारको संगठित हस्तक्षेपको संकेत हो । करिब सात रोपनी सरकारी जग्गा रहेको उक्त क्षेत्र आज निजी विद्यालयीय संरचनामा रूपान्तरण गरिएको विषयलाई लिएर स्थानीयहरू आक्रोशित छन् । उनीहरूले विभिन्न निकायमा उजुरी दिँदै यो विषयलाई गम्भीर अनुसन्धानको दायरामा ल्याउन माग गरेका छन् ।

प्रश्न सीधा छ-यदि यो विद्यालय शहीदहरूको स्मृतिमा स्थापना गरिएको सार्वजनिक संस्था थियो भने, त्यो कसरी निजी हातमा पुग्यो ? कसले कागज मिलायो ? कसले आँखा चिम्लियो ? कसले संरक्षण दियो ? र कसको राजनीतिक-प्रशासनिक छायाँमा यो सबै सम्भव भयो ?

स्थानीय स्रोतहरूका अनुसार, यो प्रक्रियामा बनिता मित्तल अग्रवाल, विजय अग्रवाल, अंकिता अग्रवाल, असिमराज जोशी, समिषा जोशी र मनिषा जोशी लगायतको नाम जोडेर उजुरी परेको छ । उजुरीकर्ताहरूको दाबी छ-शहीदको नाममा रहेको संस्थालाई बिस्तारै निजी नियन्त्रणमा लैजाने र अन्ततः निजी विद्यालयमा रूपान्तरण गर्ने खेल एकै दिनमा भएको होइन, यो लामो समयदेखि सेटिङ, पहुँच र संरक्षणको भरमा चलाइएको "कब्जा अभियान" भएको दावी स्थानीय जनताको रहेको छ ।

सबैभन्दा डरलाग्दो प्रश्न के हो भने-शहीदको नाम पनि अब सुरक्षित रहेन ? जुन भूमिमा सार्वजनिक शिक्षा, सामाजिक उत्तरदायित्व र ऐतिहासिक सम्मानको ध्वजा फहरिनुपर्ने हो, त्यही भूमिमा निजी स्वार्थको झण्डा गाडियो भने त्यसलाई के भन्ने ? यो त केवल जग्गा कब्जा होइन, यो त शहीदको सम्झनामाथि गरिएको खुला राजनीतिक-आर्थिक डकैती हो ।

नेपालमा सार्वजनिक जग्गा, गुठी, विद्यालय, धर्मशाला, चौतारा, पोखरी, खुला मैदान-सबैमा पहुँचवालाको आँखा परिरहेको बेला ज्ञानेश्वरको शहीद स्मारक विद्यालय प्रकरणले फेरि प्रमाणित गरेको छ कि राज्य कमजोर भए सार्वजनिक सम्पत्ति सबैभन्दा पहिले दलाल, धनाढ्य र पहुँचवालाको घेरामा पर्छ । कानून सामान्य नागरिकका लागि मात्र हुने, तर सार्वजनिक सम्पत्तिमाथि हात हाल्नेहरूका लागि 'मिलाउने' र 'टुंग्याउने' बाटो खुला रहने रोग यही हो ।

यदि स्थानीयहरूले दिएको उजुरी सत्य हो भने, यो प्रकरणमा केवल केही व्यक्तिको नाम लिएर कुरा टुंगिँदैन । यसमा जिल्ला शिक्षा प्रशासन काठमाडौं, महानगर, जिल्ला प्रशासन, शिक्षा मन्त्रालय र राजनीतिक संरक्षण सञ्जाल-सबैको भूमिका खोजिनुपर्छ । किनकि सात रोपनी सरकारी जग्गामा रहेको शहीद स्मारक विद्यालय (बाँकी पृष्ठ ८ मा)

# बालेनको पहिलो घण्टीले सबैको सातो लियो
## सिंहदरबारको प्रवृत्तिमा अचानक रुपान्तरण

काठमाडौं । लोकतन्त्र र गणतन्त्रको सबैभन्दा बढी स्वाद कसले चाख्यो भन्ने प्रश्न उठ्यो भने उत्तर सीधा सिंहदरबारतिर जान्छ । व्यवस्था बदलियो, सरकार फेरिए, संविधान बन्यो, चुनाव भए, नयाँ-पुराना दल सत्तामा आए-गए, तर सिंहदरबारको एउटा पुरानो रोग भने कहिल्यै निको भएन-ढिलासुस्ती । बिहानैदेखि लाइन बसेका सेवाग्राहीहरू झ्याल बाहिर कुर्थे, तर कतिपय कर्मचारीहरू भने साढे १० र ११ बजेतिर मात्र हल्लिंदै मन्त्रालय र विभागतिर छिर्थे । काम तुरुन्तै गर्नुपर्ने भए पनि फाइल दराजमा थन्किन्थ्यो, निर्णय गर्नुपर्ने कुरा 'प्रक्रियामा छ' भन्दै अड्काइन्थ्यो, र सेवाग्राहीलाई अन्त्यमा सुनाइने एउटै वाक्य हुन्थ्यो-"आज होइन, भोलि आउनुस् ।"

**पुरानै रोग**

यही संस्कारलाई लिएर सिंहदरबार वर्षौंदेखि बदनाम थियो । जनताले कर्मचारीतन्त्रलाई सेवा दिने संयन्त्रभन्दा पनि दुःख दिने यन्त्रका रूपमा बुझ्न थालेका थिए । कार्यालय छिर्नासाथ काम कसरी छिटो हुन्छ भन्नेभन्दा पनि कति दिन धाउनुपर्ला, कसलाई चिन्नुपर्ला, कति घुस रकम खर्च गर्नुपर्ला भन्ने चिन्ता गर्नुपर्ने अवस्था थियो । (बाँकी पृष्ठ ८ मा)

# केएमजीमा नयाँ डिलको गन्ध !
## महानगरको मेयरको उम्मेदवारमा श्रृङ्खला ?

काठमाडौं । कान्तिपुर मिडिया ग्रुपभित्रको फेरबदललाई लिएर अहिले मिडिया वृत्तमा नयाँ चर्चा तातेको छ । सम्भव स्वार सिरोहिया, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहसँग सहकार्यको बाटो खोल्ने गरी गम्भीर गृहकार्य भइरहेको हल्ला कान्तिपुरनगरीमा बाक्लिंदै गएको छ ।

यही चर्चासँगै अर्को प्रश्न पनि उठेको छ-प्रधान सम्पादक उमेश चौहानको बहिर्गमन केवल आन्तरिक व्यवस्थापन थियो, कि नयाँ राजनीतिक 'सेटिङ' का लागि वातावरण सफा पार्ने कदम ? पत्रकार वृत्तमा यस्तै अड्कलबाजी सुनिन थालेको छ । केही स्रोतहरूका अनुसार, कान्तिपुर(केएमजी) र रवि लामिछानेबीच सम्बन्ध चर्किएको समयमा पनि संवादको प्रयास



सम्भव स्वार सिरोहिया र श्रृङ्खला खतिवडा

भएको थियो, तर त्यसका लागि 'वातावरण' चाहिने सन्देश दिइएको चर्चा छ ।

रास्वपाले दुई तिहाइ बहुमत पाएपछि पुराना शक्ति केन्द्रहरूमा छटपटी बढेको र कान्तिपुर समूह पनि नयाँ सत्तासँग दूरी घटाउने हिसाबमा लागेको बजार चर्चा (बाँकी पृष्ठ ८ मा)

## अब भत्केला त दीपक भट्टको साम्राज्य ?
## विचौलियाको जालो र पहुँच कहाँसम्म ?



काठमाडौं । २०८२ चैत १९ गते दीपक भट्ट पक्राउ परेपछि उनको प्रभाव, पहुँच र साम्राज्य कति फैलिएको थियो भन्ने विषय व्यापक चासोको केन्द्र बनेको छ । धेरैका लागि भट्ट शक्तिशाली विचौलियाका रूपमा चिनिन्थे, तर उनी सार्वजनिक मञ्चहरूमा भने खासै देखिँदैनथे । नेताहरूको चुलाचौकासम्म व्यक्तिगत पहुँच बनाउने भट्ट सार्वजनिक कार्यक्रममा भने कमै उपस्थित हुन्थे । बरु, उनका दाजु सुशील भट्ट भने सार्वजनिक कार्यक्रममा जाने मात्र होइन, नियुक्तिसमेत पाउने व्यक्तिका रूपमा चिनिन्थे ।

सुशील भट्ट योजना आयोगका सदस्यदेखि लगानी बोर्डका सीईओसम्म बनेका थिए । सुशीललाई नियुक्ति दिलाउन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र आरजु राणालाई प्रभाव पार्ने गरेको बताइन्छ । विवादका बीच पनि सुशील लगानी बोर्डको सीईओको नियुक्ति दिलाइएको थियो ।

यस विवादमा पनि दीपक भट्टको नाम जोडिएको थियो । भाइको प्रभावमा दाजुले अवसर पाएको आरोप लाग्ने गरेको थियो । आफ्ना दाजु मात्र होइन, आफू निकट र श्रीमतीका साथीका पतिहरुलाई राजनीतिक नियुक्ति दिलाउने भूमिकामा पनि दीपक भट्ट सक्रिय रहेको चर्चा छ । नेप्सेको सीईओ, धितोपत्र बोर्डको अध्यक्षमा सन्तोषनारायण श्रेष्ठलाई नियुक्त गराउन तत्कालीन अर्थमन्त्री विष्णु पौडेलसम्मलाई प्रभावमा पारेर बीमा प्राधिकरणमा शरद ओझालाई अवसर दिलाउने भूमिकामा पनि उनी नै सक्रिय रहेको अर्थ स्रोतको दावी छ । नेप्सेको सीईओ नियुक्तिमा पनि उनले प्रयास गरेका थिए ।

भट्टको प्रभाव लघु बीमालगायत विभिन्न कम्पनीहरूको अनुमति प्रक्रियासम्म फैलिएको बताइन्छ । निजी क्षेत्रको नेप्से कम्पनीको अनुमति लिने विषय लामो समयदेखि विवादमा रहेको छ । हिमालयन पुनर्बीमा कम्पनी खोल्ने विषयमा पनि दीपक भट्ट र भवानी (बाँकी पृष्ठ ८ मा)

### गगन थापा घेराबन्दीमा
## संसदीय दलमा कांग्रेसी गाँठो

काठमाडौं । नेपाली कांग्रेसले अझै संसदीय दलको नेता चयन गर्न सकेको छैन । संसदको पहिलो बैठकमा समेत दलको नेता चयन हुन नसक्दा प्रतिनिधिलाई बोल्न पठाउनुपरेको अवस्था बन्यो । कांग्रेसबाहेक अन्य सबै दलले आफ्ना संसदीय दलका नेता टुंग्याइसकेका छन् ।

विगतमा शेरबहादुर देउवाको नेतृत्वका कारण यस्ता निर्णय ढिला हुने भन्दै आलोचना गर्ने गगन थापा अहिले स्वयं दलको नेता चयन गर्न नसकेको आरोपको घेरामा परेका छन् । चुनावी पराजयपछि उनी बाहिर धेरै बोल्न सकेका छैनन् । पार्टीलाई सहज रूपमा चलाउनेभन्दा पुरानै शैलीतर्फ फर्किएको आरोप पनि उनीमाथि लाग्न थालेको छ ।

कांग्रेसमा पुरानै रोग भए पनि संसदीय दलको नेता चयनमा यति धेरै ढिलाइ भने कमै हुने गरेको थियो । प्रायः दलको नेता चाँडै चयन हुन्थ्यो, पछि उपनेता, प्रमुख सचेतक र सचेतक चयनमा विवाद देखिन्थ्यो । यसपटक भने प्रारम्भिक चरणमै कांग्रेस अल्झिएको छ ।

थापाले आफ्ना ससुरा अर्जुननरसिंह केसीलाई संसदीय दलको नेता बनाउन चाहेको चर्चा छ । संवैधानिक परिषदमा सदस्य हुने भएकाले पनि उनी आफू (बाँकी पृष्ठ ८ मा)

# 'चन्द्र घण्टी'को सम्झना : सिंहदरबार सुध्रेला ?
## जाँगर कि दबाब ? निजामती बदलिंदो कार्यसंस्कृति

**नवगठित सरकारले आफ्नो सक्रियता देखाउने सिलसिलामा सिंहदरबारमा निकै चहलपहल सुरु भएको छ । खासगरी १० बजे कार्यालय खुल्ने र ५ बजे बन्द हुने समयतालिका रहे तापनि नयाँ सरकार बनेपछि मन्त्री र कर्मचारीहरू साढे ९ बजेदेखि नै हतारहतार गर्दै सिंहदरबारभित्रका कार्यालय पुग्ने र बेलुका अबेरसम्म बस्ने देखिन थालेका छन् । यो राम्रो सुरुवात हो । हप्तामा पाँच दिन सोमबारदेखि शुक्रबार ९-५ बजे कार्यालय समय हुने सरकारको निर्णय सार्वजनिक भएको छ ।**

यस्ता सक्रियता हरेक सरकार बनेको केही समयसम्म रहन्छन्, तर तिनलाई निरन्तरता दिन सक्नुपर्दछ र त्यो व्यावहारिक पनि हुनुपर्दछ ।

सिंहदरबारको कर्मचारी अनुशासनलाई थितिमा राख्ने प्रयास नेपालका पहिलो मुख्य सचिव तथा पहिलो महालेखा परीक्षक चन्द्रबहादुर थापाले गर्नुभएको थियो । सुशासन र अनुशासनका हिमायती थापाले कर्मचारीहरू समयमै उपस्थित होऊन् र कार्यसम्पादनमा ढिलासुस्ती नहोस् भन्ने उद्देश्यले 'चन्द्र घण्टी' पद्धति बसाल्नुभएको थियो ।

कार्यालय समय सुरु हुनासाथ बज्ने त्यो घण्टीले कर्मचारीहरूलाई आ-आफ्नो कार्यकक्षमा पुगेर काम सुरु गर्ने सङ्केत गर्दथ्यो । यो केवल घण्टी मात्र नभई प्रशासनमा समयपालन र नियमितता भन्ने मान्यता स्थापित गर्ने प्रभावकारी औजार थियो ।

### यो बेला
**टंकमणि शर्मा दंगाल**



**थापा आफैँ घण्टी बज्नुअघि नै कार्यालय पुग्ने र ढिलो आउनेसँग तत्काल स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने प्रचलनले ढिलासुस्तीलाई निरुत्साहित गरेको थियो । आज पनि 'चन्द्र घण्टी'लाई सिंहदरबारभित्र अनुशासन कायम गर्ने एउटा प्रतीकका रूपमा स्मरण गरिन्छ ।**

थापा आफैँ घण्टी बज्नुअघि नै कार्यालय पुग्ने र ढिलो आउनेसँग तत्काल स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने प्रचलनले ढिलासुस्तीलाई निरुत्साहित गरेको थियो । आज पनि 'चन्द्र घण्टी'लाई सिंहदरबारभित्र अनुशासन कायम गर्ने एउटा प्रतीकका रूपमा स्मरण गरिन्छ ।

यो पंक्तिकार सामान्य प्रशासन मन्त्रालयको सचिवको जिम्मेवारी सम्हाल्दाको प्रसङ्ग हो । एकपटक हिउँदको समयमा, कार्यालय समय सकिन १५ मिनेट बाँकी छँदै कर्मचारीहरू सिंहदरबारका 'स्टाफ बस' चढेर हिँडिसकेको सूचना पाएँ ।

तत्कालै सबै गेटमा खबर गरी ४ बजेपछि मात्र बस बाहिर जान दिने व्यवस्था मिलाइयो । अर्को दिनदेखि नै १० बजेअगावै कर्मचारी आइपुग्ने र ४ बजेपछि मात्र बस छुट्ने नियम कडाइका साथ लागू भयो ।

अर्को प्रसङ्गमा, सिंहदरबारका कर्मचारीले पोशाक भत्ता लिने तर, तोकिएको पोशाक नलगाउने गुनासो प्राप्त भयो । (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### असली सेवा

एकजना स्वामी आफ्नो आश्रममा भक्तजनहरूलाई धर्मोपदेश दिइरहेका थिए । जव उपदेश समाप्त भयो तब एक धनी व्यक्तिले केही धन र न्यानो ओढ्ने (शाल) स्वामीजीको चरणमा भेट गरे । स्वामीजीले तुरुन्त सरसफाइ गर्ने व्यक्तिलाई बोलाउँदै भन्नुभयो–तिम्रो छोरीको विवाह भएको हुँदै हैन । साहुजीले केही धन र शाल ल्याउनुभएको छ । यो लैजाऊ र साहुजीलाई पनि विवाहमा सामेल गराऊ । सफाइकर्मी माझीले धन र शाल उठाए, अनि साहुजी र स्वामीलाई मनमनै धन्यवाद दिन थाले । तब स्वामीले साहुजीलाई भने– शाल र धन उसैलाई दिनु वास्तवमा जसलाई त्यो जरुरी पनि छ । तव मात्र यस्तो दान सार्थक हुन्छ । जव यी व्यक्तिले आफ्नो छोरीको विवाहमा अति खुसी भएर धनको उपयोग गर्नेछन् र शाल दुलहीले ओड्नेछिन्, तब मात्र तपाईंलाई पुण्य प्राप्त हुनेछ । दान, सेवा जे गर्नुछ, त्यो नसक्नेलाई गर्नु जुन कुरा जसलाई आवश्यक छ । त्यो नै असली सेवा हो ।

आफ्नो आम्दानीभन्दा बढी खर्च गरेमा कुवेर पनि कंगाल बन्छ । -कौटिल्य

## सम्पादकीय

### संसद अधिवेशन र संक्रमणकाल
### जनताको मुद्दा छायाँमा नपरोस् ?

*चैत १९, २०८२ देखि संघीय संसदको चालू अधिवेशन सुरु भएको छ । नयाँ प्रतिनिधिसभाको अधिवेशनको पहिलो दिन सामान्यतः आशा, ऊर्जा र नीतिगत स्पष्टताको संकेत दिने अवसर मानिन्छ । तर यसपटकको प्रारम्भले अपेक्षा अनुसारको गहिराइ र दिशाबोध दिन सकेन । औपचारिक शुभकामना र परिचय आदानप्रदानमै सीमित रहने भनिएको बैठक प्रारम्भ हुनुअघि नै देखिएको अवरोधको संकेतले संसद्को राजनीतिक तापक्रम असन्तुलित हुने आंकलन गर्न सकिन्छ ।*

*संसद् लोकतन्त्रको मेरुदण्ड हो । यहाँ हुने छलफल र उठ्ने विषयहरूले देशको ऐन, नियम नीति, प्राथमिकता र भविष्य निर्धारण गर्छन् । तर अधिवेशनको पहिलो दिन नै मूलतः एकै विषयमा केन्द्रित हुनु र त्यसलाई लिएर आरोप-प्रत्यारोपको श्रृंखला चल्नुले सदनको प्राथमिकता के हो भन्ने प्रश्न उठाएको छ । इरान-अमेरिका युद्धले गर्दा अहिले नेपाल संक्रमणकालको अवस्थाबाट गुज्रिरहेको छ । राज्य सञ्चालनसँग सम्बन्धित व्यापक एजेण्डा-अर्थतन्त्र, सुशासन, सेवा प्रवाह, रोजगारी, शिक्षा, स्वास्थ्य-यी सबै विषय ओझेलमा परेझैँ देखिनु चिन्ताको विषय हो ।*

*शक्तिशाली नयाँ सरकारसँग जनताको अपेक्षा अत्यन्त उच्च हुन्छ । परिवर्तनको वाचा, सुशासनको प्रतिबद्धता र नयाँ राजनीतिक संस्कारको उद्घोषसँगै जनताले परिणाम खोजिरहेका हुन्छन् । तर संसद्को रोस्टमबाटै विगतका नियुक्तिहरूलाई 'मार्गप्रशस्त' गर्न आव्हान गरिनु नयाँ राजनीतिक अभ्यासको रूपमा देखा परेको छ । यसले राज्य सञ्चालनमा विधि, प्रक्रिया र संस्थागत स्थायित्वप्रति कति संवेदनशीलता छ भन्ने प्रश्न उठाउँछ । लोकतन्त्रमा परिवर्तन आवश्यक हुन्छ, तर त्यो संस्थागत विधि र कानूनी प्रक्रियाभित्रै रहनु पर्छ । अन्यथा, प्रत्येक परिवर्तनसँगै राज्य संयन्त्र अस्थिर हुने खतरा रहन्छ ।*

*अधिवेशनको पहिलो दिन विभिन्न धारका अभिव्यक्तिहरू पनि सुनिए । कतिपयले संयमित र राजनीतिक परिपक्वता झल्काउने शैली अपनाए भने कतिपय अभिव्यक्तिमा तीखोपन, आरोप र वैचारिक ध्रुवीकरण प्रष्ट देखियो । केही धारणा इतिहासको स्मरण र चेतावनीमा केन्द्रित थिए भने केही अस्पष्ट र बीचको बाटो समाउने प्रयासजस्ता लागे । यसले प्रतिनिधिसभामा स्पष्ट राजनीतिक दिशा र साझा दृष्टिकोणको अभाव झल्काउँछ ।*

*यस्तो अवस्थामा संसद्-प्रतिनिधिसभाले निर्वाह गर्नुपर्ने मुख्य भूमिका भनेको-रचनात्मक बहस, ऐन, नीति निर्माण र सरकारलाई उत्तरदायी बनाउने हो । तर, जब सदन प्रतिशोध, आरोप र शक्ति प्रदर्शनको अखडामा सीमित हुन्छ, तब लोकतन्त्रको मूल मर्म नै कमजोर हुन जान्छ । संसद् केवल राजनीतिक प्रतिस्पर्धाको थलो होइन, यो जनविश्वासको केन्द्र पनि हो । यहाँको प्रत्येक शब्द र निर्णयले नागरिकको मनोविज्ञानमा प्रत्यक्ष असर पार्छ ।*

*जनताले संसद्बाट के अपेक्षा गरेका छन् ? उनीहरू स्थिरता, सुशासन र परिणाममुखी काम चाहन्छन् । दिनपरदिन बढ्दो महँगी नियन्त्रण, रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, शिक्षा र स्वास्थ्यमा सुधार-यी जनताको प्राथमिकता हुन् । तर संसद्को पहिलो दिनमै यस्ता विषयहरू ओझेलमा पर्नु र सत्ता-विपक्षको टकराव नै मुख्य एजेण्डा बन्नु जनअपेक्षासँग मेल खाँदैन ।*

*यसले एउटा गम्भीर संकेत दिन्छ-नयाँ सरकार र सदनबीच सहकार्यको वातावरण निर्माण हुने कुरामा आशंका जन्माउछ । यदि संसदमा अल्झने प्रवृत्ति कायम रह्यो भने आगामी दिनहरूमा विधेयक पारित गर्ने, नीति अघि बढाउने र जनमुखी कार्यक्रम कार्यान्वयन गर्ने काममा अवरोध पुग्न सक्छ ।*

*अतः, अहिलेको आवश्यकता स्पष्ट छ-संसद्ले आफ्नो प्राथमिकता पुनःनिर्धारण गर्नुपर्छ । व्यक्तिगत वा दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्छ । विधि, प्रक्रिया र संस्थागत मर्यादालाई सम्मान गर्दै रचनात्मक बहसको संस्कार विकास गर्नुपर्छ । नयाँ अभ्यासको नाममा अराजकता होइन, सुधारको नाममा स्थायित्व चाहिन्छ ।*

*संसद्को अधिवेशन प्रारम्भ मात्र हो-यो अन्तिम चित्र होइन । तर प्रारम्भले नै दिशा देखाउँछ । यदि यही प्रारम्भ असन्तुलित र द्वन्द्वमुखी देखियो भने त्यसको प्रभाव दीर्घकालसम्म पर्न सक्छ । त्यसैले अबका दिनमा सदनले आफ्नो भूमिकालाई गम्भीरतापूर्वक आत्मसात् गर्दै जनअपेक्षाको केन्द्रमा फर्किनु अपरिहार्य छ ।*

*अन्ततः, लोकतन्त्रको सौन्दर्य बहसमा हुन्छ, तर त्यसको सार परिणाममा हुन्छ । संसद्ले बहसलाई परिणाममा रूपान्तरण गर्न सके मात्र जनताको विश्वास कायम रहनेछ ।*

# संविधान 'खोरन्डो' बन्ने खतरा !

**संविधान शासन सञ्चालन गर्ने मुलुकको मार्गदर्शक दस्तावेज हो (के.सी.ह्वाइरे, मोडर्न कन्सिट्युसन्स, अक्सफोर्ड युनिभर्सिटी प्रेस, लण्डन, १९५८, पृ.९३) । भारतीय नेता पण्डित नेहरुले संविधानलाई 'नागरिकको विश्वास र अपेक्षाको दस्तावेज' भन्नुभयो । निर्वाचित संविधान सभाद्वारा निर्माण भएको संविधानलाई प्रधानमन्त्री बालेनको सरकारले 'खोरन्डो' बनाउने देखियो । अभिव्यक्ति र व्यवहार हेर्ने हो भने गणतान्त्रिक निर्वाचनमार्फत 'रास्वपाको एकदलीय पञ्चायती व्यवस्था फर्काइएको' प्रतीत हुन्छ ।**

## समय र विचार



डा. प्रेमराज सिलवाल, अधिवक्ता

**नेपालमा रास्वपाको दुई तिहाइ नजिक आएपछि उन्माद देखिन्छ । आफूहरूले संविधान र कानूनमा जस्तोसुकै संशोधन गर्न सक्ने घमन्ड र केटाकेटीपन देखिएको छ । जसले संविधानको अक्षर, मर्म र भावनालाई खोरन्डो पार्ने खतरा देखियो ।**

**घटना र सोच**

संविधान संशोधन गर्न भन्दै प्रधानमन्त्रीको सल्लाहकारको संयोजकत्वमा समिति गठन गरियो भन्ने समाचार बाहिरियो । विश्वविद्यालयका विद्यार्थी संगठन, ट्रेड युनियन र कर्मचारी संगठन खारेजी गर्ने भनिएको छ । एउटा अनलाइन समाचारका अनुसार, 'सरकारको विरोधमा सडकमा आउनेलाई प्रहरीले पक्राउ गऱ्यो भने उक्त व्यक्तिलाई क्रिमिनल जस्तै पुलिस रेकर्डमा राखिनेछ ।' संसदमा बोल्दा र सरकारको विरोध गर्दा प्रमाण दिनुपर्ने भनिएको छ । संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक हक, नागरिक अधिकार, नागरिक तथा राजनीतिक अधिकार तथा नेपालको संविधानप्रदत्त राजनीतिक स्वतन्त्रता समेतलाई संकुचित गर्ने गरी सरकारी आदेश, उर्दी र दमन हुने भनिएका छन् । यस्ता कार्य र सोचले संविधानलाई खोरन्डो पार्ने देखिन्छ ।

**यस्तो खोरन्डो !**

गाउँघरमा गोठालो जाँदा बाख्राको बथानलाई तह लगाउन, गोठालाले आरामसँग बस्न, घाम वा सितल ताप्न वा पोखरीमा पौडी खेल्न वा युवा/युवती मायाप्रेमका कुरा गर्न पऱ्यो भने बाख्रालाई खोरन्डो बनाउने गर्दछ । बाख्रामध्येको एक माउ बाख्रीलाई अगाडिको खुट्टा भाँचेर डोरीले बाँधिदिएपछि बाख्रो खच्याङ्खच्याङ् गरेर तीन खुट्टाको सहारामा हिड्न बाध्य हुन्छ । खान, चर्न र हिडन त सक्छ तर खच्याङ्खच्याङ् गर्ने भएपछि दौडिन, भाग्न वा सीमा तोडेर टाढा पुग्न सक्दैन । माउलाई नै खोरन्डो पारेपछि उसका पाठापाठी सबै उसैको वरिपरि रहन्छन् । हो यस्तो खोरन्डो हालतमा नेपालको संविधान, लोकतन्त्र र लोकतान्त्रिक प्रणालीलाई बनाउने खतरा बालेन सरकारबाट प्रष्टै देखियो । यस्तो सोच, व्यवहार र कार्यले नेपालको संवैधानिक सर्वोच्चता, विधिको शासन र बहुदलीय प्रजातन्त्र नाम मात्रको हुने पक्का छ । यसलाई बचाउन लोकतन्त्रवादी दल र सचेत नागरिक सडकमा निस्केर विभिन्न प्रकारले प्रतिरोधमा उत्रनै पर्ने अवस्था बन्यो । संविधान र लोकतन्त्र सकियो भने राजनीतिक दल मात्र रहने कुराको कुनै अर्थ हुँदैन । संविधानको काला अक्षर र कागजमा मात्र संवैधानिक अधिकार सीमित हुने कुरा 'पञ्चायती प्रजातन्त्र' नै हो ।

**संशोधनमा केटाकेटीपन !**

संविधान संशोधन गर्न भन्दै बालेनले एकतर्फी बनाएको संयोजकको कुनै अर्थ छैन । संविधान संशोधनको कार्यक्षेत्र र अधिकार सरकार होइन । संसद र संसदमा भएका राजनीतिक दलहरू हुन् । संविधान नागरिकको अधिकारको विषय हो । सरकारले आफ्नो स्वादमा संविधानको संशोधन गर्ने कुरा लोकतन्त्रमा हुँदैन । रास्वपाको सभापतिको संयोजकत्वमा समिति निर्माण गरेको भए हुन्थ्यो । बालेनलाई पार्टीको 'बाल' नभएको देखियो । 'संविधान निर्माण गर्ने शक्ति'लाई 'संविधान संशोधन गर्ने शक्ति'ले बदल्न सक्दैन । भारतमा संविधान संशोधनसम्बन्धी प्रावधान तुलनात्मक रूपमा सहज भएकाले १९४७ देखि हालसम्म १०६ पटकभन्दा बढी संविधान संशोधन भएका छन् । अमेरिकी संविधान चाहिँ संशोधनमा रिजिट (कडा) भएकाले सन् १७८९ देखि हालसम्म जम्मा २७ पटक मात्र संशोधन हुन सकेका हुन् । अमेरिकी संविधानको धारा ५ मा संविधान संशोधनको सीमा उल्लेख छ । जसमा संविधान संशोधन गर्न हाउस अफ रिप्रिजेन्टेटिभ र सिनेट दुवै संसदको दुई तिहाइको प्रस्तावमा कूल ५० राज्यको तीन चौथाइ समर्थन हुनुपर्ने उल्लेख छ । शतप्रतिशतको समर्थन भए पनि संविधान संशोधन गरेर उक्त धारा र प्रबन्ध डिलिट (हटाउन) नसकिने कडा प्रावधान देखिन्छ । संविधानमा सानोतिनो परिवर्तन गर्ने कुरा (जस्तो 'र' को ठाउँमा 'वा' थप्ने वा झिक्ने कुरा) समेतले संविधानको संशोधन हुन पुग्दछ । संविधानको आधारभूत संरचना र चरित्र नै नष्ट हुने गरी संविधानको संशोधन गर्न सकिँदैन ।

आधारभूत संरचना के के हुन् भन्ने सन्दर्भमा आ-आफ्नो मुलुकको संविधानको प्रबन्ध, चरित्र, क्रान्ति र व्यवस्थालाई ख्याल गर्नुपर्ने हुन्छ । जस्तो नेपालको संविधानको आधारभूत संरचनामा जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्र, संवैधानिक सर्वोच्चता, लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता, स्वतन्त्र न्यायालय, मानव अधिकार, मौलिक हक र विधिको शासन आदि हुन् । भारतीय संविधानमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, नागरिक सर्वोच्चता, मौलिक हक आदि छन् । अमेरिकी संविधानका आधारभूत विषय जीवन, स्वतन्त्रता, सम्पत्तिको सुरक्षा, संविधानवाद, पूर्ण संघीयता आदि हुन् । संविधान संशोधनका सीमा उल्लंघन गर्न नहुने कुरा भारतीय सर्वोच्च अदालतले विभिन्न फैसलामा बोल्दै आएको देखिन्छ । भारतीय सर्वोच्च अदालतले केशवानन्द भारती वि. स्टेट अफ केरला (ए.आइ. आर. १९७३) मा संविधानमा आधारभूत संरचना हुने र त्यसलाई संसदको बलमा परिवर्तन गर्न नमिल्ने फैसला गऱ्यो । अर्थात संसदले आवश्यक बहुमतको बलमा संविधानका मौलिक चरित्र, मौलिक हक र संविधानको आधार भूत चरित्र खोस्न सक्दैन भन्ने प्रस्ट हुन्छ । नेपालमा रास्वपाको दुई तिहाइ नजिक आएपछि उन्माद देखिन्छ । आफूहरूले संविधान र कानूनमा जस्तोसुकै संशोधन गर्न सक्ने घमन्ड र केटाकेटीपन देखिएको छ । जसले संविधानको अक्षर, मर्म र भावनालाई खोरन्डो पार्ने खतरा देखियो ।

**निर्वाचित तानाशाह बन्ने !**

सरकार सीमित हुनुपर्दछ भन्ने मान्यता लोकतन्त्रमा मानिन्छ । तथापि बालेन सरकारका कार्यशैली हेर्दा 'सर्वत्र सरकार' हुने र तानाशाही, गैरकानूनी र निरंकुश शासन चलाउने देखियो । दार्शनिक थोमस पाइने (१७३७-१८०९) ले सरकारलाई नेसेसरी इभिल (अत्यावश्यक सत्रु) भन्दै 'मानिसको आधारभूत सुरक्षा, सम्पत्ति र स्वतन्त्रताको संरक्षण गर्न सरकार सीमित हुनुपर्ने' उल्लेख गरे । ए.भी. डायसी (१८३५-१९२२) ले विधिको शासनको अनिवार्यतामा जोड दिए । मन्टेस्क्यु (१६८९-१७५५) को 'द स्पिरिट अफ ल' (१७४८) मा राज्यमा शक्तिको पृथकीकरण अनिवार्य भएको कुरामा जोड दिँदै संविधानको आधाभूत सीमा प्रष्ट गरिएको छ । राज्य निरंकुश हुन हुँदैन र नागरिक अधिकारको सम्मान हुनुपर्ने भनेर विभिन्न दार्शनिकले बोलेका छन् । ज्यान ज्याक रुसो (१७१२-१७७८) ले 'सबै मानिस स्वतन्त्र र समान अधिकार सहित जन्मेका हुन्छन्' भन्ने विचार दिए । भारतीय संविधानविद फाली नरेमानले 'संविधानभन्दा माथि कुनै पनि व्यक्ति र संस्था हुँदैनन्' भन्नुभयो । उहाँले 'संविधानको आधाभूत संरचना संविधानको जग हो' भन्दै 'जसलाई कुनै पनि बहानामा भत्काउन हुँदैन' भनेर संविधान संशोधनको सीमा प्रस्ट गर्नुभएको छ ।

लोकतान्त्रिक विश्वको अध्ययन र विश्लेषण गर्ने हो भने संवैधानिक सर्वोच्चता लोकसत्ताको अनिवार्य विषय हो भन्ने प्रष्ट हुन्छ । संसदमा एउटै दलको प्रभुत्व हुँदा नागरिक र संवैधानिक सर्वोच्चताविरूद्ध संविधान तथा कानुन परिवर्तन भएका उदाहरणबाट संविधान संशोधनका सीमा हुन्छन् भन्नेतर्फ गम्भीर हुन आवश्यक छ । बालेन सरकारलाई शासन सत्ता सञ्चालन गर्ने बहुमत हो । संविधानको जथाभावी संशोधन गर्ने र संवैधानिक सीमा मिचेर आफूखुसी राजनीतिक र नागरिक अधिकार सीमित गर्दै संविधानलाई खोरन्डो पार्ने अधिकार छैन । तथापि सरकारी सोच, कार्यशैली र व्यवाहार हेर्दा चाहिँ उहाँहरू आफूलाई अधिकार नै नभएको क्षेत्रमा प्रवेश गरी संविधान र लोकतन्त्रलाई बाख्रीलाई खुट्टा बाधेजसरी खोरन्डो बनाउने बाटोमा नै गएको प्रतीत हुन्छ । जुन खतरनाक छ । यसका विरूद्ध सचेत नागरिकले सबै स्तरबाट खबरदारी गर्नु आवश्यक छ ।

# कर्मचारी : विश्वका रोचक र घोचक भनाइहरू
# जहाँ कागजको चाङ अग्लो, त्यहाँ बुद्धिको स्तर होचा !

***(नेपालमा २०८२ चैत १३ गते शुक्रबारबाट नेपालमा अत्याधिक बहुमत प्राप्त दल रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको अवस्था छ । नयाँ सरकार गठन पश्चात नेपालीको उद्वेलित भएको अवस्था छ । नयाँ सन्दर्भमा निजामती क्षेत्र कुन र कस्तो मानसिकताले अघि बढ्ला ? सर्वत्र जिज्ञासा पनि उत्पन्न भएको छ । यसै सिलसिलामा साँघुले विश्वका कर्मचारीतन्त्रका भनाइ र गराइ सम्बन्धी रोचक र घोचक सामग्री पस्केका छौं–संपादक)***

## कर्मचारीतन्त्र: रोचक र घोचक

- डा. प्रवीण सूर्य (प्रशासनविद्)

१. **"कर्मचारीतन्त्र भनेको यस्तो संयन्त्र हो, जसले गल्ती नगर्ने एउटै मात्र उपाय जान्दछः केही पनि नगर्ने ।''**

**मर्मः** यो भनाइले कर्मचारीतन्त्रमा व्याप्त 'जोखिम नमोल्ने' प्रवृत्तिको चित्रण गर्दछ । कर्मचारीहरू कारबाहीबाट बच्नका लागि नयाँ काम गर्नुभन्दा कामलाई पन्छाउन वा अल्झाउन रुचाउँछन् ।

२. **"कर्मचारीतन्त्रले हरेक समाधानका लागि एउटा समस्या फेला पार्छ ।''**

**मर्मः** साधारणतया समस्या सुल्झाउन संयन्त्र बनाइन्छ, तर कर्मचारीतन्त्रमा एउटा सानो काम सुल्झाउन पनि नयाँ नियम, नयाँ फारम वा नयाँ अवरोध खडा गरिन्छ ।

३. **"जहाँ कागजको चाङ अग्लो हुन्छ, त्यहाँ बुद्धिको स्तर होचो हुन्छ ।''**

**मर्मः** यो भनाइले 'लालफिताशाही' (Red Tape) लाई प्रहार गर्दछ । धेरै कागजी प्रक्रिया हुनुको अर्थ काम हुनु होइन, बरु कामलाई जटिल बनाउनु मात्र हो भन्ने यसको आशय हो ।

४. **"कर्मचारीतन्त्रमा फाइलहरू मात्र सर्छन्, मानिसका समस्याहरू होइनन् ।''**

मर्मः यो भनाइ नेपाल र भारतजस्ता दक्षिण एसियाली देशहरूमा धेरै लोकप्रिय छ । यसले सरकारी कार्यालयमा फाइल एक टेबुलबाट अर्कोमा पुगे पनि सेवाग्राहीको वास्तविक पीडा जहाँको त्यहीँ रहने अवस्थालाई देखाउँछ ।

५. **"नरक भनेको यस्तो ठाउँ हो, जहाँ कर्मचारीहरू जर्मन, प्रहरीहरू फ्रान्सेली र प्रेमीहरू स्विस हुन्छन् ।''**

**मर्मः** यो एउटा युरोपेली ठट्टा हो । यसले जर्मन कर्मचारीतन्त्रको 'अत्यधिक कठोरता र नियमको दास' हुने प्रवृत्तिलाई व्यङ्ग्य गर्छ, जहाँ नियमका अगाडि मानवीय संवेदना गौण हुन्छ ।

६. **"कुनै पनि कुरालाई सधैँका लागि गाडिदिनु छ भने, त्यसलाई अध्ययन गर्न एउटा सरकारी समिति बनाइदिनुस् ।''**

**मर्मः** यो भनाइले सरकारी जाँचबुझ समिति वा कार्यदलहरूको ढिलासुस्तीलाई चित्रण गर्छ । कुनै पनि ज्वलन्त मुद्दालाई टार्नुपऱ्यो भने 'समिति' गठन गर्ने विश्वव्यापी कर्मचारीतन्त्रात्मक चलन छ ।

७. **"कर्मचारीतन्त्र एउटा ठूलो गोलो ढुंगाजस्तै हो, यसलाई गुडाउन धेरै बल चाहिन्छ, तर एकचोटि गुड्न थाल्यो भने यसलाई रोक्न झनै गाह्रो हुन्छ ।''**

**मर्मः** यसले कर्मचारीतन्त्रको 'जडता' (Inertia) लाई



बुझाउँछ । कुनै नयाँ नियम लागू गर्न वर्षौं लाग्छ, तर एक पटक खराब नियम बस्यो भने त्यसलाई हटाउन असम्भवजस्तै हुन्छ ।

८. **"कर्मचारीतन्त्र एउटा यस्तो ठाउँ हो, जहाँ समय बिताउन पैसा दिइन्छ, काम गर्न होइन ।''**

**मर्मः** यो भनाइले 'कार्यसम्पादन' (Performance) भन्दा पनि 'उपस्थिति' (Attendance) लाई बढी महत्त्व दिने प्रवृत्तिलाई व्यङ्ग्य गर्छ । १० देखि ५ बजेसम्म कुर्सी ओगट्नुलाई नै काम मानिने प्रवृत्तिमाथि यो ठूलो प्रहार हो ।

९. **"नियम भनेको कर्मचारीतन्त्रको सुरक्षा कवच हो ; जब काम गर्ने क्षमता हुँदैन, तब नियमको किताब देखाइन्छ ।''**

**मर्मः** जब कुनै कर्मचारीलाई काम गर्न मन हुँदैन वा उनीहरू द्विविधामा हुन्छन्, उनीहरूले तुरुन्तै "नियममा यस्तो छैन" भन्दै पन्छिने गर्छन् । नियमलाई सहजकर्ताका रूपमा होइन, अवरोधका रूपमा प्रयोग गरिन्छ ।

**एउटा रमाइलो सत्यः**

भनिन्छ- "कर्मचारीतन्त्रको विस्तार हुनुको एउटै मात्र कारण आफैँलाई जीवित राख्नु हो ।'' अर्थात्, यो एउटा यस्तो जीव हो जसले आफ्नै अस्तित्व जोगाउनका लागि नयाँ-नयाँ काम र पदहरू सिर्जना गरिरहन्छ ।

# कवाडीको एक अर्ब राजस्व असुलीमा अवरोध
# भारतीय नागरिकलाई अमरेश सिंहको साथ

● **साँघु संवाददाता**

**काठमाडौं । नेपालको इतिहासमा डन भन्ने शब्दले चक्रेमिलन, राजु गोर्खाली, दीपक मनाङ्गे, पर्शुराम बस्नेतलाई मात्र जनाउँथ्यो । उनीहरुको काम बेरोजगार युवाहरुलाई बटुलेर हप्ता असुलीदेखि ठेक्कापट्टा कब्जा गर्ने रहेको थियो । अन्तर्राष्ट्रिय मुद्राकोषले सम्पत्ति शुद्धीकरणमा नेपालले मुद्दा चलाएन भन्ने गुनासो गर्दा यिनै डनहरुबिरुद्ध मुद्दा दर्ता गरी देखाउने गरेका थिए । अहिले प्रायः सबै गुण्डा नेता भएकाले गुण्डागर्दी पेशा बन्द भई युद्ध सरदारको युग सुरु भएको छ । पहिला गुण्डाहरुलाई कांग्रेस, एमाले जस्ता पार्टीले संरक्षण गर्दैआएका थिए भने राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा आएपछि त्यस्ता अवैध असुली गर्नेहरु उक्त पार्टीका नेताहरुको शरणमा पुग्न थालेका घटनाहरु सार्वजनिक हुन सुरु भएका छन् ।**

भारतीय नागरिक बाबुनन चौधरी कलवार बिहारबाट नेपालमा आए । उनले खाली सिसी पुराना कागज बटुल्ने र कवाडी साहुलाई लगेर बिक्री गरी जीविकोपार्जन गर्दै जीवन बिताउन थाले । कवाडी बटुली आफ्नो जीवन धान्दैआएका बिहार, सितामढी जिल्लाका उनका घरमा २ छोरामध्ये रोशन चौधरीले कवाडी काममा नक्कली भ्याट बिल बनाएर अरबौं रुपैयाँ करछली गरेको आरोप खेप्दै थिए ।

राजस्व अनुसन्धान विभागले नक्कली भ्याटबिलमा २५ करोड रुपैयाँ जरिवाना लगाउनेगरी मुद्दा दर्ता गरेपछि रोशनले पेशा परिवर्तन गरे । उनले एक सय ५० मोटरसाइकल चलाउने ३ सय जनाको एक समूह खडा गरी काठमाडौं उपत्यकाभित्र हुने जुनसुकै कवाडीको ठेक्का हुन नदिने र आफूले सस्तो दररेटमा कहिले चन्द्रागिरी नगरपालिका त कहिले धादिङको धुनीबेसी नगरपालिकाको ठेक्का लिने गर्दैआएका छन् ।

२०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन एकीकृत माओवादी पार्टीले लगभग बहुमत नै ल्याएपछि तस्कर, अपराध कर्म गर्नेदेखि कर छली गर्ने सबै खालका खराब ब्यक्तिहरु उक्त पार्टीतिर लागे । फलस्वरुप उक्त पार्टी ६ बर्षपछि भएको निर्वाचनमा तेस्रो शक्तिमा खुम्चिन पुग्यो । २०८२ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले दुईतिहाई बहुमत ल्याउनासाथ विवादित र अवैध असुली गर्नेहरु सो पार्टीका नेताहरुसँग निकट हुन थालिसकेको कवाडी व्यवसायमा संलग्न स्रोत बताउछ । राजनीतिक आडमा देश दोहन गर्न पल्किएका उनीहरु रास्वपाका नेताहरु निर्वाचनमा जितेकोमा घर घर गएर बधाई दिन थालेका छन् । नक्कली नागरिकता प्रकरणमा रौतहट जिल्ला प्रशासन कार्यालयबाट पक्राउ पूर्जी जारी भएका बाबुनन चौधरी र उनका छोरा रोशन चौधरी अनुसन्धानलाई प्रभावित पार्न रास्वपाका नवनिर्वाचित सांसद अमरेशकुमार सिंहको शरणमा पुगेको खबर छ ।

हिजोसम्म एमालेका सचिव महेश बस्नेत, आमजनता पार्टीका अध्यक्ष प्रभु साहको आडमा राजमार्गमा गुण्डागर्दी गर्दै अबैध निकासी, कर छली गर्दैआएका रोशन चौधरी र उनका बाबु बाबुनन चौधरी अमरेशकुमार सिंहलाई घरमै भेटेर बधाइ दिएको खबर छ । बस्नेत र प्रभु साहकै आडमा नक्कली बाबु बनाई नागरिकता लिएको बारेमा पक्राउ पूर्जी जारी भएका बाबुनन चौधरी र उनका छोरा रोशन सर्लाही ४ बाट निर्वाचित रास्वपा सांसद अमेरशकुमार सिंहको निवासमै गएर उनलाई सांसदमा जितेकोमा खादामालासहित बधाइ दिएका थिए । २०८२ फागुन २८ गते पक्राउ पूर्जी जारी भएका भारतको बिहारका बाबुनन र रोशनले अमरेशलाई बधाइ दिएको तस्बीर उनीहरुले फेसबुकमै सेयर गरेका थिए ।



(बाबुनन चौधरीको रौतहट जिल्ला प्रशासन कार्यालयबाट जारी भएको पक्राउ पूर्जी, अमरेशलाई खादा लगाउँदै चौधरी र उनको भारतीय जग्गाधनी पुर्जा)

बाबुनन चौधरीका बिरुद्ध रौतहट जिल्ला प्रहरी कार्यालयबाट नागरिकता छानबिनका लागि २०८२ भदौ २ गते पक्राउ पूर्जी जारी भएको छ(हेर्नुस् फोटो कपी) । तिनै पक्राउ पूर्जी जारी भएका र महेश बस्नेत र प्रभु साहमार्फत् दबाब दिएर पक्राउ पर्नबाट जोगिंदैआएका बाबुनन चौधरी र उनका छोरा रोशन चौधरीले बिगत केही बर्षदेखि नेपालमा बार्षिक १ अर्ब रुपैयाँ निकासी कर गैरकानुनी रुपमा असुली गर्दैआएका छन् ।

धादिङको धुनीबेसी नगरपालिकाको कवाडी संकलनको ठेक्का लिएर ललितपुर महानगरपालिकादेखि काठमाडौं उपत्यका राजमार्गमा अबैध निकासी कर असुल्ने गरेका भारतीय नागरिक बाबुनन चौधरी र रोशन चौधरीले राजमार्गमा १ सय ५० भन्दा बढीका पल्सर मोटरसाइकलधारी केटा राखेर कवाडीका गाडीसँग कलंकीदेखि धादिङका राजमार्गसम्म जबर्जस्ती रोकेर एक ट्रकको ३० देखि ४० हजारसम्म निकासी कर गैरकानुनी रुपमा असुली गर्दैआएका छन् ।

काठमाडौं उपत्यकाभित्रका कुनै पनि पालिकामा कवाडीको ठेक्का लगाउन अदालतमा मुद्दा मामिलामा अल्झाएर नदिने र धादिङका राजमार्गमा ढुकेर जबर्जस्ती कवाडी कर असुली गर्दैआएका छन् । रोशन चौधरी र उनका बाबु बाबुननले अदालतदेखि सबै निकायलाई प्रभावमा पारी दैनिक ३० लाख अवैध रुपमा निकासी कर व्यवसायीबाट असुली गर्दैआएका छन् । जुन कर पालिकाहरुको आम्दानी हो । तर एक भारतीयले अन्डरवर्ल्ड जस्तो गिरोह चलाएर असुली गर्दैआएका छन् । एउटा पालिकाबाट गएको कुनै पनि बस्तु वा उत्पादनको कर अर्को पालिकाले लिन नपाउने अर्थ मन्त्रालय, गृहमन्त्रालयदेखि सबै निकायको परिपत्रबिपरीत रोशन चौधरीको आर एण्ड आर भालचन्द्र ट्रेड कन्सर्नले राजमार्गमा निकासी कर गैरकानुनी रुपमा असुलिरहेको छ । काठमाडौं उपत्यकाको ललितपुर महानगरलाई मात्र अदालत प्रयोग गरी टेण्डर हुनै नदिएर रोशन चौधरीले बार्षिक १६ करोड रुपैयाँ घाटा पुर्याएका छन् । रोशन चौधरीले केही बरिष्ठ कानून ब्यवसायीको आडमा अदालतमा यस्तो सेटिङ चलाएका छन् कि उच्च अदालत पाटनले केही दिनअघि ललितपुर महानगरपालिकालाई चौधरीलाई गैरकानुनी रुपमा निकासी कर असुली गर्न दिनुपर्ने, महानगरले कवाडीको टेण्डर नै गर्न नपाउने अनौठो आदेश दिएको छ ।

ठेक्कामा काठमाडौं उपत्यकाबाट नागढुंगा, दक्षिणकाली दुबै सडकमार्ग हुँदै जाने जुनसुकै नगरपालिकाका कवाडी बोकेको गाडी, राँगाको हाड-सिङ बोकेको गाडीबाट जबर्जस्ती निकासी कर लिने छुट गैरकानूनी रुपमा रोशन र बाबुननले पाएका छन् । एउटा नगरपालिकाबाट उत्पादन भएको जुनसुकै सामानको कर अर्को स्थानीय तहले लिन नपाउने र त्यस्तो कर असुली गर्न रोक्न गृहमन्त्रालयले २०८१ कात्तिक १२ गते सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । तर त्यो निर्देशनबिपरीत रोशन चौधरीको आर एण्ड आर भालचन्द्र ट्रेड कन्सर्नले राजमार्गमा निकासी कर गैरकानूनी रुपमा असुलिरहेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँल नेतृत्वको इजलासले कवाडी कर अनिवार्य रुपमा तिर्नुपर्ने, एउटा नगरपालिकाले कर लिइसकेपछि अर्को पालिकाले लिन नपाउने फैसला २०८१ भदौमा गर्‍यो । त्यसपछि रोशन चौधरीले धुनिबेसी नगरपालिकाको ठेक्का बार्षिक ३ करोड रुपैयाँ दिनेगरी लिए । काठमाडौं उपत्यकाभित्र कुनै पनि नगरपालिकामा ठेक्का लगाउन दिएका छैनन् । नगरपालिकाले कवाडीको ठेक्का लगाउन खोज्दा जिल्ला अदालत र उच्च अदालतबाट अन्तरिम आदेश ल्याएर सबै स्थानीय निकायलाई कर उठाउनबाट रोक लगाएका छन् । रास्वपाले जितेपछि सुशासन कायम होला, अदालतबाट यस्तो गैरकानूनी कर असुली गर्न पाउनुपर्ने रिटमा अन्तरिम आदेश नदिने अपेक्षा गरिएको थियो । तर विगतमा जस्तै दैनिक ३० लाख गैरकानूनी रुपमा असुल्नका लागि रोशन र बाबुनन अमरेश सिंहको शरणमा पुगेर राज्यको राजस्वमा दोहन गर्ने खेलमा लागेका छन् ।

रोशन र बाबुननले मुद्दामामिला गरेर अदालतलाई प्रभावमा पारी ललितपुर महानगरपालिका, नागार्जुन नगरपालिका, चन्द्रागिरी नगरपालिका, गोकर्णेश्वर, कागेश्वरी मनोहरा, शंकरापुरी, बुढानीलकन्ठ नगरपालिकाले कवाडीको ठेक्का लगाउन सकेका छैनन् । जसका कारण रोशन चौधरीले धुनिबेसीमा बसेर काठमाडौंका यी पालिकाबाट कवाडी संकलन गरी गएका गाडीबाट दैनिक ३० लाख रुपैयाँका दरले उठाउने गरेका छन् । एउटा पालिकाबाट गएको सामानको कर अर्को पालिकाले उठाउन रोकिएको अवस्थामा गैरकानुनी रुपमा धुनिबेसीको कवाडी करको ठेक्का लिएको आर आर एण्ड भालेश्वर ट्रेड कन्सर्नले काठमाडौंका पालिकाबाट गएका कवाडीका गाडीको कर असुली गर्न छुट पाएको छ । ललितपुर प्रहरीका एसएसपी, काठमाडौंका प्रहरीका हाकिम, धादिङका प्रमुख जिल्ला अधिकारीदेखि प्रहरी प्रशासनलाई मासिक लाखौंको बिटो थमाएर उनले जबर्जस्ती गाडी रोक्ने, कर असुल्ने, नदिए गाडी तोडफोड गर्ने र चालकलाई कुटपिट गर्ने गरेका छन् ।

बाबुनन र उनका छोरा रोशन चौधरीले झुटा बिबरण पेश गरी रौतहट र काठमाडौंबाट बंशजको आधारमा नागरिकता लिई बिभिन्न कम्पनी दर्ता गरेकाले छानबिन गरी कानुनबमोजिम कारबाही गर्न माग गर्दै गृहमन्त्रालयमा उजुरी परेको थियो ।

गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालय रौतहटमा बाबुनन चौधरीको नागरिकताको विवरणसहितको फाइल २०८१ माघ ७ गते पठाएको थियो । गएको भदौमा पक्राउ पुर्जी जारी त भएको छ । तर पैसाकै बलमा बाबुनन पक्राउ पर्नबाट जोगिंदैआएका छन् । रौतहटबाट बाबुननले झुटा विवरण पेश गरी लिएको नागरिकताका आधारमा काठमाडौंबाट रोशन र उनका भाइ दिपुले नागरिकता लिएका छन् । बाबुनन र रोशनले राजनीतिक दल, तिनका भातृ संगठनको आड र अदालतलाई प्रभावमा पारी नेपालमा गर्दैआएको यस्तो असुलीलाई रास्वपाको दुईतिहाई बहुमतको सरकारले रोक्ने अपेक्षा गरिए पनि उनीहरु आफ्नो ब्रम्हलुट कायम राख्न अमरेश सिंहको शरणमा पुगेका छन् ।

## समाचार/विविध

### चौधरीदेखि गोल्छासम्मको नाम हिट लिस्टमा
### आर्थिक अपराधमा व्यवसायीमाथि निगरानी ?

● ***साँघु संवाददाता***

*काठमाडौं । मुलुकको नयाँ सत्ता समीकरणसँगै अब राज्यको कडाइ राजनीतिक वृत्तमा मात्र सीमित नरहने, आर्थिक शक्ति केन्द्रहरूतर्फ पनि सर्ने संकेत देखिन थालेको छ । उद्योगी-व्यवसायी, कर छलीलगायत आर्थिक अपराधका विभिन्न मुद्दामा जोडिएका भनिएका समूह, बिचौलिया सञ्जाल र राजनीतिक पहुँचका आडमा फस्टाएका पात्रहरू सरकारको हिट लिस्ट र निगरानीमा परेको चर्चा यतिबेला राजधानीको सुरक्षा निकाय, आर्थिक र प्रशासनिक वृत्तमा तीव्र छ ।*

*उच्च स्रोतहरूका अनुसार, केही चर्चित उद्योगी-व्यवसायी र आर्थिक प्रभावशाली व्यक्तिहरूमाथि राज्यका विभिन्न निकायले विवरण संकलन, कारोबार विश्लेषण र सम्बन्धित फाइलहरूको पुनः अध्ययन सुरु गरेको दाबी गरिएको छ । यही चर्चामा विश्व चर्चित धनाढ्य सूचीमा पर्ने उद्योगी विनोद चौधरी, हिमालयन रि-इन्स्योरेन्ससँग*



*(विनोद चौधरी, शेखर गोल्छा, उपशना पौडेल, दीपक भट्ट, सुलभ अग्रवाल, साहिल अग्रवाल)*

*जोडिएका पूर्वअध्यक्ष शेखर गोल्छालगायत केही व्यवसायीहरूको नाम पनि अनौपचारिक रूपमा घुमिरहेको छ । यस्तै, सुलभ अग्रवाल, शंकर अग्रवाल, दीपक भट्ट, साहिल अग्रवाल पक्राउ परेका छन् । त्यस्तै दीपक मल्होत्राजस्ता बद्नाम पात्रहरू पनि पक्राउ पर्ने हिटलिष्टमा रहेका छन् । विगत सत्तालाई हातमा लिएर अनेकौं धन्दा गर्दै आएका नामुद बिचौलिया दीपक भट्ट २०८२ चैत १९ गते पक्राउ परेपछि हिमालयन रि-इन्स्योरेन्ससँग सम्बद्ध पदाधिकारीहरुको हँसले ठाउँ छाडेको चर्चा व्यवसायीहरु बताउँछन् ।*

*यसैबीच, हिमालयन रि-इन्स्योरेन्ससँग सम्बन्धित सीइओ उपशना पौडेल, अमित मोर, शुभेच्छा खरेल, सुवास झुनझुनवाला र रोहित गुप्तालगायत व्यक्तिहरूमाथि पनि आर्थिक गतिविधि, गैर व्यावसायिक निर्णय र सम्बन्धित लेनदेनका आधारमा छानबिन हुन सक्ने चर्चा स्रोतहरूले गरिरहेका छन् । यद्यपि, यी सबै दाबीहरूबारे सरकारले वा सम्बन्धित अनुसन्धान निकायहरूले हालसम्म औपचारिक पुष्टि गरेका छैनन् ।*

*यही कारण अहिले मुख्य प्रश्न उठेको छ-के साँच्चै सरकारले आर्थिक क्षेत्रका 'अछुत' मानिएका शक्तिकेन्द्रहरूमा हात हाल्न थालेको हो, कि यो केवल सत्ता परिवर्तनसँगै फैलिएको मनोवैज्ञानिक दबाबको राजनीति हो ? राजधानीमा फैलिएको चर्चा अनुसार, अब कर छली, राजस्व चुहावट, बिचौलिया, हिजोको शक्ति केन्द्रको पहुँचका आधारमा राजश्व मारेर लाभ लिने, कर छल्ने, कारोबार, नीतिगत प्रभावमार्फत सम्पत्ति विस्तार र राजनीतिक संरक्षण पाएका आर्थिक अपराधमा संलग्न समूहहरूबारे पुराना फाइल खोलिन सक्ने अनुमान गरिएको छ ।*

*तर, सरकारी तहबाट स्पष्ट धारणा नआउँदा यो चर्चा झन् रहस्यमय बन्दै गएको छ । एकातिर "ठूला माछा अब जालमा पर्छन्" भन्ने भाष्य निर्माण भइरहेको छ, अर्कातिर आधिकारिक तथ्यको अभावले यो बहसलाई हल्ला, संकेत र शक्ति-सन्देशको मिश्रण बनाइदिएको छ ।*

*आर्थिक वृत्तका जानकारहरूका अनुसार, यदि राज्य साँच्चै ठूला व्यावसायिक घराना र पहुँचयुक्त आर्थिक पात्रहरूमाथि छानबिनमा उत्रिएको हो भने त्यसको सकारात्मक र नकारात्मक प्रभाव केवल व्यक्तिमाथि होइन, समग्र बजार, सेयर लगानी, बैंकिङ विश्वास र निजी क्षेत्र-सरकार सम्बन्धमा पनि पर्न सक्छ । त्यसैले यस्ता विषयमा राज्यले मौनता होइन, स्पष्टता दिनु आवश्यक देखिन्छ ।*

*अहिलेको अवस्था हेर्दा एउटा कुरा भने स्पष्ट छ-सत्ताको प्राथमिकता अब केवल राजनीतिक प्रतिद्वन्द्वीमा सीमित नरही आर्थिक अपराध र प्रभावशाली वृत्ततर्फ मोडिएको हो कि भन्ने प्रश्न बलियो बनेको छ। तर, प्रश्न अझै बाँकी छ : यो वास्तविक छानबिन, अनुसन्धान हो या कानूनी कडाइ हो, कि नियन्त्रण र सन्देशको नयाँ राजनीतिक शैली ?*

# दीपक भट्ट पक्राउ : अब दलाल राज्यको मुटुमै प्रहार
# मल काण्डको छायाँदेखि सम्पत्ति शुद्धीकरणसम्म !

● **साँघु टिप्पणीकार**

**काठमाडौं । नेपाली सत्ता-संरचनाको सतहमा देखिने अनुहारहरू धेरै छन्, तर त्यसको भित्री तहमा चल्ने अदृश्य खेलाडीहरू थोरै मात्र देखिन्छन् । तीमध्ये वर्षौंदेखि चर्चामा रहँदै आएको नाम हो–दीपक भट्ट । २०८२ चैत १९ गते केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले उनलाई सम्पत्ति शुद्धीकरण अभियोगमा पक्राउ गरेसँगै नेपाली राजनीतिक-आर्थिक संरचनाको 'छायाँ सत्ता' फेरि बहसको केन्द्रमा आएको छ ।**

दीपक भट्टको नाम आज मात्र विवादमा जोडिएको होइन । यो कथाको जरा पुरानो छ । रासायनिक मल खरिद काण्ड त्यसको एउटा महत्त्वपूर्ण अध्याय हो । सन् २००५ मा साँघु साप्ताहिकमा प्रकाशित समाचारअनुसार, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि सामग्री कम्पनीका निलम्बित प्रबन्ध निर्देशक चतुर्भुज भट्ट र उनका छोरा दीपक भट्ट विरुद्ध करिब १२ करोड रुपैयाँभन्दा बढीको (एलसी काण्ड) भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उक्त प्रकरण १२,५०० मेट्रिक टन रासायनिक मल आयात सम्झौतासँग जोडिएको थियो, जहाँ एलसी खुले पनि मल नआएको उल्लेख गरिएको थियो ।

यसले एउटा पैटर्न देखाउँछ–दीपक भट्टको नाम सत्ता, पहुँच र अनियमित आर्थिक स्वार्थसँग धेरै अघिदेखि जोडिँदै आएको थियो । २०८२ चैत १९ गतेको पक्राउ त्यो इतिहासबाट एकाएक टुप्पिएर आएको घटना होइन, बरु पुरानै सञ्जालको नयाँ आर्थिक आपराधिक पाटो उजागर हुने सम्भावना हो ।

यो घटना एउटा सामान्य पक्राउ होइन । यो त्यस संरचनामाथि गरिएको प्रारम्भिक प्रहार हो, जसलाई धेरैले 'दलाल गणराज्य' भन्छन्-जहाँ जनताले सरकार बनाउँछन्, तर निर्णय अनौपचारिक सञ्जालले निर्देशित गर्छ । मन्त्री, सचिव, बोर्ड र नियामक संस्थाहरू औपचारिक पात्र हुन्, तर कुन फाइल अघि बढ्ने, कसले ठेक्का पाउने, कसलाई लाइसेन्स मिल्ने, कसलाई नियामक छुट दिइने-यी सबै निर्णयहरू धेरैजसो बन्द कोठाहरूमा तय हुने आरोप लामो समयदेखि लाग्दै आएको थियो । दीपक भट्ट यही संरचनाको एउटा प्रतिनिधि पात्र मानिँदै आएका थिए ।

**पुरानो जरा : मल काण्डदेखि सुरु भएको कथा**

दीपक भट्टको नाम आज मात्र विवादमा आएको होइन । यसको जरा दुई दशकअघि पुगेको छ । कृषि सामग्री कम्पनीसँग जोडिएको करिब १२ करोड रुपैयाँको रासायनिक मल खरिद काण्डले पहिलोपटक भट्ट परिवारलाई राष्ट्रिय बहसमा ल्याएको थियो । हिमालयन बैंकमा एलसी खोलिए पनि १२५०० मे.टन मल नेपाल आएन । यस प्रकरणमा उनका बुवा चतुर्भुज भट्ट अख्तियारको कारबाहीमा परे, र दीपक भट्ट स्वयं पनि अनुसन्धानको घेरामा परेर पक्राउ परेका थिए । यो काण्डले एउटा गम्भीर संकेत दिएको थियो-व्यापार, पहुँच र सत्ता कसरी एकै ठाउँमा गाँसिन्छन् भन्ने ।

**व्यापारी होइन, 'नेटवर्क' :**
**शक्ति कसरी विस्तार भयो ?**

समयसँगै दीपक भट्ट एउटा व्यक्ति होइन,




एउटा 'नेटवर्क'का रूपमा विकसित भए । उनी इन्फिनिटी होल्डिङ्सका अध्यक्षका रूपमा चिनिए, तर उनको प्रभाव व्यापारिक दायराभन्दा धेरै पर फैलिएको चर्चा हुँदै आयो । भट्टले चाहेके व्यक्तिको राजनीतिक नियुक्ति, सरकारी ठेक्का, जलविद्युत् लाइसेन्स, सुरक्षा सामग्री आपूर्ति, रियल स्टेट, बीमा र वित्तीय क्षेत्र-जहाँ ठूलो आर्थिक स्वार्थ हुन्छ, त्यहाँ उनको उपस्थितिको चर्चा हुने गरेको थियो ।

आरोपहरू अझ गम्भीर छन्-धेरै व्यवसायहरू वैध प्रतिस्पर्धाबाट होइन, नेताहरूलाई अनुकूल निर्णय गराउन सहयोग गरेबापत प्राप्त सेयर, लगानी वा हिस्सेदारीबाट विस्तार भएको थियो । अर्थात्, 'कमिशन' र 'कनेक्सन' नै पुँजीको स्रोत बनेको आरोप लाग्दै आएको छ । यहीँबाट भट्टजस्ता पात्रहरूको वास्तविक शक्ति देखिन्छ-उनीहरू कम्पनी होइन, पहुँच बेच्ने गर्छन् ।

**राजनीति र दलाल :**
**सीमारेखा कहाँ हरायो ?**

दीपक भट्टमाथि लाग्ने सबैभन्दा ठूलो आरोप भनेको बुढानीलकण्ठ दरबार, बालकोट दरबार, खुमलटार दरबारसम्म राजनीतिक पहुँच हो । विभिन्न दलका शीर्ष नेताहरूबीच सन्तुलन राख्दै आफू अनुकूल निर्णय गराउन सफल, प्रतिस्पर्धी समूहहरूलाई 'मिलाउने', र विवादित फाइलहरूलाई 'सेटल' गर्ने-यस्ता भूमिकामा उनको नाम जोडिँदै आएको छ ।

यद्यपि यी आरोपहरू परीक्षण र अदालती रूपमा प्रमाणित भइसकेका छैनन्, तर सार्वजनिक बहसमा यिनको प्रभाव गहिरो छ । किनभने यिनले एउटा ठूलो प्रश्न उठाउँछन्-नेपालमा नीति कसले बनाउँछ ? निर्वाचित सरकार कि अनौपचारिक पहुँच गिरोह ? जब राजनीति विचारबाट हटेर पहुँचमा झर्छ, त्यतिबेला राज्य नीति होइन, नेटवर्कबाट चल्न थाल्छ । यही अवस्थालाई धेरैले 'छायाँ सत्ता' भन्छन् ।

**वित्तीय पाटो :**
**पैसाको स्रोत र प्रणालीको प्रश्न**

हालको अनुसन्धानको केन्द्रमा सम्पत्ति शुद्धीकरण छ । यसले केवल व्यक्तिगत सम्पत्तिको स्रोत मात्र होइन, समग्र वित्तीय प्रणालीको विश्वसनीयतामाथि पनि प्रश्न उठाएको छ । यदि अस्वाभाविक बैंकिङ कारोबार, स्रोत नखुलेको ठूलो रकम र नियामक सीमा उल्लङ्घनका आरोपहरू प्रमाणित भए भने प्रश्न केवल भट्टको हुँदैन-प्रश्न हुन्छ, यस्तो कारोबार सम्भव कसरी भयो ? स्रोत किन खोजिएन ? बैंकिङ प्रणाली कहाँ चुक्यो ? नियामक निकाय किन मौन रहे ? यसले देखाउँछ–समस्या व्यक्ति मात्र होइन, प्रणालीको पनि हो ।

**राज्यको परीक्षा :**
**सम्म जान्छ कि रोकिन्छ ?**

नेपालको विगतले एउटा कटु यथार्थ देखाएको छ-ठूला प्रकरणहरू प्रायः अधुरै टुंगिन्छन् । सुरुमा ठूलो पक्राउ हल्लाखल्ला हुन्छ, त्यसपछि राजनीतिक दबाब, फोन, 'सम्झौता' र अन्ततः फाइल सुस्त हुन्छ । दीपक भट्ट प्रकरणमा पनि यही जोखिम छ । यदि अनुसन्धान निष्पक्ष रूपमा अघि बढेन भने यो पनि अर्को 'हेडलाइन केस' बन्न सक्छ–शुरुमा ठूलो, अन्त्यमा शून्य । तर यदि राज्यले यसलाई अन्त्यसम्म पुर्‍यायो भने, यो केवल एउटा व्यक्ति होइन, पूरै दलाल संरचनामाथि प्रहार हुनेछ ।

**ठूलो प्रश्न : व्यक्ति कि प्रणाली ?**

दीपक भट्ट पक्राउले एउटा आधारभूत प्रश्न उठाएको छ- के समस्या केवल एक व्यक्तिमा सीमित छ ? कि यो एउटा सिंगो संरचना हो, जसले राजनीतिलाई कब्जा गरेको छ, प्रशासनलाई प्रभावित बनाएको छ, र अर्थतन्त्रलाई विकृत बनाएको छ ?

यदि उत्तर दोस्रो हो भने, केवल एउटा पक्राउले केही बदलिँदैन। त्यसका लागि सञ्जाल नै भत्काउनुपर्छ–जसमा राजनीति, प्रशासन, व्यवसाय र नियामक सबै जोडिएका छन् ।

**निष्कर्ष : संकेत कि परिवर्तन ?**

दीपक भट्ट पक्राउ एउटा संकेत हो–दलाल संरचना अछुतो छैन । तर यो केवल सुरुवात हो, अन्त्य होइन । यदि पैसा, पहुँच र संरक्षणको सम्पूर्ण नक्सा सार्वजनिक भयो भने यो प्रकरण ऐतिहासिक मोड बन्न सक्छ । तर यदि यो पनि आधा बाटोमै रोकियो भने, भोलि फेरि अर्को नाम, अर्को अनुहार, उस्तै शैलीमा उभिनेछ । अन्ततः प्रश्न एउटै छ-यो प्रहार जालो च्यात्नका लागि हो, कि फेरि नयाँ जाल बुन्ने तयारी ?




## भारत–चीन सम्बन्धको खतरनाक सन्तुलन

# सीमा तनाव र कूटनीतिक संयमको परीक्षा



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**भारत र चीनको सम्बन्ध साझा सीमा, ऐतिहासिक विवाद र बढ्दो भूराजनीतिक प्रभावद्वारा परिभाषित हुन्छ । सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम राख्न मात्र होइन, छिमेकी क्षेत्र र विश्वव्यापी सुरक्षा सुनिश्चित गर्नका लागि पनि सञ्चालनिक वास्तविकता, दीर्घकालीन खतरा मूल्यांकन र प्रणालीगत चुनौतीको समझसहितको रणनीतिक दृष्टिकोण आवश्यक हुन्छ ।**

यस्तो सन्तुलित रणनीति होस कि, जसले भारतीय सेना र चिनियाँ सेनालाई आपसी दुर्व्यवहार रोक्दै हरेक मतभेदलाई संकटमा नबढाइराख्ने तयारी गराउँछ, क्षेत्रीय स्थिरताको आधारशिला बन्न सक्छ ।

आपसी तयारीले दुवै पक्षलाई सतर्कता र जिम्मेवारीको वातावरण प्रदान गर्छ । भारत र चीनको सन्दर्भमा, सीमा पूर्वाधारको सुधार, व्यवस्थित सैन्य नियुक्ति र सञ्चार प्रणाली सुधारका उपायहरूले यो सुनिश्चित गरेका छन् कि सन् २०२० को गलवान उपत्यका विवादपछि स्थापित बफर जोनहरूले साना घटनाहरूलाई ठूलो विवादमा रूपान्तरण हुनबाट रोक्ने काम गरेका छन् । यस प्रकारका उपायहरूले अनपेक्षित झडप वा असमझदारी घटाउँछन् र दुवै पक्षले आवेगमा आधारित कदम चाल्नुको कुनै फाइदा नभएको स्पष्ट पार्छन् ।

अन्तर्राष्ट्रिय अनुभवले पनि आपसी तटस्थता र संकट व्यवस्थापनको महत्व देखाउँछ । शीतयुद्धका क्रममा अमेरिका र सोभियत संघबीचको सम्बन्ध तनावपूर्ण भए पनि स्थिर रह्यो, जसमा आपसी पूर्ण विनाशको सिद्धान्तले ठूलो भूमिका खेलेको थियो ।

सन् १९६२ को क्युबन मिसाइल संकटले देखायो कि गलत बुझाइले कसरी विश्वलाई युद्धको किनारामा पुऱ्याउन सक्छ, तर कूटनीति र संरचित संवादले परिस्थितिलाई नियन्त्रणमा राख्यो । त्यस्तै, Incidents at Sea Agreement (INCSEA)ले अमेरिका र सोभियत नौसेनाबीच स्पष्ट नियमहरू स्थापना गऱ्यो, जसले सामान्य भेटघाटले युद्ध सिर्जना नहोस् भन्ने सुनिश्चित गऱ्यो ।

साना राष्ट्रहरूले पनि यस्तै सिद्धान्त अपनाएका छन् । बारेंट्स समुद्रमा नर्वे र रूसबीचको समझदारीले सुसंगत समुद्री सीमाना, संयुक्त सुरक्षा उपाय र

### सीमा तनाव, शक्ति प्रतिस्पर्धा र क्षेत्रीय अस्थिरता चुनौती–दिल्ली र बेइजिङसँग दूरी होइन, विवेकपूर्ण सन्तुलन खोज्ने कूटनीतिक दबाब

खोज तथा उद्धार सहयोगमार्फत स्थिरता कायम राखेको छ ।

पूर्वी एशियामा, सन् २०१४ मा हाई यांग शी यौ ९८१ विवादका क्रममा चीन र भियतनामबीच समुद्री गतिविधिमा अपनाइएको सतर्कता र कूटनीतिक संवादले प्रत्यक्ष युद्ध रोक्न भूमिका खेलेको थियो । यसले देखाउँछ कि दुवै पक्षले संयम अपनाउँदा र संवाद कायम राख्दा शक्ति असमानता भए तापनि प्रत्यक्ष द्वन्द्व टार्न सकिन्छ ।

यस प्रकारको दृष्टिकोणले दुवै सेनाको केवल युद्धतयारी होइन, जिम्मेवार व्यवहार, अनुशासित संलग्नता र स्पष्ट संकट व्यवस्थापन सुनिश्चित गर्न मद्दत गर्दछ । प्रतिद्वन्द्वीको क्षमता र सीमा बुझ्दा रणनीतिक सन्तुलन कायम हुन्छ र आवेगमा आधारित कदम चाल्नबाट रोक्न सकिन्छ । साथै, संरचित प्रोटोकल र संवाद च्यानलहरूले अपरिहार्य तनावलाई व्यवस्थापन गर्ने आधार तयार गर्छन् ।

यस दृष्टिकोणको प्रभाव दक्षिण एशिया, एशिया र विश्वभर महसुस गर्न सकिन्छ । दक्षिण एशियामा, स्थिर भारत-चीन सम्बन्धले छिमेकी राष्ट्रहरू जस्तै नेपाल, भुटान, बंगलादेश र श्रीलंकालाई विकासका अवसरमा केन्द्रित हुन अनुमति दिन्छ ।

एशियामा, यस प्रकारको व्यवस्थित व्यवहारले इन्डो-प्यासिफिक स्थिरतालाई समर्थन गर्दछ, ASEAN, East Asia Summit तथा समुद्री सुरक्षा र आर्थिक स्थिरतासँग सम्बन्धित बहुपक्षीय पहलहरूलाई बलियो बनाउँछ । विश्वव्यापी रूपमा, यस्ता विश्वास-निर्माण उपाय र कूटनीतिक संयमले देखाउँछ कि शक्तिशाली प्रतिस्पर्धीहरू पनि जिम्मेवार ढंगले सम्बन्ध व्यवस्थापन गर्न सक्छन्, जसले व्यापार, प्रविधि सहयोग र साझा चुनौतीहरूको समाधानमा सहयोग पुऱ्याउँछ ।

यो रणनीति पूर्ण रूपमा जोखिमरहित भने होइन। संयममाथि अत्यधिक भरोसा गर्दा निर्णयहीनता देखिन सक्छ भने अत्यधिक सैन्य तयारीमा जोड दिँदा तनाव बढ्न सक्छ । सन्तुलन भनेको विश्वसनीय तयारी र अनुशासित कूटनीतिको संयोजन हो, जसले सञ्चालनिक क्षमता, रणनीतिक पूर्वदृष्टि र प्रणालीगत समझलाई सँगै राखेर अनपेक्षित तनावलाई नियन्त्रणमा राख्छ ।

निष्कर्षमा, भारतीय र चिनियाँ सेनालाई आपसी दुर्व्यवहार रोक्दै हरेक मतभेदलाई संकटमा नबढाइराख्ने तयारी गराउने सन्तुलित रणनीति राष्ट्र र क्षेत्रीय सुरक्षा दुवैका लागि विवेकपूर्ण र प्रभावकारी उपाय हो । अन्तर्राष्ट्रिय अनुभवबाट सिक्दै, सञ्चालनिक, रणनीतिक र प्रणालीगत दृष्टिकोणलाई समाहित गरेर भारत र चीनले साझा सीमा जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न सक्छन् ।

यसले न केवल राष्ट्रिय स्वार्थ सुरक्षित गर्छ, तर दक्षिण एशियामा स्थिरता बढाउँछ, एशियामा सहकार्यलाई प्रोत्साहित गर्छ, र विश्वव्यापी रूपमा स्थिर तथा अन्तरसम्बन्धित व्यवस्था कायम गर्न योगदान पुऱ्याउँछ ।

(लेखक परिचय: ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर ाष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोन: +९७७ ९८५१०७३४७७ । इमेल: thapalok53@gmail.com)

## स्वास्थ्य/घरेलु उपचार

### लामो समय बस्ने बानी खतरनाक : ‘सिटिङ डिजिज’ : जीवनशैलीलाई चुनौती



*लन्डन। सन् २०२६ अप्रिल १ मा सार्वजनिक गरिएको एक अन्तर्राष्ट्रिय अध्ययनले आधुनिक जीवनशैलीसँग जोडिएको एउटा गम्भीर जोखिम उजागर गरेको छ-लामो समय बसिरहने बानी । अध्ययन अनुसार दैनिक ८ घण्टाभन्दा बढी समय बस्ने व्यक्तिहरूमा हृदय रोग, मधुमेह, मोटोपना र समयअगावै मृत्युको जोखिम उल्लेखनीय रूपमा बढ्ने देखिएको छ ।*


*यो अध्ययन युरोप, अमेरिका र एसियाका हजारौँ व्यक्तिहरूको जीवनशैली विश्लेषण गरेर तयार गरिएको हो । अनुसन्धानकर्ताहरूले सहभागीहरूको दैनिक गतिविधि, कामको प्रकृति, खानपान र स्वास्थ्य अवस्थालाई दीर्घकालीन रूपमा अध्ययन गरेका थिए । निष्कर्ष स्पष्ट छ-मानव शरीर निरन्तर सक्रिय रहन डिजाइन गरिएको हो, तर आधुनिक जीवनशैलीले त्यसलाई निष्क्रिय बनाइरहेको छ ।*

*अध्ययनले एउटा चकित पार्ने तथ्य पनि देखाएको छ-नियमित व्यायाम गर्ने व्यक्तिहरू पनि जोखिममुक्त छैनन् । यदि उनीहरू दिनभर लामो समय कुर्सीमा बस्छन् भने, व्यायामको फाइदा आंशिक रूपमा कम हुन्छ । यसले “सिटिङ डिजिज” भन्ने अवधारणालाई थप बल दिएको छ ।*

*विशेषज्ञहरूका अनुसार, “समस्या केवल व्यायामको अभाव होइन, निरन्तर निष्क्रिय बस्ने बानी हो ।” त्यसैले प्रत्येक ३०-६० मिनेटमा उठेर हिँड्ने, हल्का स्ट्रेचिङ गर्ने, उभिएर काम गर्ने र दैनिक गतिविधि बढाउने सुझाव दिइएको छ ।*

*यो अनुसन्धानले एउटा गहिरो सन्देश दिएको छ-प्रविधि र सुविधाले जीवन सजिलो बनाउँदै लगे पनि शरीरलाई निष्क्रिय बनाउँदैछ । यदि समयमै सचेत नहुने हो भने, भविष्यमा जीवनशैलीजन्य रोगहरूको महामारी अझ तीव्र बन्न सक्छ ।*

### निद्राको कमीले मानसिक स्वास्थ्य बिगार्ने : ‘स्लीप डेब्ट’ ले मस्तिष्कमा गम्भीर असर



*न्यूयोर्क । सन् २०२६ मार्च ३० मा प्रकाशित एक नयाँ अध्ययनले पर्याप्त निद्रा नपुग्दा मानसिक स्वास्थ्यमा पर्ने गम्भीर असरलाई वैज्ञानिक रूपमा पुष्टि गरेको छ । अध्ययन अनुसार दैनिक ६ घण्टाभन्दा कम सुत्ने व्यक्तिहरूमा तनाव, चिन्ता र डिप्रेसनको जोखिम दोब्बरसम्म बढ्ने देखिएको छ ।*


*अनुसन्धानकर्ताहरूले विभिन्न उमेर समूहका हजारौँ व्यक्तिहरूको निद्रा ढाँचा र मानसिक अवस्थाको तुलना गरेका थिए । परिणामले देखायो-नियमित ७-८ घण्टा सुत्ने व्यक्तिहरू भावनात्मक रूपमा स्थिर, ध्यान केन्द्रित गर्न सक्षम र निर्णय क्षमतामा बलिया हुन्छन् । यसको विपरीत, अनियमित निद्रा भएका व्यक्तिहरूमा चिडचिडापन, चिन्ता र मानसिक असन्तुलन बढी देखिन्छ ।*

*विशेषगरी डिजिटल युगले समस्या झन् गम्भीर बनाएको छ । राति ढिलोसम्म मोबाइल, ल्यापटप वा सामाजिक सञ्जालमा बिताउने बानीले शरीरको ‘सर्केडियन रिदम’ बिगार्छ । यसले मेलाटोनिन हर्मोनको उत्पादन घटाउँछ, जसले निद्राको गुणस्तरमा प्रत्यक्ष असर पार्छ ।*

*अध्ययनले “स्लीप डेब्ट” (निद्राको ऋण) भन्ने अवधारणालाई पनि जोड दिएको छ । लगातार कम सुत्दा शरीरले आवश्यक आराम पाउँदैन, जसको प्रभाव दीर्घकालीन रूपमा मस्तिष्कमा देखिन्छ । यसले स्मरणशक्ति, निर्णय क्षमता र भावनात्मक सन्तुलनमा असर पुऱ्याउँछ ।*

*विशेषज्ञहरू भन्छन्-“निद्रा विलासिता होइन, आवश्यकता हो ।” नियमित समयमै सुत्ने, स्क्रिन टाइम घटाउने र शान्त वातावरणमा निद्रा लिने बानीले मानसिक स्वास्थ्य सुधार्न महत्त्वपूर्ण भूमिका खेल्छ ।*

### आन्द्राको स्वास्थ्य प्रतिरक्षा प्रणाली बेस्ट ‘गट माइक्रोबायोम’ स्वास्थ्यको नयाँ केन्द्र



*टोकियो । सन् २०२६ मार्च २८ मा सार्वजनिक गरिएको एक महत्वपूर्ण अनुसन्धानले आन्द्राको स्वास्थ्य (Gut Health) र रोग प्रतिरोधात्मक प्रणालीबीच गहिरो सम्बन्ध रहेको देखाएको छ । अध्ययन अनुसार आन्द्रामा रहेका सूक्ष्म जीवाणुको सन्तुलन बिग्रँदा शरीरको रोगसँग लड्ने क्षमता कमजोर हुने सम्भावना बढ्छ ।*

*अनुसन्धानमा विभिन्न देशका सहभागीहरूको आन्द्रा माइक्रोबायोमको विश्लेषण गरिएको थियो । नतिजाले देखायो-सन्तुलित र विविध जीवाणु संरचना भएका व्यक्तिहरूमा संक्रमणको जोखिम कम हुन्छ, साथै उनीहरूको प्रतिरक्षा प्रणाली बलियो हुन्छ ।*

*आधुनिक खानपानले यो सन्तुलन बिगारिरहेको छ । प्रशोधित खाना, अत्यधिक चिनी, फास्ट फूड र रसायनयुक्त पदार्थले आन्द्राको राम्रो जीवाणु नष्ट गर्ने देखिएको छ । यसको परिणामस्वरूप एलर्जी, संक्रमण र दीर्घकालीन रोगको जोखिम बढ्छ । अर्कोतर्फ, फाइबरयुक्त आहार, फलफूल, सागसब्जी, दही, किन्वित (Fermented) खाना र प्रोबायोटिक पदार्थले राम्रो जीवाणुको वृद्धि बढाउँछन् । यसले शरीरको प्राकृतिक रक्षा प्रणालीलाई बलियो बनाउँछ ।*

*विशेषज्ञहरूका अनुसार, “आन्द्रा शरीरको दोस्रो मस्तिष्क हो ।” यसले केवल पाचन मात्र होइन, मानसिक स्वास्थ्य, हर्मोन सन्तुलन र प्रतिरक्षा प्रणालीमा समेत प्रभाव पार्छ । यो अनुसन्धानले स्वास्थ्यको दृष्टिकोण परिवर्तन गर्ने संकेत दिएको छ-अब रोग उपचारभन्दा पहिले आन्द्राको सन्तुलन कायम गर्नु आवश्यक छ ।*

## वीरेन्द्र सैनिक अस्पतालभित्र देखिएको बेथिति

# शोषण र अनुशासनहीनताबारे छानबिनको माग

## चिठ्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

**श्रीमान् सम्पादकज्यू**
**साँघु साप्ताहिक**
**काठमाडौं ।**

महोदय, नेपाली सेना अनुशासन, मर्यादा र चेन अफ कमाण्डको कठोर अभ्यासमा चल्ने संस्था मानिन्छ । तर नेपाली सेनाको कोषबाट सञ्चालित वीरेन्द्र सैनिक अस्पतालभित्र पछिल्लो समय देखिएको भनिएको बेथिति, पक्षपात, आर्थिक अनियमितता, राशन दुरुपयोग, ड्युटी व्यवस्थापनमा विभेद, सरुवामा दबाब तथा तल्लो दर्जाका सैनिकमाथि शोषणका घटनाले गम्भीर प्रश्न उठाएको छ । यस्ता विषय सार्वजनिक चासोका मात्र होइनन्, संस्थागत शुद्धता र सैनिक मर्यादासँग प्रत्यक्ष जोडिएका विषय पनि हुन् ।

अस्पतालमा कार्यरत केही जिम्मेवार व्यक्तिहरूमाथि तालिमको नियम उल्लंघन गर्ने, प्रशासनिक प्रभाव प्रयोग गर्ने, सामान खरिदमा अपारदर्शी चलखेल गर्ने, टेण्डर प्रणालीलाई निष्प्रभावी बनाउने, बोर्डलाई दबाबमा पारेर निर्णय गराउने, राशन तथा बिरामी मेसको सामग्रीसमेत दुरुपयोग गर्ने, ड्युटी र सरुवामा आफूअनुकूल चलखेल गर्ने, सजिलो र भत्ता आउने जिम्मेवारी पैसावाल वा निकटस्थलाई दिने, नमान्नेहरूलाई टाढा युनिटमा सरुवा गराइदिने धम्की दिने जस्ता गम्भीर आरोप लागेका छन् ।

यति मात्र होइन, केही व्यक्तिले आर्थिक लेनदेन, लोभलालच र अनुचित प्रभावमार्फत महिला तथा पुरुष सैनिकमाथि फरक-फरक किसिमको दबाब सिर्जना गरेको, ड्युटी मिलाइदिने नाममा रकम वा अन्य लाभ मागिएको, सिनियर-जुनियरको औपचारिक मर्यादासमेत तोडिएको, अस्पतालको प्रशासनमा समानता र निष्पक्षताको साटो निजी नेटवर्क हाबी भएको भन्ने गुनासो बारम्बार सुनिन थालेका छन् । यदि यस्ता आरोपहरू सत्य हुन् भने यो केवल अस्पतालभित्रको अव्यवस्था मात्र होइन, नेपाली सेनाको संस्थागत विश्वसनीयतामाथिको प्रहार पनि हो ।

अझ पीडादायी पक्ष के छ भने, गुनासो गर्नेहरू प्रत्यक्ष रूपमा उजुरी गर्न डराइरहेका छन् । कारण स्पष्ट छ-कसैले गुनासो वा रिपोर्ट गरे सरुवा, प्रतिशोध, दबाब र भविष्य बिग्रिने भय । यसले संस्थाभित्रको उजुरी प्रणालीमाथि भरोसा कमजोर भएको संकेत गर्छ । कसैले गल्ती गरे सैनिक नियमअनुसार छानबिन, स्पष्टीकरण, कोर्ट अफ इन्क्वायरी र कानूनी कारबाही हुनुपर्छ ! तर, नियमबमोजिम कारबाही नभई उल्टै सोझा र कमजोर दर्जाका व्यक्तिलाई दबाब र सरुवाबाट थिच्ने प्रवृत्ति बढेको हो भने त्यो अत्यन्तै चिन्ताजनक विषय हो ।

कतिपय सैनिकहरू नियमविपरीत सरुवामा परेका, बढुवाको मुखमा रहेका व्यक्तिहरूको करिअर अवरुद्ध भएको, सुत्केरी अवस्थामै अन्यायपूर्ण निर्णयको मार परेका र सेवाअवधि पूरा नहुँदै उपदानमै बाहिरिन बाध्य पारिएका घटनाहरू पनि अत्यन्तै संवेदनशील छन् । यस्तो अवस्था सैनिक कल्याण, मानवीयता र संस्थागत न्याय-तीनै दृष्टिले अस्वीकार्य हुनुपर्छ ।

श्रीमान प्रधानसेनापतिज्यू, महासेनानी हरिश बम र सुवेदार नेत्रबहादुर मल्ल नै बेथिति र मनपरीतन्त्रका नायक हुन् ? कमाण्डरले त सबै स्टाफको गुनासो सुन्नुपर्ने र सन्तुलित र निष्पक्ष व्यवहार गर्नु पर्ने होइन ? तर म.से. बमले नेत्र मल्लको मात्र कुरा सुन्नुपर्ने हो र ? सुवेदार नेत्रबहादुर मल्लले प्राविधिकको अस्पतालअन्तर्गत युनिट र इन्फेन्ट्रीको अन्य इन्फेन्ट्री गण गुल्ममा सरुवा गराइदिन्छु भनी धम्की दिने गरेका छन् । अस्पतालमा प्राविधिकको प्राविधिक र इन्फेन्ट्रीको इन्फेन्ट्रीमा अन्यायपूर्वक सरुवा हुने गरेको छ ।

श्रीमान प्रधानसेनापतिज्यू, सैनिक व्यक्ति भनेको उच्च अनुशासनमा रहेर आफ्नो भूमिका निर्वाह गर्ने व्यक्ति मात्र सेना होइन ? सेनामा सैनिक नियमविपरीत कार्य गर्ने व्यक्तिलाई सैनिक नियमअनुसारको कारबाही हुनुपर्ने होइन । तर, वीरेन्द्र अस्पतालमा त्यस्तो हुँदैन, गल्ती गर्नेलाई कारबाही हुँदैन तर जो आफ्नो सोझो गरिखानेलाई कारबाही गरिन्छ । केही समय अगाडि अस्पतालका साधारणतर्फका पदिक, विल्लादार, सिपाही गरी १० जनालाई अन्यत्र इन्फेन्ट्री युनिटमा सरुवा गरियो । यो सरुवा सरासर नियमविपरीत थियो किनभने सरुवा गर्दा सैनिक स्वास्थ्य महानिर्देशनालयअन्तर्गत युनिटमा गर्नुपर्ने नियमावली नेपाल सरकारको मन्त्रिपरिषद्बाट पास भएको छ ।

यदि यी १० जनाको कुनै गल्ती थियो भने स्पष्टीकरण सोध्ने र कोर्ट अफ इन्क्वायरी गरी गरेको गल्ती कसुर अनुसार एक दर्जा घटुवा गर्ने, बढुवा रोक्का गर्ने र सेवाबाट अलग गर्ने, नसिहत दिने जस्ता कारबाही हुनुपर्ने थियो । तर, के कति कारणले सरुवा गरियो यसमा कुनै जानकारी दिइएन, भएन । ठुलै गल्ती गरेजस्तो गरी सरुवाको कागजातमा निजहरुको तीन-तीन महिनामा गोप्य प्रतिवेदन पेश गर्नु भन्ने देखियो ।

श्रीमान के यो ठिक हो त ? कोही व्यक्ति बढुवाको सिनियरमा रहेका थिए । कुनै व्यक्ति सुत्केरी बिदामा रहेका थिए । के कस्तो गल्ती गरेको हो आजसम्म पनि प्रमाणित गर्न सकेको छैन । सैनिक नियमअनुसार सिपाही दर्जाको पेन्सन पाउने अवधि १६ वर्षको रहेको छ तर ४ वर्षपछि अर्थात् जागिर सुरुवातको २० वर्षमा मासिक पेन्सन पाइन्छ । यसरी नियमविपरीत सरुवामा पर्ने मध्ये सिपाही आरतीकुमारी सिंह पनि हुन् । निज सिंह सरुवा भएको समयमा सुत्केरी बिदामा रहेकी र सुत्केरी बिदापछि सरुवा भएको युनिटमा हाजिर हुन गएको तर त्यहाँ उनलाई गरेको व्यवहारले गर्दा सिपाही आरतीकुमारी सिंहलाई १५ वर्ष ७ महिनामा उपदान निस्कन बाध्य पारियो । उनको ५ महिनापछि पेन्सन आजीवन आउँथ्यो तर उपदान मात्र पाए ।

यस्तो अन्याय गर्नेहरुलाई अवश्य पनि सिपाहीको आंसु लाग्ने छ । आरतीका शिशु र नालाबक सन्तानले पनि सराप्नेछन् । श्रीमान प्रधानसेनापतिज्यू, यो सबै सुवेदार नेत्रबहादुरको सिफारिसमा म.से. बमले गरेका हुन् । यी सुवेदारले यतिसम्म गरेका छन् कि श्रीमान संपादकज्यू, निवेदन प्रधानसेनापतिज्यू र नेपाली सैनिक अदालतसम्म पुगोस् भनेर अनुरोध गर्दछौं ।

त्यसैले यस विषयलाई सामान्य आन्तरिक विवाद ठानेर पन्छाउन मिल्दैन । सम्बन्धित निकाय-जंगीअड्डा, सैनिक प्रहरी, सैनिक अदालत तहबाट-निष्पक्ष, गोप्य र प्रभावकारी छानबिन होस् । आरोपित, पीडित, साक्षी र प्रशासनिक पक्षलाई एउटै मापदण्डमा राखेर तथ्य परीक्षण गरियोस् । वीरेन्द्र सैनिक अस्पतालका मोबाइल, मेसेन्जर, खरिद प्रक्रिया, राशन अभिलेख, ड्युटी तालिका, सरुवा सिफारिस, बोर्ड पास छकि छैन, कागजात र आर्थिक निर्णयहरू सबैको प्राविधिक तथा प्रशासनिक परीक्षण गरियोस् । यदि आरोप झुटा हुन् भने सार्वजनिक रूपमा स्पष्ट गरियोस् । यदि सत्य हुन् भने सैनिक, ऐन नियम विपरीत अन्याय दोषीमाथि सैनिक नियमअनुसार कठोर कारबाही होस् ।

अन्त्यमा,

सैनिक संस्था राष्ट्रको भरोसाको स्तम्भ हो । त्यही स्तम्भभित्र यदि शोषण, भय र बेथिति मौलाउँछ भने त्यसको असर केवल एउटा अस्पतालमा सीमित रहँदैन-पुरै संस्थामाथि जनविश्वास डगमगाउँछ । त्यसैले, तपाईंको सम्मानित साँघु साप्ताहिकमार्फत मार्फत यो विषयलाई सशक्त रूपमा उठाइदिनुहुन, जनचासोको मुद्दा बनाइदिनुहुन तथा सम्बन्धित निकायलाई उत्तरदायी बनाउन सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

“अनुशासनको नाममा अन्याय ढाक्न पाइँदैन-न्याय नै सैनिकको असली शक्ति हो ।”

*भवदीय,*
*एक चिन्तित सैनिक परिवार/पीडित पक्षको तर्फबाट*

## सेनाका एघार जर्नेलको काज सरुवा, नयाँ जिम्मेवारी तोकियो

काठमाडौं । नेपाली सेनाले एघार जना सहायक रथी (ब्रिगेडियर जनरल)हरूको विभिन्न युनिटमा काज सरुवा गर्ने निर्णय सार्वजनिक भएको छ । प्रधानसेनापति, सैनिक सचिव विभागको निर्णयअनुसार २०८२ चैत ११ गतेदेखि लागू हुनेगरी उक्त सरुवा गरिएको हो ।

सैनिक स्रोतका अनुसार सरुवाले नेतृत्व तहमा जिम्मेवारी पुनर्संरचना गर्दै विभिन्न महत्त्वपूर्ण निर्देशनालय, तालिम प्रतिष्ठान तथा बाहिनीहरूमा अनुभवी अधिकृतहरूलाई खटाइएको छ ।

**सरुवा भएका प्रमुख सहायक रथीहरू:**

सहायक रथी **भुवनपूर्ण सत्याल**-पूर्वी पृतना हे.क्वा.मा
सहायक रथी **रामकाजी थापा**-सैनिक इन्टेलिजेन्स निर्देशनालय
सहायक रथी **राजेन्द्र श्रेष्ठ**-शोध तथा विकास निर्देशनालय
सहायक रथी **अर्जुन खड्का**-अभिलेखालयपति, सैनिक अभिलेखालय
सहायक रथी **सुवास जंग थापा** -सैनिक तालिम महानिर्देशनालय
सहायक रथी **अमृत काजी गुरुङ**-सैनिक विशेष इन्टेलिजेन्स निर्देशनालय
सहायक रथी **युवराज कार्की**-वन तथा पर्यावरण सुरक्षा निर्देशनालय
सहायक रथी **निर्जल बहादुर अधिकारी**-असवाव निर्देशनालय
सहायक रथी **सन्तोष कार्की**-नि. बाहिनीपति नं. ३ बाहिनी अड्डा ।
सहायक रथी **उज्ज्वल राणा**-नि. बाहिनीपति नं. ६ बाहिनी अड्डा ।
सहायक रथी **विजेन्द्र राज रेग्मी**-नि. बाहिनीपति नं. २५ बाहिनी अड्डा ।

**नेतृत्व पुनर्संरचनाको संकेत**

यो सरुवालाई नेपाली सेनाले आफ्नो संगठनभित्र नेतृत्व सन्तुलन मिलाउने, कार्यसम्पादन प्रभावकारी बनाउने तथा रणनीतिक निकायहरूलाई थप सुदृढ गर्ने प्रयासका रूपमा लिएको बुझिएको छ । विशेषगरी इन्टेलिजेन्स, शोध तथा विकास, तालिम र अभिलेख व्यवस्थापन जस्ता संवेदनशील क्षेत्रहरूमा अनुभवी अधिकृतहरूलाई खटाइएको छ, जसले सेनाको संस्थागत क्षमतामा थप मजबुती ल्याउने अपेक्षा गरिएको छ ।

**निष्कर्ष** : नेपाली सेनाभित्रको यो काज सरुवा नियमित प्रशासनिक प्रक्रिया भए पनि यसले आगामी दिनमा रणनीतिक योजना, सुरक्षा समन्वय र कार्यक्षमता सुधारमा महत्वपूर्ण प्रभाव पार्ने विश्लेषण गरिएको छ ।

# सरकारको 'एक सय बुँदे' निजामती वृत्तमा तरंग

# कर्मचारी संगठनको सवाल : अधिकार खोसिए स्वीकार्य हुँदैन



**उत्तम कटवाल**
अध्यक्ष, नेपाल निजामती कर्मचारी युनियन

*(०८२ चैत १४ गते शनिवार नवगठित सरकारले निजामती प्रशासन सुधारलगायतका विषय समेटेर १ सय बुँदे प्रतिबद्धता पत्र सार्वजनिक गरेको थियो। जसको १२ नम्बर बुँदामा हाल निजामती प्रशासनमा अस्तित्वमा रहेका दलीय ट्रेड युनियनहरूको खारेजीको विषयसमेत उल्लेख गरिएको छ। त्यसैले निजामती प्रशासनमा यतिखेर नयाँ तरंग उत्पन्न हुन पुगेको छ। ट्रेड युनियनमा संगठित कतिपय पदाधिकारी कर्मचारीहरूले यसअघि सोही आडमा प्रशासनलाई बदनाम गरेको गुनासाहरू निरन्तर रूपमा बाहिर आउने गरेका थिए। सोही विषयलाई मध्यनजर गर्दै खारेजीको कुरा गरिएको अनुमान भइरहेको छ। अझ आफूअनुकूल पार्टीको सरकारको कार्यकालमा त उनीहरूले कर्मचारी सरुवा, बढुवालगायत सवालमा पनि दादागिरी मच्चाएको कारण कर्मचारी प्रशासन निकै बदनाम छ। हालै सरकारले लिएको ट्रेड युनियन खारेजीको नीतिका कारण कर्मचारीतन्त्रमा मौलाएको बेथिति, भ्रष्टाचार, सरुवा, बढुवामा समेत न्यूनीकरण हुने अपेक्षा गरिएको छ। राजनीतिक पहुँचको आधारमा प्रायः मालदार अड्डामा सरुवाका लागि तछाडमछाड गर्ने प्रवृत्तिमा समेत कमी आउन सक्छ। मुलुक संघीय प्रणालीमा गएसँगै संघमा कार्यरत कर्मचारी र प्रदेश वा स्थानीय तहमा कार्यरतहरूको मनोभावना फरक देखिन्छ।*

*नवगठित सरकारले निजामती प्रशासन सुधारको नाममा दलीय ट्रेड युनियन खारेज गर्ने संकेत गरेपछि कर्मचारीतन्त्रभित्र बहस चर्किएको छ। एकातिर कर्मचारी संगठनको आडमा मौलाएको बेथिति, सरुवा–बढुवामा हस्तक्षेप र पहुँचवादप्रति जनआक्रोश छ। अर्कातिर संविधानले दिएको संगठन स्वतन्त्रता र पेशागत अधिकारको रक्षा गर्ने प्रश्न उत्तिकै गम्भीर रूपमा उभिएको छ। यही द्वन्द्वबीच नेपाल निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तम कटवाल सरकारको कदमलाई 'पुनरावलोकनयोग्य विषय' भन्दै कानुनी प्रतिरक्षाको चेतावनीसमेत दिन्छन्। सोही कारण सेवाग्राही नागरिक र कर्मचारीबीच समन्वय र सद्भाव खासै बढ्न सकेको पनि देखिँदैन। यी र यस्ता समस्या समाधानका लागि ट्रेड युनियनकर्मीहरूको भूमिका, सरकारले भरखरै घोषणा गरेको ट्रेड युनियन खारेजीपछिको रणनीति, सरकारप्रतिको प्रतिबद्धतालगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौंलागाईंले अध्यक्ष कटवालसँग गरेको कुराकानीको सम्पादित अंश :)*

**० राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह नेतृत्वको सरकारले दलीय ट्रेड युनियन खारेज गर्ने घोषणा गरिसकेको छ, तपाईं युनियनको अध्यक्षको हैसियतले के प्रतिक्रिया दिनुहुन्छ ?**

सर्वप्रथम त निर्वाचित सबैलाई हार्दिक बधाइ छ। पछिल्लो घटनाक्रमलाई हेर्दा वर्तमान सरकारले सय दिने कार्यसूचीभित्र युनियन खारेजीको विषय पनि समावेश गरेको छ। विभिन्न मिडियाले लेख्ने क्रममा दलीय ट्रेड युनियन लेख्ने गरेको पाइन्छ। वास्तवमा यो दलीय ट्रेड युनियन नभई राष्ट्रियस्तरको ट्रेड युनियन हो। किन दलीय होइन भन्ने पाँच हजार कर्मचारी



सदस्य संख्या र २० जिल्ला कार्यसमिति भएको संस्था हो। जुन संस्थाले सरकारले तोकेका मापदण्ड पूरा गरेर श्रम विभागमा दर्ता भएको छ। तसर्थ सरकारले यो संस्था हटाउन खोजेको जस्तो लाग्दैन।

**० यस्ता विषयले किन चर्चा पाउँछन् नि ?**

राजनीति परिवर्तनसँगसँगै यस्ता विषय उठ्छन्। फेरि कर्मचारीले सरकारलाई सफल बनाउन सहयोग गर्ने विषय धेरै हुन्छन्। ट्रेड युनियन सञ्जालभित्र रहेका सबै ट्रेड युनियनहरूले सरकारलाई सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छौं। यो हामी स्थायी सरकार भएका नाताले गरेका हौं। तसर्थ बाहिर आएको विषय जस्तो यो सत्य हो भन्ने मलाई लाग्दैन।

**० यदि यो विषय सत्य रहेछ भने तपाईंहरूको रणनीति र प्रतिरक्षा कसरी हुन्छ ?**

२०६४ पछि बन्द हडतालसहितको ट्रेड युनियन देशमा स्थापित भएको हो। यो धेरै संघर्ष र बलिदानबाट प्राप्त भएको विषय हो। यदि यो सत्य हो भने अहिले पनि केही बिग्रिएको छैन, यसमा सरकारले पुनरावलोकन गर्नुपर्छ। निर्वाचनको समयमा पनि नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी संगठन गरी तीनवटा संगठनले थ्रेसहोल्ड पार गरेको अवस्था हो। आधिकारिक ट्रेड युनियनको निर्वाचन २०७३ सालपछि हुन सकेको छैन। यो नियमित हुन जरुरी छ। अहिले बनेको बहुमतको सरकारले कर्मचारीलाई चलाउने काम गर्दैन भन्ने हाम्रो विश्वास छ। हामी बाहिर हल्ला भएजस्तो राजनीतिक नभई कर्मचारीको वृद्धि-विकास र सहयोगका लागि हौं। देशको नाममा शपथ लिएका कारण पनि हामी देशप्रति इमानदार छौं। तसर्थ राष्ट्रियस्तरका ट्रेड युनियन हट्ने र आन्दोलन गर्नुपर्ने दिन आउँछ भन्ने मलाई लाग्दैन।

**० कर्मचारी नेताले बिचौलियाको भूमिका निर्वाह गरेको र सरुवा–बढुवामा अतिरिक्त चासो लिएको आरोप पनि छन् नि ?**

यो अहिले उठेको र सर्वत्र चासोको विषय हो। नागरिकले कर्मचारीलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने हामीले बुझेका छौं। अर्कोतर्फ, कुनै पनि सरकार परिवर्तन हुँदा मन्त्रीको अघिपछि हिँड्ने, प्रभाव पार्ने भन्ने आरोप गलत हो। नेपाल निजामती कर्मचारी युनियनले कुनै पनि काम प्रभाव र दबाबमा गरेको छैन। २०६४ पछि नयाँ हुँदाको अवस्थामा ट्रेड युनियनमा विकृति भयो भन्ने आम नागरिक र मिडियाको चासोलाई आधिकारिक ट्रेड युनियनको निर्वाचनपछि ती विषयको निराकरण भएको छ। यो हाम्रोमा मात्र होइन, सबैमा सुधार भएको छ। क्वालिटीभन्दा बाहेक अन्यत्र दबाब राखेको मलाई जानकारी छैन। सरकार सञ्चालनमा हामी सधैं कर्मचारीको भूमिकामा रहेर काम गरेका छौं। तपाईंले भन्नुभएजस्तो बिचौलियाको रोल पनि हाम्रो युनियनले नगरेको विषय प्रष्ट गर्न चाहन्छु।

**० तपाईंको दाबी र २०८२ भदौमा तत्कालीन सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले गर्नुभएको सरुवा जेन्जी आन्दोलनपछि कार्यान्वयन हुन सकेन, त्यसमा ट्रेड युनियन हावी भएको भनिएको दाबी निराधार हो भन्ने कुनै तर्क छ ?**

यो अहिले उठाएको विषय, न्यौपाने सामान्य प्रशासन मन्त्री हुँदा १ सय ३३ जना उपसचिव सरुवा भएको विषय सत्य हो। त्यो पोस्टिङको विषय थियो। कर्मचारी जाने क्रममा आन्दोलन भयो र सरकार पदच्युत भयो। नयाँ सरकारले त्यो निर्णय कार्यान्वयनमा रोक लगाएको जस्तो लाग्छ। अरू युनियनको विषयमा जवाफ उहाँहरूले नै दिने हो। हाम्रो युनियनले यो विषयमा कुनै प्रकारको दबाब नगरेको जानकारी गराउन चाहन्छौं। अर्को विषय, पहिलो मन्त्रीले गरेको निर्णय दोस्रो मन्त्रीबाट किन कार्यान्वयन गरिएन भन्ने विषय राजनीतिक विषय पनि हो। यसको जवाफ तत्कालीन मन्त्रीबाट लिँदा राम्रो हुन्छ।

**० कर्मचारी युनियनको निर्वाचन हुन नसक्नुको कारण के हो ?**

निर्वाचन हुन नसकेको कुरा सत्य हो। समयमा निर्वाचन हुनुपर्छ भन्ने कुरा नेपाल निजामती कर्मचारी युनियनले सधैं उठाइरहेको छ। र, हाम्रा माग त निर्वाचन अहिले हुनुपर्छ भन्ने छ। र, हामी सरकारसँग यो विषयको जोडदार माग गर्दछौं। यो भनेको सरकारको प्रतिनिधिमूलक संस्था हो। यो संस्थाले कर्मचारीका सेवा, सर्त, सुविधाका लागि आवाज उठाइरहेको छ। संघीय निजामती ऐन आउन सकेको छैन। यस विषयमा पनि हामीले आवाज उठाइरहेका छौं। बहुमतको सरकार आएको छ, अब आधिकारिक ट्रेड युनियनको निर्वाचन हुन्छ भन्नेमा हामी विश्वस्त छौं।

**० ट्रेड युनियनको रक्षा र संघीय ऐन ल्याउनका लागि तपाईंहरूको अबको भूमिका के हुन्छ ?**

२०६४ ले बन्द हडतालसहितको ट्रेड युनियनको परिकल्पना गऱ्यो। ट्रेड युनियन अधिकार कसैले रातो कार्पेट ओछ्याएर किस्तीमा राखेर दिएको होइन। यो कर्मचारीको आन्दोलनबाट स्थापित भएको संगठन हो। अहिलेको सरकारले यो कदम चाल्छ भन्ने मलाई लाग्दैन। यसको कारण के हो भने सरकारको अभिन्न अंगको रूपमा रहेको कर्मचारीतन्त्रसँग छलफल नगरी सरकारले यो निर्णय गर्छ जस्तो मलाई लाग्दैन। यदि यसो भयो भने हामी कानूनी प्रक्रियामा हाम्रो रक्षात्मकताका लागि लड्नेछौं। संविधानका धारा, आइएलओ सन्धि, अभिसन्धि छन्। १ सय ५४ राष्ट्रमा रहेको पीएसआई नेपाल छ। युएनआई लगायतका ट्रेड युनियन छन्। यी सबैसँग हाम्रो सम्बन्धन भएका कारण यी सबैबाट आवाज उठ्ने हुँदा यो विषय तपाईं-हामीले चर्चा गरेजस्तो सजिलो विषय होइन भन्ने मलाई लाग्छ। संघीय निजामती ऐनको सन्दर्भमा निजामती दिवसको उपलक्ष्यमा भदौ २२ गते ल्याउने भन्ने थियो। तर आउन सकेन। १० वर्षमा निजामती ऐन नआउनु दुःखको कुरा हो। अहिलेको सरकारले ४५ दिनभित्र यसलाई कार्यान्वयन गर्ने भनेको छ। त्यो समयसम्म पर्खेर हेर्नुपर्छ। र, यो कर्मचारीको पक्षमा हुनेछ भन्ने हाम्रो विश्वास छ।

**० सार्वजनिक सेवामा रहेका कर्मचारीको ०४८ देखिको सम्पत्ति छानबिनको विषय पनि उठेको छ, यो विषयलाई कसरी हेर्नुहुन्छ ?**

कर्मचारीको छानबिनको विषय अहिले उठेको छ। यसमा जसजसले जे-जे गर्नुभएको छ, जुन तरिकाले गर्नुभएको छ र चल्नुभएको छ, त्यसको सही वा गलत छुट्याउने अधिकार सरकारसँग निहित छ। यसको छानबिन गरेर सही र गलत सरकारले छुट्याउनेछ भन्ने मेरो विश्वास छ।

**० कमाउ अड्डामा जान कर्मचारीको तछाडमछाड चलिरहेको छ, संगठनले नसकेपछि सरकार वा अरू कसैले गर्नु जरुरी पनि छ, अबको कर्मचारीतन्त्रको अवस्था कस्तो रहला ?**

यो नेपाल सरकारको पोलिसी हो। एउटै कर्मचारीलाई बारम्बार अवसर दिनु हुँदैन भन्ने हाम्रो मान्यता रहिआएको छ। ३५ वर्ष लामो विकृति तोड्नका लागि नयाँ सरकार आएको छ। अबका दिनमा हुने कर्मचारी सरुवामा नयाँ सरकारको ध्यान जानेछ भन्ने कुरामा म विश्वास राख्दछु। र, यो हुन जरुरी पनि छ।

**० ट्रेड युनियनका कर्मचारी भने सरुवा नभई लामो समयसम्म एउटै अड्डामा बसेका धेरै उदाहरण छन्, के युनियनका कर्मचारीले राज्यको सरुवा प्रणाली मान्नु पर्दैन ?**

हो, केही कर्मचारी यसरी बसेको देखिन्छ। तर, एउटा कार्यालयमा कर्मचारी कति समय बस्न पाउँछ र कति समयमा सरुवा गर्नुपर्छ भन्ने प्रावधान हिजो पनि थियो र आज पनि छ। यसलाई सरकारले सही ढंगले परिचालन गर्नुपर्छ। एउटै व्यक्ति शक्तिको आडमा कति समयदेखि एउटै अड्डामा बसिरहेको छ, सरकारले त्यसको खोजी गरी आवश्यक निर्णय गर्नेछ। कर्मचारीले सरकारको सरुवा प्रणालीलाई मान्नुपर्छ। र, आगामी दिनमा यो समस्या हटेर जानेछ भन्ने विश्वास लिएको छु।

**० वर्तमान अवस्थामा कर्मचारीमा धेरै बेथिति मौलाउँदै गएको छ, यसको निराकरण कसरी हुन सक्छ ?**

वर्तमान अवस्थामा निजामती सेवामा रहेका विकृतिको अन्त्य हुन्छ। नागरिकसँग कर्मचारीको सम्बन्ध कमजोर बन्दै गएको छ। यो बलियो बन्नुपर्छ। नागरिक र कर्मचारीको सम्बन्धमा देखिएका त्रुटीको बारेमा पनि खोज गरिनुपर्छ। नागरिक, कर्मचारी र सरकार एकअर्काका परिपूरक भएका कारण पनि यी तीनको सम्बन्ध बलियो हुनुपर्छ। यसका लागि आ-आफ्नो क्षेत्रबाट सबैले आफूमा भएका कमजोरीको सुधार गरेर अघि बढ्नुको विकल्प छैन।

**० कर्मचारीको तलब-भत्ता कम भएको गुनासो बाहिर आएका छन्, तीस वर्ष सेवा अवधि पूरा गरेकालाई अवकाशमा लाने विषय पनि उठेको छ, यो विषयबारे यहाँको धारणा के छ ?**

सरकारले यसबारे विज्ञ टोली गठन गरेर काम गरिरहेको बुझ्नमा आएको छ। आजको कर्मचारीको तलबको तुलना गर्ने हो भने त्यो न्यून नै रहेको छ। खरिदार, सुब्बा तहका कर्मचारीलाई आजको दिनमा आजको तलबले काठमाडौंमा दैनिकी चलाउन गाह्रो छ। बुझ्नुपर्ने विषय के छ भने बजार मूल्य त सबैका लागि बराबर छ। तर कर्मचारीको तलब भने श्रेणीअनुसार फरक छ। यसको अर्थ के हो भने खाना र बालबच्चा पढाउनका लागि आवश्यक पर्ने तलब-भत्ताको सन्तुलन सरकारबाट होस् भन्ने हाम्रो चाहना रहेको छ। यसले अहिले बढिरहेको भ्रष्टाचार रोक्नका लागि समेत सहयोगी हुनेछ। यसका लागि सरकारले कर्मचारीलाई व्यवस्थित गर्नु जरुरी छ।

**० संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीले सेवा गरिरहँदा स्थानीय तहका कर्मचारीले आफूलाई सानो महसुस गर्ने गर्छन् भन्ने भाष्य निर्माण गरिएको छ, के यो सत्य हो ?**

स्वाभाविक रूपमा उहाँहरूले राख्नुभएको कुरा के हो भने यहाँ तलबमान पनि केही फरक छ। यसको कारण के हो भने संघको कर्मचारी देशभरि सरुवा हुन सक्छ भने स्थानीयको स्थानीयमै मात्र। त्यही भएर तलबमान फरक भएको हो। जहाँ सीमितता छ, त्यहाँ सुविधा विस्तार बढी हुनुपर्छ भनेर यो संरचना र तलबमान राखिएको हो। पहिला संघ र स्थानीयको नियुक्ति फरक थियो। सुविधाको हिसाबले हेर्ने हो भने स्थानीयमा बढी छ। वृद्धि विकासको रूपमा हेर्ने हो भने संघमा बढी छ। यसलाई राज्यको संरचना गर्दा नै यो वैज्ञानिक आधार मानेका कारण कर्मचारीले आफूलाई सानो र ठूलो मान्नुपर्ने कारण म देख्दिनँ। संघीय निजामती ऐन आएपछि यी सबै समस्याको निराकरण भएर जानेछ। जहाँ तीनै तहका कर्मचारीलाई कसरी सम्बोधन गर्ने भन्ने स्पष्ट हुनेछ।

**० तपाईंहरूको २०८२ फागुनमा गर्ने अधिवेशन किन रोकियो, निर्वाचन आचारसंहिताका कारणले हो कि अरू कुनै कारण छन् ?**

हो, हामीले २०८२ फागुनको ५, ६, ७ मा ट्रेड युनियनको निर्वाचन गर्ने तयारी गरेका थियौं। प्रतिनिधि सभाको निर्वाचन तय भएका कारण आचारसंहिता लागू भयो र हाम्रो कर्मचारी युनियनको महाधिवेशन रोकियो। केन्द्रीय सम्पादन समितिको बैठकले मिति तय गरेर महाधिवेशन गर्ने भन्ने निर्णय भएको छ। केन्द्रीय सम्पादन समितिले अब छिट्टै महाधिवेशनका लागि मिति तयार गर्नेछ। र, हाम्रो महाधिवेशन भएर नेतृत्व चयन हुनेछ। त्यसका लागि हामीले केही समय पर्खनुपर्ने हुन्छ।

**अन्तिममा के भन्न चाहनु हुन्छ ?**

सरकारले प्रशासन सुधारको नाममा उठाएको कदम लोकप्रिय नारा बन्न सक्छ, तर वैधानिक परीक्षणमा टिक्न संविधान, मौजुदा कानून र संस्थागत प्रक्रिया सबैको सामना गर्नुपर्ने हुन्छ। कर्मचारी संगठनहरूले पनि अब पुरानै शैलीको संरक्षणवाद, पहुँचवाद र राजनीतिक आडको राजनीति त्यागेर आफूलाई पेशागत, उत्तरदायी र सुधारमुखी संस्थाका रूपमा प्रमाणित गर्नुपर्ने बेला आएको छ। अर्को शब्दमा, यो बहस केवल ट्रेड युनियन बचाउने वा खारेज गर्ने होइन ! नेपालको निजामती प्रशासनलाई कानूनी राज्य, पेशागत मर्यादा र सार्वजनिक उत्तरदायित्वतर्फ कसरी मोड्ने भन्ने ठूलो प्रश्न हो।

### किन आउन सकेन संघीय निजामती ऐन ?
- १० वर्षसम्म ऐन नआउनु नीतिगत असफलता
- संघ, प्रदेश, स्थानीय तहबीच भूमिका अस्पष्टता
- कर्मचारी व्यवस्थापनमा राजनीतिक हस्तक्षेप
- सरकारको नयाँ प्रतिबद्धता : ४५ दिनभित्र ल्याउने दाबी
- संविधानले संघ–संस्था खोल्ने अधिकार सुनिश्चित गरेको छ
- श्रमसम्बन्धी अधिकारभित्र ट्रेड युनियन गठनको हक समावेश
- अन्तर्राष्ट्रिय रूपमा क्षेइ अभिसन्धि र एक्ष नेटवर्कसँग सम्बन्ध

### अबको बाटो के ?
- १० वर्षमा निजामती ऐन नआउनु राज्यकै कमजोरी हो।"
- ट्रेड युनियन नियमित निर्वाचनमार्फत वैधता बलियो बनाउने।
- सरुवा–बढुवामा पारदर्शी प्रणाली लागू गर्ने।
- संघीय निजामती ऐनमार्फत तीन तहको स्पष्ट संरचना।
- कर्मचारी, सरकार र नागरिकबीच विश्वास पुनःस्थापना।

### कर्मचारीतन्त्रका मुख्य समस्या
- कमाउ अड्डामा जान तछाडमछाड प्रवृत्ति
- एउटै ठाउँमा लामो समय बस्ने शक्ति–आधारित संस्कृति
- कमजोर तलब संरचनाले बढाएको भ्रष्टाचार जोखिम
- नागरिकसँग दूरी बढ्दै गएको विश्वास संकट

# पश्चिम एसियाको आगो, नेपालमाथि आर्थिक धक्का
## कार्यदलको औपचारिकता कि संकट व्यवस्थापनको असली तयारी ?



शंकरमान सिंह

**पश्चिम एसिया फेरि बारुदको थुप्रोमाथि उभिएको छ। इरान, इजरायल र अमेरिकाबीच बढ्दो टकरावले त्यो क्षेत्र मात्र होइन, विश्व अर्थतन्त्रलाई नै अस्थिर बनाउने संकेत दिइसकेको छ। तर प्रश्न के हो भने–यस्तो विश्वव्यापी संकटको प्रत्यक्ष झट्का खेप्नुपर्ने मुलुक नेपाल तयार छ कि छैन ? अझ ठोस प्रश्न त यो हो–सरकार सचेत छ, कि परम्परागत ढंगले 'कार्यदल गठन' गरेर समय काट्ने पुरानै रोग दोहोर्याइँदै छ ?**

नेपाल भौगोलिक रूपमा पश्चिम एसियाबाट टाढा देखिए पनि आर्थिक रूपमा त्यो क्षेत्रसँग गहिरो रूपमा जोडिएको छ। नेपालको रेमिट्यान्स अर्थतन्त्र, पेट्रोलियम निर्भरता, औद्योगिक कच्चा पदार्थको आपूर्ति, ग्यास भण्डारणको कमजोर संरचना र वैदेशिक रोजगारीको ठूलो हिस्सा–सबै कुनै न कुनै रूपमा मध्यपूर्वसँग गाँसिएका छन्।

त्यसैले पश्चिम एसियामा एक चिङ्गारी बल्दा नेपालमा महँगीको ज्वाला, आपूर्तिको संकट र रोजगारीको असुरक्षा एकैचोटि देखापर्नु अस्वाभाविक होइन। समस्या यहीँबाट शुरू हुन्छ-संकट वास्तविक छ, तर हाम्रो राज्य संयन्त्रको प्रतिक्रिया अझै कागजी छ।

**रेमिट्यान्सको मेरुदण्डमा दरार पर्न सक्ने खतरा**

नेपालका करिब १७ देखि १८ लाख नेपाली श्रमिक मध्यपूर्वका विभिन्न मुलुकमा कार्यरत रहेको अनुमान छ। उनीहरूले पठाएको रेमिट्यान्सले यहाँको उपभोग, बैंकिङ तरलता, घरपरिवारको खर्च र समग्र अर्थतन्त्रलाई धानेको छ। तर पश्चिम एसियामा युद्ध लम्बियो भने पहिलो चोट श्रम बजारमा पर्नेछ। निर्माण, सेवा, यातायात, सुरक्षा र ऊर्जा-सम्बन्धित क्षेत्रमा कार्यरत हजारौं नेपालीको रोजगारी जोखिममा पर्न सक्छ।

**यहीं प्रश्न उठ्छ–के सरकारसँग स्पष्ट आकस्मिक योजना छ ?**

यदि हजारौं वा लाखौं नेपाली श्रमिक स्वदेश फर्कनुपर्ने अवस्था आयो भने के उनीहरूका लागि पुनःस्थापना, सीप उपयोग, सामाजिक सुरक्षा र रोजगारी सिर्जनाको खाका तयार छ ? अहिलेसम्मका संकेत हेर्दा उत्तर सकारात्मक छैन।

सरकारको शैली हेर्दा अझै पनि समस्या 'आयो भने हेरौंला' भन्ने छ। यो शैली अब चल्दैन। रेमिट्यान्समा धक्का लाग्नु भनेको केवल वैदेशिक मुद्रा आर्जन घट्नु मात्र होइन। त्यो ग्रामीण अर्थतन्त्र, सहकारी, बैंकिङ प्रणाली र उपभोग-आधारित बजारमा सिधै दबाब पर्नु हो।

**पेट्रोलियम निर्भरता : नेपालको कमजोरी फेरि नांगियो**

नेपालको अर्को गम्भीर कमजोरी हो-ऊर्जामा चरम परनिर्भरता। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारल १५० देखि २०० अमेरिकी डलरसम्म पुग्न सक्ने आकलन भइरहेका बेला नेपालजस्तो आयात-निर्भर अर्थतन्त्रले त्यसको सीधा मार बेहोरिहाल्छ। पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र एलपी ग्यास–सबैको मूल्य अस्वाभाविक रूपमा बढ्न सक्छ।

**यसको अर्थ के हो ?**

ढुवानी महँगो हुन्छ। उत्पादन लागत बढ्छ। बजार महँगिन्छ। उपभोक्ताको ढाड सेक्छ। र, अन्ततः समग्र अर्थतन्त्रमा मुद्रास्फीतिको नयाँ चक्र शुरू हुन्छ। नेपाल आयल निगम दैनिक अर्बौं घाटामा जान सक्ने अवस्था देखिनु सामान्य संकेत होइन। यो त त्यो गहिरो संरचनात्मक रोगको लक्षण हो, जसलाई हामीले वर्षौंसम्म राजनीतिक भाषणले ढाक्ने प्रयास मात्र गर्‍यौं।

विद्युत् उत्पादन बढ्यो भनेर आत्ममुग्ध हुने राज्यले खाना पकाउने ग्यास, ढुवानी इन्धन र औद्योगिक ऊर्जा विकल्पमा कुनै साहसी रूपान्तरण गर्न सकेन। परिणाम–जसै बाह्य संकट आयो, नेपाल फेरि घुँडा टेक्ने अवस्थामा पुग्यो।

**आधा सिलिन्डरको राजनीति, पूर्ण संकटको व्यवस्थापन होइन**

बजारमा एलपी ग्यासको अभाव बढेपछि आधा सिलिन्डर मात्र वितरण गर्ने उपाय अपनाउनु संकट व्यवस्थापन होइन, अभावलाई प्रशासनिक रूपमा बाँडफाँट गर्ने अस्थायी कसरत मात्रै हो। जनतालाई 'समान दुःख' बाँडेर राज्यको दायित्व पूरा हुँदैन। प्रश्न छ-ग्यासको विकल्प के ? विद्युत् चुल्हो प्रवर्द्धन कहाँ ? घरायसी ऊर्जाको रूपान्तरण योजना कहाँ ? सार्वजनिक यातायात विद्युतीकरणको रोडम्याप कहाँ ?

**उद्योग, औषधि र उपभोक्ता बजारमा चर्को असर**

पश्चिम एसियाको तनावको असर पेट्रोलियममै सीमित छैन। पेट्रो-केमिकलमा आधारित कच्चा पदार्थको मूल्य बढ्दा प्लास्टिक दाना, ग्लिसरिन, पेट्रोलियम जेली, प्याकेजिङ सामग्री, सलाइन बोतल, औषधिका कच्चा पदार्थ, खानेपानी जार तथा बोतल उद्योग-सबै प्रभावित हुन्छन्। एक महिनामै ३० देखि ७० प्रतिशतसम्म मूल्यवृद्धि हुनु सामान्य व्यापारिक उतारचढाव होइन, यो आपूर्ति-आधारित संकटको गम्भीर संकेत हो।

तर विडम्बना के छ भने राज्यको प्राथमिकता सूचीमा स्वास्थ्य क्षेत्र अझै पछाडि छ। सिटामोल, सलाइन, मलहम, प्राथमिक स्वास्थ्य सामग्री वा औषधि उद्योगमा कच्चा पदार्थको उपलब्धता सुनिश्चित गर्ने स्पष्ट योजना सार्वजनिक भएको छैन। अर्थात् संकटको आँधी चलिरहँदा सरकार अझै छानाको प्वाल नापिरहेको छ।

**एडीबीको चेतावनी : 'त्रिपक्षीय दबाब' लाई हल्का नठान**

एसियाली विकास बैंकले ऊर्जा मूल्यवृद्धि, रेमिट्यान्स गिरावट र वित्तीय कडाइलाई 'त्रिपक्षीय दबाब' भनेको छ। यसको अर्थ, नेपालले एकैपटक तीन मोर्चामा दबाब झेल्नुपर्ने अवस्था आउन सक्छ। एकातिर आयात महँगो हुन्छ, अर्कोतिर रेमिट्यान्स घट्न सक्छ, तेस्रोतिर बाह्य वित्तीय वातावरण कडा बन्दा लगानी र ऋण व्यवस्थापन जटिल बन्छ।

यस्तो अवस्थामा नेपाली अर्थतन्त्रको कमजोर पक्ष झन् छरपस्ट हुन्छ-निर्यात कमजोर, उत्पादन आधार सीमित, ऊर्जा आयात-निर्भर, नीति कार्यान्वयन सुस्त, र संकटपूर्व तयारी लगभग शून्य।

सरकारले कार्यदल बनाउने तयारी गरेको खबरलाई उपलब्धि जस्तो प्रस्तुत गरिनु आफैंमा विडम्बना हो। यत्रो संकटको बेला कार्यदल गठन सुरुवात हुन सक्छ, समाधान होइन। कार्यदलले ३० दिनमा बस्छ, ९० दिनमा प्रतिवेदन बुझाउँछ, अनि सरकारले अध्ययन गर्छ-यो शैली युद्धजन्य आर्थिक संकटसँग जुध्ने शैली होइन, यो त प्रशासनिक शिथिलताको अर्को नाम मात्र हो।

**संकटको असली परीक्षा : निर्णय गर्ने साहस छ कि छैन ?**

नेपालको राज्य संयन्त्रको पुरानो बानी हो-पहिला संकटलाई कम आँक्ने, पछि कागजी बैठक गर्ने, अनि अन्तिम घडीमा जनतालाई मितव्ययी बन्न उपदेश दिने। पश्चिम एसियाको वर्तमान तनावले फेरि त्यही मनोविज्ञान उजागर गरेको छ। तर यो पटक कुरा सामान्य छैन। यो संकटले रुस-युक्रेन युद्धभन्दा पनि नेपालमा प्रत्यक्ष असर पार्न सक्छ, किनकि यसले रेमिट्यान्स, ऊर्जा आपूर्ति र श्रम बजार तीनै क्षेत्रमा एकैपटक चोट पुर्‍याउने सम्भावना बोकेको छ।

**अहिले आवश्यक के छ भने : सरकारले तुरुन्तै**

**एक, पेट्रोलियम र एलपी ग्यासको आपूर्ति सुरक्षा योजना ल्याउनुपर्छ।**

**दुई, श्रमिक फिर्ता हुने सम्भावनालाई ध्यानमा राखी पुनःस्थापना कोष र कार्यक्रम घोषणा गर्नुपर्छ।**

**तीन, औषधि तथा अत्यावश्यक कच्चा पदार्थ आयातका लागि विशेष संरक्षण संयन्त्र बनाउनुपर्छ।**

**चार, विद्युत–आधारित ऊर्जा रूपान्तरणलाई युद्धस्तरमा अघि बढाउनुपर्छ।**

**पाँच, महँगी नियन्त्रण र आपूर्ति अनुगमनमा कठोर सरकारी उपस्थिति देखिनुपर्छ।**

**यस्ता कदमबिना कार्यदल, प्रतिवेदन र अध्ययनका फाइलहरूले जनता न तताउँछन्, न ग्यास दिन्छन्, न रोजगारी जोगाउँछन्।**

**निष्कर्ष : संकट बाहिरको मात्र होइन, राज्यभित्रको कमजोरी पनि हो**

पश्चिम एसियाको द्वन्द्वले नेपाललाई एउटा कठोर सत्य सम्झाइरहेको छ-हाम्रो अर्थतन्त्र कति कमजोर संरचनामा उभिएको छ भन्ने। ऊर्जा परनिर्भरता, रेमिट्यान्समा अत्यधिक भर, कमजोर औद्योगिक आत्मनिर्भरता, श्रमिक सुरक्षाको अस्पष्ट नीति र संकट व्यवस्थापनमा ढिलाइ-यी सबै अहिले एकैपटक खुला भएका छन्।

सरकारले प्रक्रियागत सक्रियता देखाएको हुन सक्छ, तर व्यवहारिक दृष्टिले त्यो अझै अपर्याप्त छ। संकटको गहिराइ हेर्दा अब कागजी सक्रियता होइन, कठोर र समयमै निर्णय लिने नेतृत्व चाहिन्छ। अन्यथा पश्चिम एसियाको आगो त्यहाँ मात्र जल्दैन, यसको धुवाँले नेपाली भान्सा, बजार, उद्योग, अस्पताल र गाउँघरको अर्थतन्त्रसमेत ढाक्नेछ।

## रंग विरंग

### समुद्रभित्र 'अनौठो आवाज' !
### रहस्यमय ध्वनिले उठायो नयाँ प्रश्न



*प्रशान्त महासागरको गहिराइबाट आएको एउटा रहस्यमय ध्वनिले विश्वभरका वैज्ञानिकहरूलाई अन्योलमा पारेको छ। अत्याधुनिक समुद्री निगरानी प्रणालीले रेकर्ड गरेको यो आवाज सामान्य समुद्री गतिविधिसँग मेल नखाने खालको देखिएको छ।*

*यो ध्वनि पहिलो पटक केही दिनअघि गहिरो समुद्रमा राखिएका हाइड्रोफोन (ध्वनि मापन उपकरण)ले टिपेको थियो। वैज्ञानिकहरूका अनुसार, आवाज निकै गहिरो, कम्पनयुक्त र नियमित अन्तरालमा दोहोरिने प्रकारको छ। सामान्यतया समुद्रमा आउने आवाजहरू-जस्तै ह्वेलको स्वर, पनडुब्बीको गति वा भूकम्पीय हलचलसँग यसको संरचना मिल्दैन। यही कारणले यो घटना झन् चासोको विषय बनेको छ।*

*अनुसन्धानकर्ताहरू अहिले तीनवटा सम्भावित कारणबारे छलफल गरिरहेका छन्। पहिलो-यो कुनै अज्ञात समुद्री जीवको संकेत हुन सक्छ। समुद्रको ठूलो भाग अझै अनुसन्धानबाहिर रहेकाले नयाँ प्रजाति पत्ता लाग्ने सम्भावना अस्वीकार गर्न सकिँदैन। दोस्रो-यो भूगर्भीय गतिविधि हुन सक्छ, जस्तै समुद्री ज्वालामुखी वा टेक्टोनिक प्लेटको हलचल। तेस्रो–मानव निर्मित कुनै गुप्त प्रविधि वा सैन्य परीक्षणसँग सम्बन्धित हुन सक्छ भन्ने अनुमान पनि गरिएको छ।*

*तर, अहिलेसम्म कुनै पनि सम्भावनालाई पुष्टि गर्न सकिएको छैन। ध्वनिको आवृत्ति र संरचना विश्लेषण भइरहे पनि त्यसको स्रोत पहिचान गर्न अझै कठिन भइरहेको वैज्ञानिकहरू बताउँछन्। केही अनुसन्धानकर्ताले यसलाई "समुद्रको गहिराइबाट आएको अज्ञात संकेत" भनेका छन्। यो घटनाले अर्को ठूलो प्रश्न पनि उठाएको छ-हामीले पृथ्वीको महासागर कति बुझिसकेका छौं ? वैज्ञानिक तथ्यअनुसार, समुद्रको करिब ८० प्रतिशत भाग अझै पूर्ण रूपमा अन्वेषण गरिएको छैन। यस्तो अवस्थामा यस्ता रहस्यमय ध्वनि वा घटनाहरू देखिनु अस्वाभाविक होइन।*

*यद्यपि, प्रविधिको युगमा समेत यस्ता घटनाले मानव ज्ञानको सीमालाई चुनौती दिन्छन्। अन्तरिक्षबारे धेरै जानकारी हासिल गरिसकेको मानव जातिले आफ्नै ग्रहको गहिराइ अझै पूर्ण रूपमा बुझ्न नसकेको तथ्य पुनः उजागर भएको छ। यो रहस्यमय आवाजको वास्तविक स्रोत पत्ता लाग्न अझै समय लाग्न सक्छ। तर यति निश्चित छ-समुद्रको गहिराइमा अझै धेरै कथा लुकेका छन्, जसले विज्ञानलाई बारम्बार नयाँ प्रश्नहरू सोध्न बाध्य पार्नेछ।*

### चीनका मानिस र मेसिन सँगै दौडिए
### प्रविधिले मानव प्रतिस्पर्धालाई नै चुनौती



*चीनमा यस हप्ता आयोजना गरिएको एक म्याराथनले संसारलाई चकित बनायो–किनकि यो सामान्य दौड थिएन। यसमा मानिससँगै ह्युमनॉइड रोबोटहरू पनि प्रतिस्पर्धामा सहभागी भए।*

*रोबोटहरूलाई विशेष रूपमा डिजाइन गरिएको थियो–दौडन, सन्तुलन मिलाउन र अवरोध पार गर्न सक्षम। केही रोबोटहरू २१ किलोमिटरको हाफ म्याराथन पूरा गर्न सफल भए, यद्यपि उनीहरूको गति मानिसभन्दा कम थियो। तर, यहाँ प्रश्न गति होइन-क्षमता हो।*

*अब रोबोट केवल कारखानामा काम गर्ने मेसिन मात्र रहेनन् उनीहरू शारीरिक प्रतिस्पर्धामा समेत देखिन थालेका छन्। प्रविधि विज्ञहरूका अनुसार, "यो केवल शुरुवात हो। भविष्यमा रोबोटहरू खेलकुद, सुरक्षा, उद्धार कार्य र अन्य क्षेत्रमा प्रत्यक्ष प्रतिस्पर्धी बन्न सक्छन्।"*

*यसले एउटा गम्भीर बहस पनि जन्माएको छ-यदि मेसिनले मानव क्षमतासँग प्रतिस्पर्धा गर्न थाल्यो भने, मानवको भूमिका के हुनेछ ? यो घटना मनोरञ्जन मात्र होइन-मानव र कृत्रिम बुद्धिमत्ताबीचको नयाँ युगको संकेत हो।*

### मृत व्यक्तिको आवाज पुनर्जीवित
### प्रविधिको विकास कि नैतिक संकट ?



*अमेरिकामा एउटा अनौठो घटना चर्चामा आयो-एक परिवारले आफ्नो मृत सदस्यको आवाज कृत्रिम बुद्धिमत्ता (एआई) मार्फत पुनः 'जिवन्त' बनायो। पुराना अडियो र भिडियो क्लिपहरूको आधारमा तयार गरिएको एआइ मोडेलले मृत व्यक्तिको जस्तै आवाजमा नयाँ संवाद बोल्न सक्ने बनाइएको हो।*

*परिवारले यसलाई "भावनात्मक सहारा" का रूपमा प्रयोग गरेको बताएको छ। उनीहरूले आफ्ना प्रियजनको आवाज फेरि सुन्न पाउँदा राहत महसुस भएको बताएका छन्। तर यो प्रविधिले गम्भीर नैतिक बहस पनि जन्माएको छ। के मृत व्यक्तिको पहिचानलाई यस्तो तरिकाले पुनः प्रयोग गर्नु उचित हो ? के यसले भविष्यमा गलत प्रयोग-जस्तै फेक अडियो, ठगी वा राजनीतिक दुरुपयोग-को ढोका खोल्दैन ? प्रविधि विज्ञहरू भन्छन्, एआईले मानव भावनालाई समेत 'नक्कल' गर्न थालेको छ, जुन अवसर पनि हो र जोखिम पनि।"*

*यो घटना केवल एउटा परिवारको कथा होइन-यो मानव र प्रविधिबीचको नयाँ सीमारेखा हो। अब प्रश्न केवल के सम्भव छ भन्ने होइन, के उचित छ भन्ने पनि हो।*


## फेसबुक सामाजिक सञ्जाल

### जब 'वर्दी' भित्रको मान्छे रोयो, अनि 'सत्ता'ले ताली बजायो

**समय:** दिउँसोको ठीक १ बजे, २०८२ चैत १६ गते।
**स्थान:** नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल।

बाहिर घाम चर्को थियो, तर भित्र वातावरणमा एउटा बेग्लै भारीपन थियो। जब गृहमन्त्री सुधन गुरुङको गाडी मुख्यालय छिर्‍यो, औपचारिकताका सलामीहरू त सधैंझैं ठोक्किए, तर आजको एजेन्डा केवल 'निरीक्षण'मा मात्र सीमित थिएन।

**विगतको ऐना र भविष्यको बाचा**



अपराध अनुसन्धानदेखि डिजिटल फरेन्सिकसम्मको फन्को मारेपछि मन्त्री गुरुङ जब मञ्चमा उक्लिए, उनले मन्त्री भएर होइन, एउटा भुइँमान्छे भएर बोले। उनले ती दिनहरू सम्झिए, जहा एउटा प्रहरी जवानले चिउरा र चाउचाउको भरमा रातभर पहरा दिनुपर्छ।

"अब प्रहरीले आदेश होइन, स्वाभिमान पालना गर्नेछ," मन्त्रीको स्वरमा दृढता थियो। "मेरो पार्टीको मान्छेले गल्ती गरे पनि नछोड्नुस्, मेरो ढोका तल्ला तहका जवानका लागि सधैं खुल्ला छ।" उनले थपे-प्रहरी अब केवल 'लाठी' बोक्ने यन्त्र होइन, संकटमा 'एम्बुलेन्स' र मुस्कानसहितको सेवा दिने नागरिकको 'मामा-भान्जा' जस्तो आत्मीय साथी बन्नुपर्छ।

**त्यो एउटा 'ब्रेकिङ प्वाइन्ट'**

तर, माहोल तब बदलियो जब आइजीपी दानबहादुर कार्की पोडियममा उभिए। तथ्याङ्क र कार्ययोजना सुनाउँदा सुनाउँदै उनी अचानक एउटा यस्तो विन्दुमा पुगे, जहाँ संगठनको प्रमुख हुनुको अहम् पग्लिएर एउटा अभिभावकको चिन्ता प्रकट भयो।

प्रहरीहरूले बीचमै जागिर छोडेर जाने लर्को, १६ वर्षे पेन्सनको माग र थकित अनुहारहरूको फेहरिस्त सुनाउँदा सुनाउँदै आइजीपीको गला अवरुद्ध भयो। "मैले मेरो पुलिसलाई टिकाउन सकिना..." यी शब्दहरू बाहिर निस्कनासाथ आइजीपी स्तब्ध भए। हलमा सन्नाटा छायो। वर्दीभित्र लुकेको एउटा मान्छेका आँखा रसाएको देख्दा त्यहाँ उपस्थित उच्च अधिकृतहरू समेत निसब्द बने।

**सन्नाटा चिर्ने त्यो ताली**


ठीक त्यही बेला, प्रोटोकल र औपचारिकताको घेरा तोड्दै गृहमन्त्री गुरुङ आफ्नो सिटबाट जुरुक्क उठे। उनले मुट्ठी कसेर ताली बजाउन सुरु गरे। त्यो ताली आइजीपीको कमजोरीका लागि थिएन, बरु उनको इमानदार स्वीकारोक्ति र पीडाप्रतिको ऐक्यवद्धता थियो। मन्त्रीले हलतिर हेर्दै संकेत गरे-"उठ्नुस्, समर्थन गर्नुस्"। हेर्दाहेर्दै पुरै हल तालीको गडगडाहटले गुञ्जियो। यो सायद नेपाल प्रहरीको इतिहासमै एउटा यस्तो क्षण थियो, जहाँ 'कमान्डर' रोइरहेको थियो र 'सरकार'ले उसलाई काँध थामेर हौसला दिइरहेको थियो।

**तर, ताली रोकिएपछिको त्यो गहिरो सन्नाटा...**

त्यो सन्नाटाले एउटै प्रश्न सोधिरहेको थियोः के अब साँच्चै प्रहरीको दिन फिर्लान् त ?

*-सामाजिक सञ्जालबाट*

### इमेजको राजनीति, विचारको पतन !



*"जसले झुक्न, निहुरिन जान्दछ र झुकेर-निहुरिएर भए पनि ग्रहण गर्न सक्छ, शक्ति उसैलाई दिनुपर्छ।"*
*-फ्युदोर दोस्तोवस्की, रुसी साहित्यकार*

लोकतन्त्रको विषय संगठनको अस्तित्वभित्र विचारसाग गाँसिएको हुन्छ। जहाँ विचार हुन्छ, त्यहाँ सम्बन्ध पनि विचारकै आधारमा निर्माण हुन्छ। विचार भएको मानिस झुक्न, निहुरिन र आवश्यक कुरा आत्मसात् गर्न जान्दछ।

जनअसन्तोष, निराशा र प्रतिक्रियात्मक जनअभिमतको पृष्ठभूमिमा कहिलेकाहीँ 'हाई सिम्बोलिजम लिडर'का रूपमा पनि यस्ता केही नेता जन्मिन सक्छन्, जसका लागि विचार गौण बन्छ। यस्ता नेता सुरुदेखि नै आफ्नो छवि र इमेजप्रति अत्यन्त सजग हुन्छन्। कुन निर्णय गर्दा जनतामाझ आफ्नो छवि बलियो बन्छ, जनतालाई भावनात्मक रूपमा कसरी आफूमा डुबाइराख्न सकिन्छ, के बोल्दा ताली बज्छ, के देखाउादा उत्साह फैलिन्छ-यस्ता पक्षमा उनीहरू निकै होशियार हुन सक्छन्।

विदेशी शक्तिका चासो, त्यसबाट देशलाई पर्न सक्ने दीर्घकालीन असहजता, राष्ट्रिय हितमा आउन सक्ने चुनौतीबारे जानकारी हुँदाहुँदै पनि 'विदेश नीतिमा संक्रमणकाल' भनेर कुरा पन्छाउने, अनि 'डेलिभरीको सुनामी' भन्दै जनतामा भावनात्मक उत्साह र रोमाञ्च सञ्चारित गर्ने प्रवृत्ति पनि देखिन सक्छ। निराश जनमनले सुरुवातमा यसलाई लोकप्रिय सकारात्मकताका रूपमा महसुस गर्न सक्छ।

त्यस्तो अवस्थामा जनताको मनमा प्रतिगामी-अग्रगामी, लोककल्याणकारी, सामाजिक न्याय, समाजवाद, नवउदारवाद, निर्दलीय, बहुदलीय, 'दुःख पायो बिचरा, सुख पायो अहा', राष्ट्रवाद-अराष्ट्रवाद, मिशेल फुकोको बायोपावर र बायोपोलिटिक्स, एन्टोनियो ग्राम्शीको कल्चरल हेगेमोनी, प्लेटोको केभ थ्योरी, चाणक्यका चन्द्रगुप्त पात्रको सृष्टि-यी सबै विषयहरू गौण बन्न सक्छन्। अपत्यारिला परिणामको रनभुल्लो, उत्साहित हरियालीपूर्ण तत्कालीन खुसी र सन्तुष्टिमा जनता यति रमाउन सक्छन् कि कसैले प्रतिवाद गर्न नसक्ने स्थिति बन्न पुग्छ।


वर्तमानका केही त्रुटिले इतिहासका राम्रा पक्ष मेटिदैनन्। तर इतिहासप्रति कृतज्ञता हराएर, वर्तमानको आवेगमा रमाइरहेको जनसमूहको दृश्य पनि देखिन सक्छ। नेपालको हावापानी र माटो सुहाउादो यथार्थ शायद यतै कतै छ।

अर्थहीन लेखाइ नगरौं, बरु देहाएको कव्वाली गाउँदै चिया पिउन थालौं-

*"क्यू करते हो फिक्र जमाने की,*
*छोडो जी ये आदत गम मनाने की।*
*जन्दिगी से थोडी वफा कीजिए,*
*जो नहीं मिला उसे दफा कीजिए।*
*हर कोई नहीं आप के काबिल,*
*अकेले बैठकर चाय का मजा लीजिए।"*
*- सुफी कव्वाली, सुफी सफर सङ्गस, भारत (YouTube)*
(मिति : वि.सं. २०८२ चैत्र १६ गते, सामाजिक सञ्जालको भित्ताबाट)

*-जगदिश राज बराल*

### न्याय मरेपछि राष्ट्र मर्दो रहेछ !



न्याय मरेपछि राष्ट्र मर्दो रहेछ। न्याय मरेपछि दुनियांको राज्यप्रतिको भरोसा पनि मर्दो रहेछ। अदालतभित्र "मैले न्याय पाइनँ" भनेर एक नारीले मेरा सामु रुँदै बिलौना सुनाएको देख्दा मन भक्कानिएर आयो। मसँग न्यायिक विवेक छ, न्याय दिन सक्ने चेतना पनि छ, तर न्यायदिने निकायमा म छैन।

पृथ्वीनारायण शाहसँग संविधान थिएन, वकिल र न्यायाधीश पनि थिएनन्, केवल उहाँभित्र धर्म थियो। तामा-तुलसी राखेर निर्णय सुनाउने व्यवस्था रहेछ। यो युगका विद्वानहरूको राज्यमा त तामा-तुलसीले मात्र नपुग्दो रहेछ ! अहिले सुन्दा र हेर्दा त पृथ्वीनारायण शाहको न्याय दिने पद्धति निकै वैज्ञानिक र राम्रो रहेछ। "न्याय नपाए गोरखा जानू" भन्ने भनाइ त्यसैले स्थापित भएको रहेछ।

गुरु गोरखनाथको जो आज्ञा, प्रभु। ॐ जय शिवगोरख।

*- अवि योगी*

### राजमातादेखि वीर शमशेरसम्म : जलेश्वर र महोत्तरीको कथा



जलेश्वर महोत्तरी जिल्ला बन्नुभन्दा पहिले नै मध्य तराईको प्रमुख प्रशासनिक तथा सांस्कृतिक केन्द्रका रूपमा स्थापित भइसकेको थियो। जलेश्वरलाई सदरमुकाम बनाउने श्रेय राजमाता राजेन्द्रलक्ष्मी शाहलाई जान्छ। राजा प्रतापसिंह शाहको निधनपछि बालक राजा रणबहादुर शाहकी आमाका रूपमा उनले नायवी शासन सम्हालेकी थिइन्। राजा रणबहादुर शाहको ससुराली पनि महोत्तरी-धनुषा क्षेत्रमै पर्ने भएकाले यस भूभागसाग दरबारको सम्बन्ध विशेष रहेको देखिन्छ। रानी रतवारा महोत्तरीकी तथा बिन्धि जनकपुरतर्फकी थिइन् भन्ने उल्लेख पाइन्छ।

त्यसैगरी, महोत्तरीलाई छुट्टै जिल्ला बनाउने काम श्री ३ महाराज वीर शमशेर जंगबहादुर राणाले गरेका हुन्। उनले धनुषा, सर्लाही तथा सिन्धुली र सिरहाका केही भागसमेत हेर्ने गरी महोत्तरी जिल्ला (मस गोश्वारा) गठन गरेका थिए। वीर शमशेर राणा शासनका सातौंा तथा नेपालको ११औं प्रधानमन्त्री थिए। उनले वि.सं. १९५२ मा नेपाललाई ३५ जिल्लामा विभाजन गरेका थिए। ती ३५ जिल्ला वि.सं. २०१८ सालसम्म यथावत् रहेका थिए। त्यसबेला काठमाडौंा उपत्यकाभित्रका जिल्लाहरू केन्द्रीय प्रशासनअन्तर्गत राखिन्थे भने पहाडी इलाकालाई "तहसिल" र तराई इलाकालाई "जिल्ला" भन्ने प्रचलन थियो। पहाडी तहसिलभित्र भने धेरै साना जिल्लाहरू समेटिएका हुन्थे। वीर शमशेरले नै प्रत्येक जिल्लामा बडाहाकिमको दरबन्दी कायम गर्ने र बडाहाकिमलाई दौडाहामा पठाउने प्रचलन सुरु गरेका थिए। महोत्तरीका पहिलो बडाहाकिमका रूपमा उनले आफ्ना एक सौतेला भाइलाई जलेश्वर पठाएको उल्लेख पाइन्छ। वीर शमशेरका १६ जना भाइ थिए।



सम्भवतः लखनउकी जौहर कुमारी वा जोधा कुमारी वीर शमशेरकी सौतेनी आमा थिइन्। जौहर कुमारीको शालिक ललितपुरस्थित चिडियाखानाको पश्चिम कुनामा स्थापना गरिएको बताइन्छ। वीर शमशेर महोत्तरीका चर्चित बडाहाकिम राम शमशेरका काका पनि थिए। जलेश्वर अस्पताल, अर्थात् पी.वी. अस्पताल, जलेश्वरको स्थापना पनि वीर शमशेरले नै गरेका हुन्। त्यसबेला नेपालमा राजा पृथ्वीवीर विक्रम शाहको शासन थियो, जो राजा त्रिभुवनका पिता थिए।

यस सन्दर्भको अर्को रोचक पक्ष के हो भने जलेश्वर अस्पताल महोत्तरी जिल्ला औपचारिक रूपमा स्थापना हुनुभन्दा पनि पुरानो धरोहर मानिन्छ। काठमाडौंको वीर अस्पताल पनि वीर शमशेरले नै निर्माण गराएका हुन्। नेपालमा सबैभन्दा धेरै अस्पताल स्थापना गर्ने शासकका रूपमा पनि वीर शमशेरलाई स्मरण गरिन्छ।

*-खिलध्वज थापा (महोत्तरी गाउँपालिका खबर)*

# वन प्रशिक्षणको अनियमितता कसले हेर्ने ?
## गिरी-अर्याल सेटिङ, परामर्शका नाममा ब्रम्हलुट



उपसचिव राजकुमार गिरी

काठमाडौं। विगत बर्षमा देशका सबै निकायमा भ्रष्टाचार बढ्नुमा राजनीतिक नेतृत्व भन्दा बढी कर्मचारीतन्त्र जिम्मेवार रहेको छ। ५ बर्षमा पूरा हुनुपर्ने आयोजना २० बर्षमा पनि पूरा नहुनुको मुख्य जिम्मेवार कर्मचारीतन्त्र नै हो भन्दा अत्युक्ति नहोला। कुनै पनि सरकारी निकायमा परामर्शदातादेखि तालिम शीर्षकको बजेटको ५० प्रतिशतभन्दा बढी हिस्सा भ्रष्टाचार हुने गरेको छ। सबैभन्दा बढी परामर्श सेवा खरिदमा हुने भ्रष्टाचारमा नयाँ बन्ने सरकारको ध्यान जानु जरुरी छ। स्थानीय तहदेखि बिभिन्न सरकारी आयोजना र निकायमा तलदेखि माथिसम्म परामर्श सेवाका नाममा हुने भ्रष्टाचारमा अब सरकारको ध्यान जानु जरुरी छ।

यसैक्रममा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहलमा एकजना उपसचिव र बिचौलियाको सेटिङमा परामर्श खरिदको बजेटमा चरम भ्रष्टाचार हुँदैआएको जानकारी प्राप्त भएको छ।

केन्द्रका उपसचिव राजकुमार गिरी र बिचौलिया दीपक अर्यालको सेटिङमा सबै परामर्श सेवा अनियमित रुपमा खरिद हुने गरेको दावी स्रोतको छ। अर्याल फरेष्टर हुन्। सधैं उपसचिव गिरीको कार्यकक्षमा मात्र भेटिने गरेका अर्यालमार्फत् नै सेटिङमा परामर्श र तालिमका काम केन्द्रले दिने गरेको छ।

कर्मचारी स्रोतका अनुसार, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्ने हो भने केन्द्रका परामर्श र तालिमको काम सेटिङमा दिएको सहजै भण्डाफोर हुने अवस्था छ।

परामर्श सेवा खरिद सेटिङमा गरी आधा आधा कमिसन गिरी र अर्यालले बाँडेर लिने गरेको स्रोत बताउँछ। वन प्रशिक्षण केन्द्रको तालिमको बजेटको ठूलो हिस्सा तालिम नै नदिई होटल, रेष्टुरेन्टसँग मिलेर नक्कली बिल बनाएर खाने गरेको आरोप पनि गिरीमाथि लाग्दैआएको छ। उपसचिव गिरी र अर्यालको फोन कल र ह्वाट्सएप डिटेल उतार्ने हो भने उनीहरुबीच भएको कारोबारको विवरणसमेत खुल्ने केन्द्रका एक कर्मचारी बताउँछन्। केन्द्रमा गाडी, स्टेनसरीदेखि अन्य काम गर्ने सप्लायर्सहरु गिरीसँग नमिले भाँजो हाल्ने काम समेत उनले गर्दैआएका छन्।

निजामती सेवा नियमावली अनुसार २ बर्षमा हुने सरुवाको नीति समेत उपसचिव गिरीको हकमा भने लागू हुनसकेको छैन। काठमाडौंको रामकोट घर भएका गिरी सेवामा प्रवेश गरेदेखि नै केन्द्रमा कार्यरत रहेका छन्। पहिला संघीय सरकार मातहत हुँदा पनि उनी जिल्लामा सरुवा हुनुपरेन। उनी शक्तिशाली रुपमा जरा गाडेर बसेका छन्। उनले शक्ति प्रयोग गरी सरुवा रोक्दैआएका छन्। वन प्रशिक्षण तथा अनुसन्धान केन्द्रका महानिर्देशक रविन्द्र महर्जनसमेत गिरीका अगाडि निरीह जस्तै देखिने गरेको कर्मचारी स्रोत बताउछ।

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको इन्भेट्री शाखाको प्रमुख रहेका उपसचिव गिरीले केन्द्रका अरु शाखाका परामर्श खरिद र तालिमको बजेटमा समेत चियोचर्चो र हस्तक्षेप गरी बिचौलिया अर्याल लगाएर सेटिङमा दिने र लाभ लिने गरेको आरोप छ। जसका कारण अन्य शाखाका प्रमुख र कर्मचारीसमेत आजित भएको बताउछन्।

# न्यायको मन्दिरमा मोलतोल : न्याय किन्ने बजार बन्यो अदालत ?
# अख्तियारको स्टिङ अप्रेशन, अदालतका डिठ्ठा रंगेहात पक्राउ !

● साँघु संवाददाता

**काठमाडौं । न्यायलाई 'मन्दिर' भनिने नेपालको अदालत प्रणालीभित्रै २०८२ चैत १७ गतेबाट पुनः स्टिङ अप्रेसन सुरु भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले न्यायालयभित्र बढ्दो लेनदेन, सेटिङ र बिचौलिया प्रवृत्तिलाई नियन्त्रणमा लिन सक्रियता बढाएको संकेतस्वरूप रौतहट जिल्ला अदालतबाट एक कर्मचारीलाई घुस रकमसहित पक्राउ गरेको छ ।**

अख्तियारको टोलीले जिल्ला रौतहट, गौर नगरपालिका-१ स्थित रौतहट जिल्ला अदालतमा कार्यरत डिठ्ठा लव कुमार सिंहलाई सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा रंगेहात नियन्त्रणमा लिएको हो । आयोगका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी प्रेस विज्ञप्तिअनुसार सिंहले अदालतको फैसलाबमोजिम दर्ता-खारेज (दा.खा.) पुर्जी गरी जग्गा फुकुवा गरिदिने बहानामा सेवाग्राहीसँग रकम माग गरेका थिए ।

विशेष सूचनाको आधारमा अख्तियारको हेटौंडा कार्यालयबाट खटिएको टोलीले योजनाबद्ध रूपमा स्टिङ अप्रेसन सञ्चालन गरेको थियो । सोही क्रममा सिंहले सेवाग्राहीसँग रु. ५० हजार घुस लिइसकेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको हो। घटनास्थलबाट उक्त रकमसहित प्रयोग गरिएको मोबाइल फोनसमेत बरामद गरिएको अख्तियारले जनाएको छ ।



**अदालतभित्रै 'सेटिङ' संस्कृतिको विस्तार**

नेपालको न्याय प्रणालीमा २०४७ सालपछि बहुदलीय व्यवस्था पुनर्स्थापना भएसँगै राजनीतिक, प्रशासनिक तथा न्यायिक क्षेत्रमा देखिएको विकृतिको असर अदालतसम्म पुगेको विश्लेषकहरूको भनाइ छ । तल्लो अदालतदेखि सर्वोच्च अदालतसम्म 'सेटिङ' मिलाएर मुद्दा प्रभावित पार्ने, बिचौलियामार्फत निर्णय खरिद गर्ने जस्ता गम्भीर आरोपहरू बारम्बार उठ्दै आएका छन् ।

विगतका विभिन्न अनुसन्धान प्रतिवेदनहरूले समेत न्यायालयभित्र बिचौलिया सक्रियता, मुद्दा प्रभावित पार्ने प्रयास र आर्थिक लेनदेनको प्रवृत्तिलाई पुष्टि गरेका छन् । यस्ता घटनाले न्यायप्रति आमजनताको भरोसा कमजोर बनाउँदै गएको छ । न्याय किन्ने-बेच्ने संस्कृतिले विधिको शासनलाई नै चुनौती दिइरहेको सरोकारवालाहरू बताउँछन् ।

**अदालतका सेवाग्राहीको पीडा :**
**'न्याय पाउन पनि पैसा चाहिने अवस्था'**

अदालत धाउने सर्वसाधारण नागरिकका लागि यस्तो अवस्था झन् पीडादायक बन्दै गएको छ। सामान्य नागरिकले आफ्नो हक-अधिकारको रक्षा गर्न अदालत पुगे पनि त्यहाँ बिचौलिया र कर्मचारीको दबाबमा 'काम गराउन' रकम तिर्नुपर्ने बाध्यता रहेको गुनासो बारम्बार सुनिन्छ ।

विशेषगरी जग्गा सम्बन्धी मुद्दा, दर्ता-खारेज प्रक्रिया, मुद्दा तामेली वा कार्यान्वयनजस्ता विषयमा 'छिटो काम गरिदिने' नाममा अवैध रकम माग्ने प्रवृत्ति बढ्दो रहेको बताइन्छ । यसले न्याय प्रक्रियालाई ढिलो, जटिल र महँगो बनाएको छ ।

**अख्तियारको सक्रियता : संकेत कि रणनीति ?**

पछिल्लो घटनालाई अख्तियारको सक्रियताको संकेतका रूपमा हेरिएको छ । केही समयदेखि तुलनात्मक रूपमा शिथिल देखिएको स्टिङ अप्रेसनलाई पुनः तीव्र बनाइएको देखिन्छ। यसअघि पनि विभिन्न सरकारी कार्यालय, मालपोत, नापी, स्थानीय तह तथा प्रशासनिक निकायमा स्टिङ अप्रेसन सञ्चालन गरी कर्मचारीहरू पक्राउ परेका थिए ।

तर, न्यायालयभित्रै गरिएको यस्तो अप्रेसनले विशेष महत्व राख्छ। किनभने न्यायालयलाई राज्यका तीन अंगमध्ये स्वतन्त्र र निष्पक्ष संस्थाका रूपमा हेरिन्छ। त्यही संस्थाभित्र भ्रष्टाचार मौलाउँदा राज्यको समग्र विश्वसनीयतामाथि नै प्रश्न उठ्ने गर्दछ ।

**कानूनी प्रक्रिया र आगामी अनुसन्धान**

अख्तियारले पक्राउ परेका डिठ्ठा सिंहमाथि भ्रष्टाचार निवारण ऐनअन्तर्गत मुद्दा दायर गर्ने तयारी गरिरहेको जनाएको छ। प्रारम्भिक अनुसन्धानपछि थप प्रमाण संकलन, बयान तथा डिजिटल सामग्रीको विश्लेषण गरिनेछ। बरामद मोबाइल फोनबाट अन्य संलग्न व्यक्ति वा सञ्जालको पहिचान हुन सक्ने अनुमान गरिएको छ । यदि यस प्रकरणमा बिचौलिया समूह वा अन्य कर्मचारीको संलग्नता भेटिएमा थप पक्राउ र कारबाही हुन सक्ने अख्तियार स्रोतले जनाएको छ ।

**न्याय प्रणाली सुधारको आवश्यकता**

यो घटना केवल एक कर्मचारी पक्राउमा सीमित नरही समग्र न्याय प्रणाली सुधारको आवश्यकता औंल्याउने संकेतका रूपमा हेरिएको छ । न्यायालयभित्र पारदर्शिता, निगरानी र उत्तरदायित्व अभिवृद्धि नगरेसम्म यस्ता समस्या दोहोरिरहने विज्ञहरूको भनाइ छ ।

डिजिटल प्रणालीको विस्तार, प्रक्रियागत सरलता, कर्मचारीको कडाइका साथ निगरानी तथा बिचौलिया नियन्त्रणका लागि विशेष संयन्त्र आवश्यक रहेको उनीहरूको सुझाव छ। साथै, सेवाग्राहीले पनि घुस दिन अस्वीकार गर्ने र उजुरी गर्ने संस्कार विकास गर्नुपर्ने बताइन्छ ।

**जनअपेक्षा : 'न्यायमा भरोसा फर्कियोस्'**

रौतहट जिल्ला अदालतको यो घटनाले आमजनतामा दुईखाले प्रतिक्रिया जन्माएको छ-एकातर्फ भ्रष्टाचारको जालो कति गहिरो छ भन्ने चिन्ता, अर्कोतर्फ अख्तियारको कारबाहीले सुधारको आशा ।

न्यायालयभित्रै हुने भ्रष्टाचार अन्त्य नभए पनि न्यूनीकरण गर्न  यस्ता स्टिङ अप्रेसन निरन्तर र प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने माग उठिरहेको छ । निष्पक्ष, छिटोछरितो र सर्वसुलभ न्याय प्रणाली निर्माण नै अहिलेको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको छ । अन्ततः, न्याय किन्ने-बेच्ने होइन, स्वतः प्राप्त हुने व्यवस्था स्थापित गर्न राज्यका सबै अंगको साझा प्रतिबद्धता अपरिहार्य देखिन्छ ।

चलचित्र विधेयक-२०८१

# चलचित्र  विकास बोर्डलाई ललिपप, मन्त्रालयलाई मालपोत !
## राष्ट्रियसभाले नबुझेको लाज अब नयाँ प्रतिनिधिसभाले छोप्ला ?

विष्णु कल्पित

काठमाडौं । 'हात्ती आयो, हात्ती आयो, फुस्सा' भन्ने उखान नेपाली राज्यसंयन्त्रका धेरै काममा फिट बस्छ, तर चलचित्र विधेयक-२०८१ मा त झन् अक्षरशः मिलेको छ । वर्षौंदेखि अल्झिएको नेपाली चलचित्र तथा छायांकन क्षेत्रलाई राहत दिने, स्पष्टता दिने, लगानी आकर्षित गर्ने र अन्तर्राष्ट्रिय छायांकनको ढोका खोल्ने नाममा ल्याइएको यो विधेयक दफा पल्टाएर हेर्दा सुधारको दस्तावेजभन्दा बढी झन्झटको पुनर्प्रतिष्ठा देखिन्छ । बाहिर सुधारको बिगुल, भित्र पुरानै दुलो। कागजमा क्रान्ति, व्यवहारमा उही फाइलतन्त्र ।

**पुरानो रोग, नयाँ पट्टी**

२०२६ सालको ऐन, २०५७ सालको नियमावली र २०७२ सालको निर्देशिकाको बैसाखी टेकेर नेपाली छायांकन क्षेत्र जसोतसो घिस्रिँदै आएको थियो । समस्या एउटै थिए-ढिलासुस्ती, अपारदर्शी प्रक्रिया, मन्त्रालय-मन्त्रालय धाउनुपर्ने बाध्यता, अनावश्यक कागजी झन्झट, सम्पर्क अधिकृतको मोलमोलाइ, र स्पष्ट कानूनी आधारको अभाव।




नयाँ विधेयकले यो जञ्जाल काट्नुपर्ने थियो। तर, कट्यो के ? जञ्जाल होइन, आशा । पुरानो रोगमाथि नयाँ पट्टी टाँसिएको छ, उपचार भएको छैन ।

**कानून कि कान्लामुनिको दुलो ?**

नेपालमा कानून धेरैजसो समस्या समाधानका लागि होइन, समस्या लम्ब्याउन बनाइन्छ भन्ने आरोप नयाँ होइन । चलचित्र विधेयक-२०८१ ले यही आरोपलाई बल दिएको छ । शीर्षकमा आकर्षण, भाषणमा उत्साह, तर दफामा अस्पष्टता । जहाँ स्पष्ट प्रावधान चाहिन्थ्यो, त्यहीँ 'व्याख्या गर्न मिल्ने' बाटो राखिएको छ । किन ? ताकि सेवाग्राही सधैं अन्योलमा बसोस्, कर्मचारीको टेबल सधैं शक्तिशाली बनोस्, र 'व्यवस्था छैन', 'माथि सोध्नुपर्छ', 'यसलाई यसरी मिलाउनुपर्छ' भन्ने मोलमोलाइको बजार कहिल्यै बन्द नहोस् ।

**चलचित्र र वृत्तचित्र मात्रै संसार हो ?**

विधेयकको सबैभन्दा हाँस्यास्पद र खतरनाक पक्ष भनेको यसको दृष्टिहीनता हो । विदेशी व्यक्ति वा संस्थाले नेपालमा विदेशी चलचित्र वा वृत्तचित्र छायांकन गर्न मन्त्रालयबाट स्वीकृति लिनुपर्ने भनिएको छ। तर प्रश्न छ-आजको श्रव्य-दृश्य संसार के केवल फिल्म र वृत्तचित्रमा सीमित छ ? विज्ञापन छैन ? वेभसिरिज छैन ? टेलिभिजन शो छैन ? रियालिटी कार्यक्रम, म्युजिक भिडियो, पीएसए, डिजिटल कन्टेन्ट छैन ? यदि छन् भने कानूनले किन चिन्दैन ? कानूनले नचिनेको विधा भोलि टेबलमा आएपछि त्यसको फैसला कसले गर्ने ? ऐनले होइन, हाकिमले। यहीँबाट सुरु हुन्छ वास्तविक खेल ।

**अस्पष्टता : नीतिगत भ्रष्टाचारको असली कारखाना**

नेपालमा नीतिगत भ्रष्टाचार फाइल पास गर्दा मात्र हुँदैन, फाइल लेख्दा नै सुरु हुन्छ । ऐन-नियमको भाषामै यस्तो धुमिलता राखिन्छ कि जसले चाह्यो त्यही अर्थ लगाओस् । कुरा मिले फाइल बढ्छ, कुरा नमिले ऐन देखाइन्छ । चलचित्र विधेयक-२०८१ ले पनि यही पुरानै रोग बोकेको छ । स्पष्ट हुनुपर्ने ठाउँमा कानूनी कुहिरो फैलाइएको छ। यो केवल कमजोरी होइन, सम्भावित स्वार्थको संरचना हो । कानूनको नाममा सुविधा होइन, निर्भरता उत्पादन गरिएको छ ।

**विदेशी लगानीको नारा, हाकिमतन्त्रको धन्दा**

विदेशी लगानी भित्र्याउने, नेपाललाई अन्तर्राष्ट्रिय छायांकन गन्तव्य बनाउने, विश्वका निर्माता-निर्देशकलाई नेपालतिर आकर्षित गर्ने-यी सबै नारा सुन्दा निकै मीठा लाग्छन् । तर व्यवहार के छ ? एउटा हलिउड चलचित्रले ७८ दिनपछि, त्यो पनि छायांकनको अघिल्लो दिन मात्रै अनुमति पाएको उदाहरण अझै जिउँदै छ । यति भएपछि ठूला निर्माताले नेपाल रोजून् कि भागून् ? अनि किन भारत, भुटान, थाइल्यान्ड, फिलिपिन्स जस्ता मुलुक पहिलो रोजाइ बन्छन् भन्ने प्रश्नको उत्तर खोज्न किन गाह्रो ? नेपालमा प्रकृति छ, लोकेसन छ, प्रचुर सम्भावना छ, नभएको केवल काम गर्ने राज्य हो ।

**एक हातले दर्ता, अर्को हातले दुःख**

सरकारी निकायबीच समन्वय छैन, उल्टै दोहोरो यातना छ । नागरिक उड्डयनले प्रमाणपत्र दिएको ड्रोन लिएर पर्यटन मन्त्रालय जाँदा फेरि भ्याट बिल मागिन्छ। एउटा निकायले जाँचिसकेको कुरा अर्को निकायले नपत्याउने हो भने राज्य किन चाहियो ? पर्यटन बोर्ड विदेशमा नेपाललाई छायांकन स्वर्ग भनेर बेचिरहन्छ, तर देशभित्रको कानूनी र प्रशासनिक दलदल सफा गर्न चासो देखाउँदैन । नारा एउटा, व्यवहार अर्को । यही हो राज्यको दोहोरोपन ।

**'भू-राजनीति' कि बहानाको भाँडो ?**

विदेशी छायांकन मन्त्रालयबाटै स्वीकृत गरिनुपर्छ, किनकि नेपाल भू-राजनीतिक रूपमा संवेदनशील छ-यस्तो तर्क अगाडि सारिएको छ। तर यो तर्कभन्दा धेरै ठूलो प्रश्न छ : साँच्चै राष्ट्रहित जोगाउन यस्तो प्रावधान राखिएको हो, कि मन्त्रालयको नियन्त्रण, पहुँच र 'मसला' नफुत्कियोस् भनेर ? आजको डिजिटल युगमा कागजी जञ्जालले भू-राजनीति जोगाउँछ भन्नु आफैंमा आत्मप्रवञ्चना हो । तर, यस्तो बहानाले अनुमति प्रक्रिया केन्द्रीकृत हुन्छ, अधिकार सीमित हातमा जान्छ, र सेवाग्राही अझ कमजोर बन्छ । नारा राष्ट्रहितको, खेल नियन्त्रणको ।

**विकास बोर्डलाई ललिपप, मन्त्रालयलाई मालपोत**

चलचित्र विकास बोर्डको पुरानो अपेक्षा के थियो भने छायांकनसम्बन्धी प्रक्रिया व्यवहारिक निकायमार्फत होस्, मन्त्रालयको अनावश्यक चंगुलबाट बाहिर निस्कियोस् । तर, अहिलेको विधेयकले बोर्डलाई अधिकारको आभास मात्र दिएको छ, असली साँचो फेरि मन्त्रालयकै खल्तीमा राखिएको छ। बोर्डलाई देखाउनका लागि दुई-चार जिम्मेवारी, मन्त्रालयलाई राख्नका लागि वास्तविक नियन्त्रण-यही संरचना देखिन्छ। यसलाई सुधार भन्ने कि व्यवस्थापकीय छल ?

**राष्ट्रियसभाले नबुझेको लाज अब नयाँ प्रतिनिधिसभाले छोप्ला ?**

विधेयक राष्ट्रियसभाबाट पारित भइसकेको छ, तर त्यसैले यो व्यवहारिक वा प्रगतिशील भयो भन्ने हुँदैन। नेपाली समाजको पुरानै रोग हो-कानून आयो भनेर ताली बजाउने, तर त्यसले व्यवहारमा के गर्छ भनेर नहेर्ने । चलचित्र क्षेत्रले अहिले ठीक त्यही पीडा भोगिरहेको छ। विधेयक आयो, खुसी मनाइयो ! दफा पढ्ने फुर्सद कसैलाई भएन । अब अन्तिम आशा प्रतिनिधिसभामा छ । यदि नयाँ संसद्ले यो विधेयकलाई दफा-दफा नकेलाइ, आवश्यक संशोधन नगरी पार लगायो भने चलचित्र क्षेत्र फेरि वर्षौं पुरानै हैरानीमा बाँधिनेछ ।

**निष्कर्ष : फाइल फेरियो नियति फेरिएन**

चलचित्र विधेयक-२०८१ ले नेपाली चलचित्र क्षेत्रलाई मुक्त गर्ने होइन, फेरि एकपटक नियन्त्रण, अस्पष्टता र कर्मचारीतन्त्रको गोलचक्करमा धकेल्ने खतरा बोकेको छ । समस्या समाधान गर्न ल्याइएको भनिएको कानूनले यदि नयाँ समस्या जन्माउँछ भने त्यो कानून होइन, कानूनी पासो हो। चलचित्र क्षेत्रलाई भाषण होइन, स्पष्टता चाहिएको छ । नाराबाजी होइन, एकद्वार प्रणाली चाहिएको छ । नियन्त्रण होइन, काम गर्ने वातावरण चाहिएको छ ।

नत्र फेरि उही उखानले राज्यको मुखमा थप्पड हानिरहनेछ-हात्ती आयो, हात्ती आयो... फुस्सा !

*(विष्णु कल्पित, अन्तराष्ट्रिय छायांकार हुन्)*

# नयाँ सरकारसँगै नयाँ प्रधान न्यायाधीश खोज्दै
## तिलप्रसाद श्रीमानको चर्चा, रोलक्रम भत्केला ?

● साँघु संवाददाता



काठमाडौं । नयाँ सरकार, नयाँ वर्ष-तर न्यायालयमा भने पुरानै द्वन्द्वको पुनरावृत्ति। सर्वोच्च अदालतका प्रधान न्यायाधीश प्रकाशमानसिंह राउत २०८२ चैत १८ गते उमेर हदका कारण अवकाशमा गएसँगै न्यायपालिकाको नेतृत्व खाली भएको छ । तर, खाली पदभन्दा ठूलो प्रश्न अहिले उभिएको छ-नयाँ प्रधान न्यायाधीश 'रोलक्रम'बाट आउने कि 'राजनीतिक रोजाइ'बाट ?

**छ जनाको सूची, एउटै कुर्सी**

न्याय परिषदले सर्वोच्च अदालतका वरिष्ठतम् ६ न्यायाधीशको नाम संवैधानिक परिषदमा सिफारिस गरिसकेको छ । सूचीमा सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठ रहेका छन् । संविधानले ३ वर्ष न्यायाधीशको अनुभव पुगेकालाई योग्य मान्छ ।

**संवैधानिक परिषद नै अपूर्ण**

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद नै अहिले अपूर्ण अवस्थामा छ। नयाँ प्रतिनिधिसभा गठन भए पनि उपसभामुख र विपक्षी दलको नेता चयन भइसकेको छैन ।

परिणाम-सिफारिस प्रक्रिया अघि बढ्न सकेको छैन। संसदीय सुनुवाइ समिति पनि गठन नभएकाले नियुक्ति प्रक्रिया झन् अन्योलमा परेको छ। संविधानको धारा२८४(३) र कानून भन्छ-प्रधान न्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिना अघि नै सिफारिस हुनुपर्छ। तर यहाँ त पद रिक्त भइसकेपछि पनि प्रक्रिया अलपत्र छ ।

**नयाँ वर्षमा धकेलिएको नियुक्ति**

प्रतिनिधिसभाको बैठक २०८२ चैत १९ गते बोलाइएको छ। त्यसपछि मात्रै सभामुख, उपसभामुख र विपक्षी दलको नेता चयन हुनेछन् । अनि मात्र संसदीय सुनुवाइ समिति गठन हुनेछ । यसरी हेर्दा नयाँ प्रधान न्यायाधीश नियुक्ति २०८३ सालमा धकेलिने लगभग निश्चित देखिन्छ ।

**रोलक्रम कि 'रोलब्रेक' ?**

यतिबेला कानुनी र राजनीतिक वृत्तमा सबैभन्दा ठूलो बहस के हो भने-वरिष्ठताक्रम (रोलक्रम) मान्ने कि तोड्ने ? वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल पहिलो दाबेदार मानिन्छिन्। तर, आश्चर्यजनक रूपमा सूचीको छैटौं नम्बरमा रहेका तिलप्रसाद श्रेष्ठको नाम चर्चाको केन्द्रमा आएको छ । नयाँ प्रधानमन्त्री बालेन्द्र शाहको 'नयाँ शैली' र 'मेरिटको बहस'सँग जोडेर श्रेष्ठलाई अघि सार्ने कसरत भइरहेको चर्चा छ । यदि यस्तो भयो भने यो केवल नियुक्ति मात्र हुनेछैन-न्यायपालिकाको परम्परागत संरचनामाथि सिधा प्रहार हुनेछ ।

**राजीनामाको तरंग ?**

यदि रोलक्रम तोडियो भने वरिष्ठ न्यायाधीशहरू-सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल, मनोजकुमार शर्मा, नहकुल सुवेदी-राजीनामा दिने कि जुनियरको नेतृत्व स्वीकार्ने ? गम्भीर प्रश्नले न्यायालयभित्र गम्भीर मनोवैज्ञानिक दबाब सिर्जना गरेको छ । यदि राजीनामाको शृंखला सुरु भयो भने, त्यो केवल व्यक्तिगत निर्णय हुनेछैन-न्यायालयको संस्थागत स्थिरतामाथि धक्का हुनेछ ।

**सत्ता, न्याय र संकेत**

अन्तरिम मन्त्रिपरिषदले महत्वपूर्ण निर्णयहरू-डिपुटी गभर्नर, सचिव बढुवा र न्यायाधीश सिफारिस-गर्न नसकी सत्ता हस्तान्तरण गरेको थियो। अब नयाँ सरकारको पहिलो परीक्षा नै यही बनेको छ- न्यायालयलाई स्वतन्त्र राख्ने कि आफ्नो प्रभाव विस्तार गर्ने ?

**निष्कर्ष : न्यायालय मोडमा, देश प्रतीक्षामा**

नयाँ वर्षसँगै नयाँ प्रधान न्यायाधीश आउने अपेक्षा छ । तर, त्यो नियुक्ति कस्तो हुन्छ- परम्पराअनुसार ? कि 'नयाँ प्रयोग'का नाममा विवादास्पद ? यसले केवल एउटा पद भर्ने होइन, नेपालको न्यायपालिका कता मोडिन्छ भन्ने दिशासमेत तय गर्नेछ ।

# प्रधान सेनापति सिग्देलको बयानमा के छ ?

म २०४३ साल फागुन ३ गते नेपाली सेनामा प्रवेश गरी २०८१ भदौ २४ गतेदेखि प्रधान सेनापतिको जिम्मेवारी सम्हाल्दै आएको छु। राष्ट्रिय सुरक्षा परिषद्को सदस्यको हैसियतमा भदौ २३ र २४, २०८२ मा 'जेन-जी' (Gen-Z) युवा पुस्ताद्वारा गरिएको प्रदर्शनका क्रममा उत्पन्न जटिल र विषम परिस्थितिमा मैले संविधान र कानूनको मर्मअनुसार आफ्नो दायित्व निर्वाह गरेको छु ।



भदौ २२ गते बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा राष्ट्रिय अनुसन्धान विभाग तथा अन्य सुरक्षा निकायबाट आन्दोलन व्यापक हुन सक्ने जानकारी प्राप्त भएको थियो । तथापि, सो मितिसम्म राष्ट्रिय सुरक्षा परिषद्को औपचारिक बैठक नबसेकाले विशेष रणनीतिक छलफल हुन सकेको थिएन ।

भदौ २३ गते संसद भवन क्षेत्रको सुरक्षा अवस्था जटिल बन्दै गएपछि अघिल्लो निर्णयअनुसार अन्य सुरक्षा निकायसँग समन्वय गर्दै आवश्यक सुरक्षा तयारी गर्न निर्देशन दिएको थिएँ र स्थानीय प्रशासनको अनुरोधमा कर्फ्यू कार्यान्वयनका लागि तयार रहन मातहतलाई सचेत गराएको थिएँ । उक्त दिन नेपाली सेना परिचालन नभएको र गृह मन्त्रालयको नेतृत्वमा सुरक्षा व्यवस्था कार्यान्वयन भएको थियो ।

भदौ २३ गते अन्दाजी २०:०० बजे प्रधानमन्त्री निवास, बालुवाटारमा राष्ट्रिय सुरक्षा परिषद्को ३९औँ बैठक बस्यो। नेपाली सेना स्वतः सडकमा उत्रने संस्था होइन ! संवैधानिक तथा कानूनी प्रक्रिया पूरा भई नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस र राष्ट्रपतिको निर्णयबाट मात्र परिचालन हुने व्यवस्था छ ।

बैठक बस्दासम्म गृहमन्त्रीको राजीनामा भइसकेको, बन्द गरिएको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाइसकिएको र आन्दोलनकारीका माग सम्बोधन हुने आकलन गरिएको अवस्थामा २४ गते विषम परिस्थिति उत्पन्न हुन सक्ने ठोस अनुमान नगरिएको हुँदा सेना परिचालनबारे कुनै निर्णय वा छलफल भएन ।

भदौ २४ गते बिहान प्रधानमन्त्री निवासमा भएको छलफलमा प्रधानमन्त्रीले मसँग सुझाव माग्नुभयो । मैले दुई विकल्प प्रस्तुत गरें-पहिलो, उहाँकै राजनीतिक दलका केही वरिष्ठ पदाधिकारीले राजीनामा दिन सुझाव दिइरहेको बुझिएकाले थप मानवीय क्षति रोक्न राजनीतिक समाधानतर्फ जान राजीनामा उपयुक्त हुन सक्ने ! दोस्रो, संवैधानिक रूपमा सिफारिस भएमा नेपाली सेना परिस्थिति नियन्त्रणका लागि पूर्ण रूपमा तयार रहेको ।

तर, प्रधानमन्त्रीले राजीनामा दिएपछि सुरक्षा अवस्था झन् अराजक बन्दै गयो र नेपाली सेनाले क्रमशः विज्ञप्ति जारी गर्दै अपिल गर्‍यो तथा राति २२:०० बजेदेखि पूर्ण रूपमा तैनाथ भई शान्ति-सुव्यवस्था बहाल गर्न सक्रिय भूमिका निर्वाह गर्‍यो ।

सुरक्षा निकायहरूबीच समन्वयको अभाव रहेको आरोपलाई म अस्वीकार गर्दछु। तीनै सुरक्षा निकायका प्रमुखहरू निरन्तर सम्पर्क र संयुक्त छलफलमा थियौं र जोखिमपूर्ण अवस्थामा समेत नेपाली सेनाले अन्य सुरक्षा निकायका सदस्यहरूको सुरक्षा तथा उद्धार गरेको छ ।

सिंहदरबार, राष्ट्रपति निवास, प्रधानमन्त्री निवास, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, इन्धन डिपो, कारागार तथा अन्य संवेदनशील संरचनाहरू जोगाउन नेपाली सेनाले अग्रसर भूमिका खेलेको छ, जहाँ मानवीय क्षति न्यून राख्न अत्यन्त संयमता अपनाइएको थियो ।

नेपाली सेना स्पष्ट कार्यादेश र संवैधानिक प्रावधानबिना परिचालित हुँदैन भन्ने विषयमा सबै स्पष्ट हुन आवश्यक छ । नेपालको संविधानको धारा २६६(१), २६७(६) र २७३(१) बमोजिम मात्र सेना परिचालन हुन सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

भदौ २४ गते नेपाली सेनालाई सहयोगका लागि अनुरोध गर्दा समयमा सम्बोधन नभएको भन्ने गुनासो सुनिएको सम्बन्धमा, नेपाली सेनाले अर्थ मन्त्रालयको डाटा सेन्टरमा लागेको आगलागी नियन्त्रण गरेको हो । साथै राष्ट्रपति निवास, प्रधानमन्त्री निवासका मुख्य संरचना, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा देशभरका विमानस्थल, इन्धन डिपो, कारागार लगायतका 'भाइटल इन्स्टलेसन' (Vital Installations) हरू नेपाली सेनाको पहलमा जोगाइएको हो । सिंहदरबार र राष्ट्रपति कार्यालय परिसरबाहिर जम्मा भएका उत्तेजित भिडलाई मौखिक चेतावनी, करीब ४६ राउन्डभन्दा बढी हवाई फायर र मूल गेटबाट पटक-पटक भौतिक रूपमा धकेली सम्झाई-बुझाई गरी बाहिर पठाइएको थियो। भदौ २४ गते बिहान ०५:०० बजेदेखि कर्फ्यू लगाउन नेपाली सेनाले सुझाव दिएको भए तापनि काठमाडौँमा बिहान ०८:३० बजेबाट मात्र कर्फ्यू घोषणा भयो, जतिबेला प्रदर्शनकारीहरूको उल्लेख्य उपस्थिति भइसकेकाले उक्त कर्फ्यू प्रभावकारी हुन सकेन ।

मैले भौतिक संरचनाभन्दा पनि मानवीय सुरक्षालाई प्राथमिकता दिएको छु । सेना परिचालनसम्बन्धी आलोचनालाई तत्कालीन संवैधानिक बाध्यता र परिस्थिति सापेक्ष मूल्याङ्कनका आधारमा हेर्नुपर्छ भन्ने मेरो धारणा छ । लुटिएका हतियार तथा फरार कैदी-बन्दी फिर्ता ल्याउन संयुक्त अपरेशन सञ्चालन गरिएको, हतियार फिर्ता बुझाउन सार्वजनिक आग्रह गरिएको र समन्वयात्मक सुरक्षा संयन्त्र सक्रिय राखिएको थियो ।

अन्त्यमा, भविष्यमा यस्ता घटना दोहोरिन नदिन राज्यका प्रशासनिक तथा सुरक्षा संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी कानूनी आधारमा सुदृढ र प्रभावकारी बनाउनुपर्ने, राष्ट्रिय सुरक्षा परिषद्लाई अझ सक्रिय र जिम्मेवार बनाउनुपर्ने तथा सुरक्षा निकायहरूबीच गहिरो समन्वय र दीर्घकालीन संरचनागत सुधार आवश्यक रहेको मेरो निष्कर्ष छ ।

*(२०८२ भदौ २३ र २४ गते घटनाका सम्बन्धमा गौरी बहादुर कार्की नेतृत्वमा गठित छानबिन आयोगको प्रतिवेदनबाट)*

# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*इतिहासका हरेक उथलपुथलसित*
*थिग्रिने नै थै, द्विविधा हो ।*
*सबैसित सबै सशंकित ।*
*सबैसित सबै त्रसित ।*
*सबैसित सबै आक्रोसित ।*
*उथलपुथलका हिस्सेदारहरु जहिल्यै*
*साक्षी किनारका अबोध र सुधो नागरिक ।*
*तिनलाई बाल मतलब हुन्न ।*
*बनावटी र भएको भन्दा ठुलो गरिएका द्विविधासित ।*
*रास्वपाको जीतमा अप्रत्यासित हुन पुगेकाहरु*
*अहिले द्विविधामा देखिनु अस्वाभाविक हुँदैहोइन ।*
*नितान्त जायज हो ।*
*तिनको त्यो भात भाञ्छा हो ।*
*ती जहिल्यै सुरक्षित र अनतिक्रमित स्थानको जोहोमा हुन्छन् ।*
*अनतिक्रमित र सुरक्षित ठाउँसित तिनको मोह हुन्छ ।*
*जहाँ बसेर ती गुलेली चलाई बस्न पाउँछन् ।*
*गुलेली खेल्नु तिनको रैथाने शौख हो ।*
*समाजमा समय कुसमय देखा परि हरेका खुँडे बुद्धिजीवीहरु*
*भारतीय र अमेरिकी खुफिया भन्दा पर पुग्नै सक्तैनन् ।*
*तिनको सारा ज्ञान र विवेक केबल खुफिया विद्याबाट दीक्षित हुन्छ ।*
*तिनले नेपाली सेनाविरुद्धको मोर्चामा आफूलाई राख्नै सक्तैनन् ।*
*सायद त्यति कारणले पनि ती खुँडे देखिने हुन् ।*
*नेपाली सेनासित आन्तरिक विच्छेदमा बहिरो हुने सुविधा उपलब्ध हुन्न ।*
*तिनलाई ऐतिहासिक मर्यादाले बाँधेको हुन्छ ।*
*जसलाई ती जहिल्यै छाति तन्काएर सलाम ठोक्छन् ।*
*मुलुकको केन्द्रीय ढिकुटी राजनीतिको भेद्द*
*सयौं वर्ष खुलेन ।*
*केही मिथक र केही कथ्य ज्ञान भएर बस्यो ।*
*आजसम्म पनि मुलुकका सानानानी बाबुहरु*
*मुलुकको इतिहासलाई मिथकहरु र कथ्यहरुमा पढ्छन् ।*
*जेन-जी विद्रोहका सन्दर्भमा पुतपुताउने धुँवा निकालेर*
*कोई नाइटो तुष्टि खोज्छ, बेग्लै हो ।*
*अब यस्तो कहिल्यै नहोस, पुस्तक*
*कति थान विकेको होला, अनुमान लाउँदा भो ।*
*इतिहास शिरोमणि बाबुराम आचार्य कतिपटक*
*जन्मिरहनु पर्ने हो, हिसाब लाउँदा भो ।*
*इतिहाससित अहिलेको उथलपुथल पनि*
*कथ्य भएर बसिरहने भो, ढुक्क भए हुन्छ ।*
*ऐतिहासिक मर्यादामा को कस्को मतियार भए*
*को कस्को ढाल हतियार*
*दुई सय वर्ष पछि जन्मिने बाबुरामले मात्रै खुट्याउने छन् ।*
*अहिलेलाई यति मात्रै भन्दा राम्रो हुन्छ,*
*राजनैतिक दलहरु, बौद्धिक समाज र नागरिक अगुवाहरु*
*सबका सबले जेन-जी विद्रोहका हरेक सबालहरुलाई*
*आफूमा राखेर खोजुन, समाधान भेटिएला कि ।*
*नत्र, कानेगुजी निकालेर मिल्ने सन्तुष्टिलाई*
*विद्रोहको निचोड भनेर निकाल्नु बेकार हो ।*
*अरुमाथि छारो उडाउनु पनि ब्यर्थ छ ।*
*इतिहासको यो कालखण्डमा*
*हामी फेरि बिराइएका छौं, झुक्किएका छौं ।*
*बितेका सपनाहरुसित लोभ देखाउनु पनि फिजुल हो ।*
*खुल्ला समाज हामीले नै रोजेका हौं ।*
*मानव अधिकारलाई मोलमोलाई हामीले नै गरेका हौं ।*
*हामीले नै खुकुलो बन्दोबस्तलाई लोकतन्त्र भनेका हौं ।*
*जब सबैथोक हाम्रो सहमतिमा हुन्छन् भने*
*विद्रोह अरुले गरिदिएको भन्ने निचोड*
*राँडो रुवाई मात्रै हो ।*
*अर्का कि जहान देखेर विधुर मरेकी आफ्नी जहान सम्झेर रुन्छ ।*
*राँडो रुवाई ।*
*आज इतिहासमा मिलेका द्विविधा*
*अरु क्यै नभई राँडो रुवाई मात्रै हो !*

## रोस्टमबाटै...

क्षणिक लोकप्रियताका लागि आक्रामक बन्नु अनौठो देखिन्छ । यसले राजनीतिक वृत्तमा पुराना दलका नेता-कार्यकर्तालाई त्रसित पारेको छ भने कर्मचारीतन्त्रलाई "हाम्रो आदेशअनुसार काम नगर्ने भए छोडेर जानू, मन्त्रीलाई पाठ नपढाउनू" भन्दै भयभित तुल्याइएको छ ।

हुँदाहुँदा प्रतिनिधिसभाको रोस्टमबाटै सत्तापक्षीय दल रास्वपाका सभापति रवि लामिछानेले विगतका सरकारले नियुक्त गरेका राजनीतिक तथा संवैधानिक पदाधिकारीहरूलाई राजीनामा दिएर ठाउँ खाली गर्न दबाब दिएका छन् ।

नेपालको संसदीय इतिहासमा रोस्टमबाटै यसरी पदाधिकारीलाई "ठाउँ छोड" भनिएको यो पहिलो पटक हो । त्यसैगरी, सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने निर्णयले निजी सञ्चार जगतको आयस्रोत र रोजगारीमा असर परेको भन्दै व्यापक विरोध भएको छ । यस्ता सस्तो लोकप्रियताका कामले सरकारको दिगोपनमा चुनौती थप्न सक्छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको अपारदर्शी कार्यशैली र सल्लाहकारमाथिको निर्भरताले मन्त्री तथा कर्मचारीहरूमा अन्यौल बढाएको छ । उनको 'ऱ्याप-दोहोरी' पृष्ठभूमि र आक्रामक स्वभावले राजनीतिमा दूरगामी असर पार्न सक्ने देखिन्छ । यसैबीच, प्रधानमन्त्री सार्वजनिक रूपमा कम सक्रिय हुँदा पार्टी सभापति रवि लामिछाने सरकार र संसद्मा हाबी हुँदै गएका छन् ।

संसदीय दलको बैठकमा प्रधानमन्त्रीको अनुपस्थितिले यसलाई थप पुष्टि गरेको छ । प्रधानमन्त्री यसरी नै छायामा परिरहेमा भविष्यमा दुई नेताबीच द्वन्द्व चर्किन सक्ने र लामिछानेले नेतृत्व हत्याउन सक्ने अनुमान राजनीतिज्ञहरूले गरेका छन् ।

## रास्वपाभित्र...

*भने पार्टी नेतृत्व नै वाग्लेको हातमा पुग्न सक्ने विश्लेषण छ । यही कारण अर्याललाई गृह मन्त्रालय नदिई सभामुख बनाउनु वाग्लेको नेतृत्व मार्ग सहज बनाउने चाल हुनसक्ने चर्चा रास्वपाभित्र चलिरहेको छ । यसबीच सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री बालेन्द्र शाहबीच सम्बन्ध पूर्ण रूपमा विश्वासिलो भइनसकेको बताइन्छ । राज्य सञ्चालनका केही विषयमा गहिरो सहमति नबनेको र केही मुद्दामा मतभेद रहेको चर्चा छ । यद्यपि, त्यो असन्तुष्टि खुला रूपमा बाहिर आएको छैन ।*

*स्रोतका अनुसार प्रधानमन्त्री शाह र उपसभापति वाग्ले अहिले लामिछानेको मुद्दा तत्काल किनारा नलागोस् भन्ने मनस्थितिमा रहेको दाबी पनि रास्वपा वृत्तमा सुनिन्छ । यद्यपि, पार्टीभित्र देखिन थालेको असन्तुष्टि अझै खुला रूपमा प्रकट भएको छैन ।*

## पैसा, पहुँच र...

गरिरहेका छन् । तर, फेरि पनि दोहोऱ्याउनुपर्ने कुरा के हो भने-चर्चामा नाम आउनु र आधिकारिक रूपमा कसैविरुद्ध कानूनी प्रक्रिया अगाडि बढ्नु एउटै कुरा होइन ।

तर, यहीँनेर ठूलो राजनीतिक अर्थ लुकेको छ । यदि भट्ट पक्राउ प्रकरण साँच्चै एक व्यक्तिको फौजदारी अनुसन्धान मात्र होइन, ठूला आर्थिक-राजनीतिक सञ्जालतर्फ फैलिने ढोका हो भने, त्यसले नेपालमा वर्षौंदेखि चर्चा हुँदै आएको एउटा पुरानो प्रश्न फेरि उठाउनेछ-यो देशलाई चलाउने शक्ति वास्तवमा निर्वाचित नेतृत्व हो, कि पर्दापछाडि बसेका बिचौलिया, व्यवसायिक दलाल र पहुँचका व्यापारी ?

सुरक्षा वृत्तमा अर्को चर्चा पनि तीव्र छ । देशबाहिर रहेका व्यक्तिहरूको हकमा आवश्यक परे आउट लुक सर्कुलर वा रेड कर्नर नोटिस जस्ता माध्यम प्रयोग गरेर नेपाल ल्याउने विकल्पबारे आन्तरिक तयारी हुनसक्ने बताइन्छ । यो पनि अहिले स्रोत-आधारित चर्चा मात्र हो, औपचारिक निर्णय वा सार्वजनिक कागजात भने बाहिर आएका छैनन् । तर यस्ता चर्चाले नै अहिले शक्ति केन्द्रहरूमा बेचैनी बढाएको बताइन्छ ।

दीपक भट्टको पक्राउलाई लिएर एउटा कुरा स्पष्ट रूपमा भनिन थालेको छ-यो केवल एक व्यक्तिको पतनको कथा नहुन सक्छ, यो त एउटा यस्तो ढोका हुन सक्छ, जसको पछाडि वर्षौंदेखि कसैको नाममा, कसैको पहुँचमा, कसैको संरक्षणमा चलिरहेको ठूलो खेल लुकेको छ ।

कसैले यसलाई "आर्थिक अपराधविरुद्धको अभियान" भनिरहेका छन्, कसैले "शक्ति पुनर्सन्तुलनको प्रक्रिया", त कसैले "चयनात्मक कारबाहीको सुरुवात" भनेर बुझिरहेका छन् ।

अहिलेको सबैभन्दा ठूलो प्रश्न यही हो-के यो अनुसन्धान साँच्चै तल्लो तहका ब्रोकरबाट माथिल्लो तहका संरक्षकसम्म पुग्छ ? कि फेरि पनि केही नाम चर्चामा उछालिएर, केहीलाई तर्साएर, केहीलाई सम्झाएर फाइलहरू बन्द गरिनेछन् ?

बजारमा नक्कली भुटानी नागरिक काण्डदेखि नाम धेरै छन्, चर्चा अझ धेरै छ, तर राज्यको परीक्षा एउटै छ-कसैलाई छुट नदिने निष्पक्ष छानबिन । नत्र यो पनि अर्को एउटा 'तरंग' मात्र हुनेछ, जसले केही दिन हल्ला मच्चाउनेछ र पछि पुरानै सञ्जाल नयाँ रूप लिएर फेरि सक्रिय हुनेछ ।

अहिलेलाई निष्कर्ष यति मात्र निकाल्न सकिन्छ-दीपक भट्ट पक्राउ प्रकरणले व्यापारी र राजनीतिक दुवै वृत्तमा कम्पन पैदा गरेको छ । तर चर्चा र सत्यबीच अझै दूरी छ । अब त्यो दूरी कागज, प्रमाण, अनुसन्धान र कानूनी प्रक्रियाले मात्रै छोट्याउन सक्छ ।

## प्रधानमन्त्री बनेपछि...

यो मौनता सामान्य होइन । यो शैली परिवर्तनको संकेत पनि हुन सक्छ, र जिम्मेवारी-दबाबको सुरुवात पनि ।

कतिपयले भन्छन्-अब बालेन आन्दोलनको होइन, शासनको चरणमा छन् । त्यसैले हरेक शब्द तौलनुपर्छ । प्रधानमन्त्री भएपछि फेसबुक पोस्टभन्दा राज्य सञ्चालन ठूलो कुरा हो । तर, जनताको अर्को प्रश्न पनि उस्तै बलियो छ-काम गर्ने मान्छे बोल्नै नहुने हो र ?

जनतासँग सिधा संवाद गर्ने वाचा पद पाएपछि किन रोकिनुपऱ्यो ? कि अब बालेन पनि त्यही पुरानै रोगका सिकार भए-पदमा पुगेपछि जनता टाढा, कुर्सी नजिक ? बालेनको यो मौनता केवल व्यक्तिगत शैलीको विषय होइन, यो राजनीतिक रूपान्तरणको संकेत हो ।

उनी अब 'विद्रोही बालेन'बाट 'सत्तारूढ नायक'मा प्रवेश गरेका छन् । सवाल यही हो-यो रूपान्तरण हो कि फेसबुकबाट विश्राम ? जनता अझै हेरिरहेका छन् । किनकि उनीहरू बालेनको पोस्ट मात्र खोजिरहेका छैनन्, उनीहरू खोजिरहेका छन्–पुरानो विद्रोही बालेन शैली अझै जीवित छ कि छैन ? अहिलेसम्मको दृश्य साफ छ-चार मिलियनको पेज शान्त छ, तर त्यही शान्तताले सबैभन्दा ठूलो राजनीतिक शंका जन्माइरहेको छ ।

## उपसभामुखको...

यस्तो अवस्थामा उपसभामुखको पद पनि कांग्रेस वा एमालेतर्फ गएमा संवैधानिक नियुक्तिहरूमा सरकारको सहजता प्रभावित हुन सक्ने आंकलन गरिएको छ ।त्यस्तै, हर्क साम्पाङको दल श्रम संस्कृति दल सत्ताका लागि टाढाको मित्रजस्तो देखिए पनि निर्णायक विश्वासका दृष्टिले रास्वपाका लागि पूर्णतः सहज विकल्प मानिएको छैन ।

उता नेकपा (प्रचण्ड) का हकमा पनि परिस्थिति सरकारका लागि त्यति सहज छैन । प्रचण्डका भाइ नारायण दाहाल राष्ट्रिय सभाका अध्यक्ष छन्, र राष्ट्रिय सभाका अध्यक्ष पनि संवैधानिक परिषद्को सदस्य रहने संवैधानिक व्यवस्था छ । यस्तो अवस्थामा यदि उपसभामुख पनि प्रचण्ड पक्षले पाउने हो भने संवैधानिक नियुक्तिहरूमा उनको 'बार्गेनिङ पावर' थप बलियो बन्न सक्छ । यही कारणले राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभामुखको पद नेकपालाई दिने सम्भावना अत्यन्तै कम रहेको राजनीतिक विश्लेषण छ ।

यही राजनीतिक र संवैधानिक सन्तुलनबीच अब सुअवसर राप्रपाका लागि बन्दै गएको देखिन्छ । राप्रपाले यसअघि नै राम्रो कामका लागि संविधान संशोधन हुने हो भने सरकारलाई दुईतिहाइ पुऱ्याउन सहयोग गर्ने संकेत दिइसकेको छ । राप्रपाका सांसद ज्ञानेन्द्रबहादुर शाहीले प्रतिनिधि सभाको बैठकमै औपचारिक रूपमा यस्तो प्रतिबद्धता सार्वजनिक गरिसकेका छन् । त्यसैले सरकारलाई तत्कालीन संवैधानिक र संसदीय व्यवस्थापनमा सहयोग पुऱ्याउन सक्ने दलका रूपमा राप्रपा अगाडि आएको देखिन्छ ।

राजनीतिक वातावरण, शक्ति-सन्तुलन, संवैधानिक परिषद्को संरचना र दलगत लाभ-हानीको हिसाबलाई हेर्दा उपसभामुख पद राप्रपाले पाउने सम्भावना प्रबल बन्दै गएको आंकलन गरिएको छ । राप्रपा स्रोतका अनुसार, उपसभामुखका लागि सबै दृष्टिले उपयुक्त पात्रका रूपमा स्पष्ट वक्ता, बौद्धिक क्षमतालगायत सबै दृष्टिले खुश्बु ओलीको नाम अग्रपंक्तिमा रहेको छ । महिला प्रतिनिधित्व, दलगत सन्तुलन र सत्तासँगको व्यावहारिक सहकार्य-यी तीन पक्षलाई सँगै जोडेर हेर्दा खुश्बुको नाम स्वाभाविक रूपमा चर्चामा आएको बताइन्छ ।

अब २०८२ चैत २६ गतेभित्र हुने उपसभामुख चयनले केवल संसदीय पदपूर्ति मात्र गर्ने छैन, यसले वर्तमान सत्ता-राजनीतिक समीकरणको दिशा पनि स्पष्ट पार्नेछ । उपसभामुख को बन्छ भन्ने प्रश्नसँगै अब अर्को जिज्ञासा पनि उभिएको छ-रास्वपाले यो संवेदनशील पद कति रणनीतिक ढंगले उपयोग गर्छ ? अहिलेको संकेत भने राप्रपातिरै सोझिएको देखिन्छ ।

## बालेनको पहिलो...

लोकतन्त्रको नाममा जनताको शासन भनियो, तर कार्यालयहरूमा जनताले पाएको व्यवहार भने मनपरीतन्त्र र कुशासनको बिँडो बोकेको जस्तो देखिन्थ्यो । यही पृष्ठभूमिमा अहिले सिंहदरबारभित्र केही परिवर्तनका संकेत देखिन थालेका छन् । अबदेखि शनिबार र आइतबार सार्वजनिक बिदा, हप्तामा ५ दिन ९ देखि ५ बजेसम्म कार्यालय समय हुनेछ ।

**हावा फेरिएको संकेत**

२०८२ चैत १३ गते बालेन्द्र शाह नेतृत्वमा नयाँ सरकार गठन भएपछि सिंहदरबारको हावापानीमा केही फेरबदल भएको अनुभूति सेवाग्राहीहरूले गर्न थालेका छन् । पहिले ढिलो आउने कतिपय कर्मचारीहरू अहिले साढे ९ बजेतिरै मन्त्रालय र विभागमा पुग्न थालेका छन् । समयमै हाजिर हुने, फाइल चाँडै चलाउने, सेवाग्राहीलाई टार्ने शैली घटाउने र निर्णय प्रक्रियामा गति ल्याउने प्रवृत्ति देखिन थालेको छ ।

सेवाग्राहीहरूका भनाइमा पहिले सामान्य कामका लागि पनि अड्काइने, झुलाइने र संकेत भाषामा घुसको कुरा सुनाइने गरिन्थ्यो, अहिले त्यो स्वर केही कमजोर भएको महसुस हुन्छ । फाइल अघि बढ्न थालेका छन्, निर्णय हुन थालेका छन्, कर्मचारीको अनुहारमा कम्तीमा 'काम गर्नुपर्छ' भन्ने दबाब देखिन थालेको छ ।

**डोजरको मनोविज्ञान**

यो परिवर्तनलाई धेरैले 'गलत प्रवृत्तिविरुद्ध बालेनको डोजर प्रभाव'का रूपमा अर्थ्याइरहेका छन् । काठमाडौं महानगरका प्रमुख हुँदा बालेन्द्र शाहले देखाएको शैली-अतिक्रमणविरुद्ध डोजर, ढिलासुस्तीविरुद्ध हस्तक्षेप, शक्ति केन्द्रसँग सीधा टक्कर-त्यही मनोविज्ञान अहिले सिंहदरबारसम्म पुगेको महसुस हुन्छ ।

कर्मचारी वृत्तमा एउटा सन्देश गएको छ-अब पुरानै चालले चल्दैन । यसले गर्दा कतिपय अल्छी, सुस्त र सेटिङमै रमाउने कर्मचारीहरूमा त्रास पस्नु स्वाभाविक पनि हो । सरकारी जागिर स्थायी भए पनि गैरजिम्मेवार शैली स्थायी हुँदैन भन्ने चेत अहिले केहीलाई भएजस्तो देखिएको छ ।

**जाँगर कि डर ?**

तर यहीँ एउटा गम्भीर प्रश्न उभिन्छ-यो परिवर्तन जाँगरका कारण आएको हो कि डरका कारण ? यदि कर्मचारीभित्र साँच्चै जिम्मेवारीबोध पलाएको हो भने यो सकारात्मक मोड हो । तर यदि नयाँ सरकारको भय, कारबाहीको त्रास वा अनुगमनको दबाबका कारण मात्र केही समयका लागि अनुशासन देखिएको हो भने यो सुधार टिकाउ हुने छैन ।

नेपालको प्रशासनिक इतिहासले यस्तै धेरै दृश्य देखेको छ । कुनै नयाँ नेतृत्व आउँदा सुरुका केही दिन कर्मचारी समयमै आउँछन्, काम चाँडै गर्छन्, व्यवहार सुधारिएको देखिन्छ ! तर निगरानी खुकुलो हुँदै जाँदा उही दीर्घरोग फेरि बल्झिन्छ । त्यसैले अहिलेको परिवर्तनलाई हतारमा क्रान्ति ठान्नु मूर्खता हुनेछ, तर यसलाई सामान्य पनि मान्न मिल्दैन ।

अहिले देखिएको सुधारको सबैभन्दा सकारात्मक पक्ष भनेको सेवाग्राहीमा आशा पलाउन थालेको छ । नेपालमा सामान्य नागरिकको राज्यसँग प्रत्यक्ष भेट हुने ठाउँ भनेकै सरकारी कार्यालय हो । त्यहीं अपमान, ढिलाइ, झमेला र घुस मागिने व्यवहार भोगेपछि नागरिकको मनमा राज्यप्रति वितृष्णा पैदा हुन्छ ।

त्यसैले यदि कार्यालय समयमै खुल्न थाल्छन्, कर्मचारी कुर्सीमा समयमै भेटिन थाल्छन्, फाइल हल्लिन थाल्छन् र "भोलि आउनुस्" भन्ने वाक्य कमजोर पर्न थाल्छ भने यो सानो कुरा होइन । जनताले धेरै मागेका छैनन्-काम होस्, समयमै होस्, घुस बिना होस् । यति मात्र भए पनि राज्यप्रति विश्वास आंशिक रूपमा फर्किन सक्छ ।

**प्रणालीको परीक्षा**

तर, सुधारको कुरा गर्दा एउटा ठूलो भ्रमबाट बच्नुपर्छ-डोजर शैलीले मात्र प्रणाली बदलिँदैन । डोजर प्रतीक हो, दबाब हो, सुरुवाती झट्का हो तर दीर्घकालीन सुधारका लागि संस्थागत व्यवस्थापन चाहिन्छ । कर्मचारी समयमै आउन थालेका छन् भने त्यसलाई कठोर उपस्थितिप्रणालीले बाँध्नुपर्छ । फाइल छिटो चल्न थालेका छन् भने त्यसलाई डिजिटल ट्याकिङमार्फत पारदर्शी बनाउनुपर्छ ।

घुसको संकेत घटेको छ भने त्यसलाई निगरानी, उजुरी संयन्त्र र दण्ड प्रक्रियाले टिकाउ बनाउनुपर्छ । कुनै एक व्यक्तिको छवि, एक नेताको डर वा एक चरणको जोशले प्रशासन सधैं सुधारिँदैन । नियम, प्रणाली, प्रविधि र निरन्तर अनुगमनको चौकडी बिना सुधार फेरि भत्किन्छ ।

अर्को कुरा, सिंहदरबारको रोग केवल कर्मचारीको व्यक्तिगत अल्छीपना मात्र होइन । त्यसको जरा राजनीतिक संरक्षण, दलगत भागबण्डा, गुटगत नियुक्ति, र कर्मचारी संगठनहरुको दादागिरी, माथिबाट हुने हस्तक्षेपमा पनि गाडिएको छ । यदि कर्मचारीलाई मात्र हप्काएर, हाजिर जाँचेर र फाइल चलाउन दबाब दिएर सुधार सम्भव हुन्थ्यो भने यो समस्या धेरैपहिले सुल्झिसक्थ्यो ।

वास्तविक सुधार त त्यतिबेला सुरु हुन्छ, जब राजनीतिक नेतृत्वले आफैंले पनि हस्तक्षेप घटाउँछ, संरक्षण संस्कृति तोड्छ, 'हाम्रो मान्छे' र 'तिम्रो मान्छे' को खेल रोक्छ र कार्यसम्पादन र राम्रो कार्यशैलीलाई मात्र मापदण्ड बनाउँछ । त्यसो भएन भने कर्मचारीले पनि बुझेका हुन्छन्-आज डराउने, भोलि पुरानै पहुँचले जोगाउने ।

यसकारण अहिले सिंहदरबारमा देखिएको परिवर्तनलाई दुई ढंगले हेर्नुपर्छ । पहिलो, यो आशा जगाउने संकेत हो । दोस्रो, यो सरकारले तत्कालै संस्थागत सुधारमा हात हाल्नुपर्ने चेतावनी पनि हो । यदि बालेन सरकारले अहिलेको दबाबलाई स्पष्ट कार्यपद्धति, प्रशासनिक अनुशासन, डिजिटल पारदर्शिता र कठोर मूल्यांकन प्रणालीमा रूपान्तरण गर्न सक्यो भने यो परिवर्तन टिक्न सक्छ । तर यदि सबै कुरा केवल मनोवैज्ञानिक प्रभावमै सीमित रह्यो भने केही समयपछि पुरानै कर्मचारी, पुरानै दराज, पुरानै चिया-गफ र पुरानै "भोलि आउनुस्" प्रवृत्ति फर्किन बेर लाग्दैन ।

अन्ततः जनतालाई कारणसँग धेरै मतलब छैन । उनीहरूलाई न त कर्मचारीमा जाँगर पलायो कि, न त डर पस्यो कि भन्ने मनोविश्लेषण चाहिएको छ । उनीहरूलाई परिणाम चाहिएको छ । काम भयो भने जनताले प्रशंसा गर्छन्, काम रोकियो भने आक्रोशित हुन्छन् । अहिले सिंहदरबारमा देखिएको गति टिक्यो भने यसलाई नयाँ शासनशैलीको संकेत मान्न सकिन्छ । तर यदि यो क्षणिक भयको उपज मात्र हो भने त्यो चमक चाँडै मर्दै जानेछ ।

अहिलेको निष्कर्ष यत्ति हो-सिंहदरबारमा घडी चलेको छ, कर्मचारी हिँड्न थालेका छन्, फाइल सर्रर बग्न थालेका छन् । अब हेर्न बाँकी छ, यो परिवर्तन जाँगरको हो कि डरको ? तर जे भए पनि, जनताको एउटै सन्देश छ-'अब बहाना होइन, काम चाहियो ।'

## केएमजीमा...

छ । अझ रोचक के छ भने, भविष्यमै काठमाडौं महानगरको मेयरमा पत्नी श्रृंखला खतिवडालाई अघि सार्ने सम्भवको प्रयास र समझदारीसम्मको हल्ला फैलाइएको छ ।यी सबै दाबीहरूको सार्वजनिक पुष्टि भने भएको छैन । तर एउटा कुरा स्पष्ट छ-नेपालमा मिडिया, राजनीति र स्वार्थको सम्बन्ध कहिल्यै निष्कलुष हुँदैन । कान्तिपुरभित्रको पछिल्लो हलचलले पनि त्यही पुरानो प्रश्न फेरि उठाएको छ-सम्पादकीय निर्णय चलिरहेको हो, कि राजनीतिक हिसाबकिताब ?

## 'चन्द्र घण्टी'को...

त्यसको भोलिपल्टै सामान्य प्रशासन मन्त्रालयबाट गेटमा टोली खटाई पोशाक नलगाएकालाई प्रवेश निषेध गरियो । धेरै कर्मचारी फर्किए भने कतिपयले पोशाक बदलेर आए ।

यो क्रम दुई-तीन दिन चलाउँदा सबै कर्मचारी पोशाकमा आउने वातावरण बन्यो । यसमा पहिलो दिन मन्त्रीकै सचिवालयका कर्मचारीसमेत परेका थिए । यसले के पुष्टि गर्छ भने, साना सुधारलाई पनि निरन्तरता दिन सके प्रशासनमा सकारात्मक प्रभाव पर्छ ।

तेस्रो प्रयास सामान्य प्रशासन मन्त्रालयमा सरुवा र काजका लागि कर्मचारीहरूको मेला जस्तै भीड लाग्ने अवस्थासँग सम्बन्धित थियो । वर्षभरिमा हजारौं कर्मचारी सरुवाका लागि आइरहने भएपछि यसको वैकल्पिक व्यवस्थाबारे छलफल गरियो । तत्समयमा सामान्य प्रशासनमन्त्री रेखा शर्मा हुनुहुन्थ्यो । उहाँ प्रशासन सुधार र सुशासनप्रति अत्यन्तै जागरुक र सकारात्मक हुनुहुन्थ्यो ।

मन्त्रीसँगको सल्लाहमा हामीले भीड हटाउने एउटा उपाय निकाल्यौं-अधिकार प्रत्यायोजन गर्ने । सोहीअनुसार नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराइयो-जिल्लाभित्र एक कार्यालयबाट अर्को कार्यालयमा प्रमुख जिल्ला अधिकारीले सरुवा गर्ने र क्षेत्रभित्र एक कार्यालयबाट अर्को कार्यालयमा क्षेत्रीय प्रशासकले सरुवा गर्ने ।

यो निर्णयपश्चात् बिस्तारै सिंहदरबारमा कर्मचारी सरुवाको भीड हट्यो र यस निर्णयको प्रशंसा पनि भयो । त्यसैले सुधार ठूला मात्र गर्नुपर्छ भन्ने होइन, सानातिना दैनिक काममा सुधार गर्दा पनि राम्रो सन्देश जान्छ ।

सुधारका प्रयासहरू व्यावहारिक पनि हुनुपर्दछन् । हाम्रो सन्दर्भमा विदेशमा जस्तो बिहान ब्रेकफास्ट गरेर ९ बजेदेखि कार्यालय सञ्चालन गर्ने र दिउँसो लन्च खाने व्यवस्था छैन । हाम्रो चलन एकैपटक खाना खाएर १० बजे कार्यालय सञ्चालन गर्ने हो । समयभन्दा धेरै अगाडि कर्मचारी उपस्थित गराउँदा र अबेरसम्म बसाउँदा लजिस्टिकको समस्या हुने महसुस गरिएको छ ।

अति आवश्यक कर्मचारी छिटो आउने र ढिलोसम्म बस्ने गर्दछन् नै । त्यसैले सुधारका एजेन्डाहरू व्यावहारिक हुनुपर्दछन् । मुख्य समस्या कर्मचारी ढिलो आउने, छिटो जाने र सेवाग्राहीप्रति जिम्मेवार नहुने प्रवृत्तिमा छ ।

ठूला नीतिगत सुधारका साथै कार्यालयमा समयपालन, काममा सक्रियता र मर्यादित व्यवहारजस्ता साना तर आधारभूत कुरामा थिति बसाल्न सके सरकारी कार्यसम्पादनमा ठूलो सुधार आउनेछ ।

अन्तर्राष्ट्रिय स्तरमा समयपालन र निर्धारित पोशाकलाई अनुशासनको कडी मानिन्छ । बेलायतमा समयको सटिकतालाई व्यावसायिक मर्यादाको प्रतीक मानिन्छ भने जापानमा एक मिनेटको ढिलाइलाई पनि गम्भीर रूपमा हेरिन्छ । अमेरिकामा समयलाई उत्पादकत्वसँग जोडिन्छ र दक्षिण कोरियामा निर्धारित समयभन्दा अगावै काम सक्ने संस्कृति छ ।

हाम्रो सन्दर्भमा सङ्घीय संसद्जस्ता उपल्ला निकायमा समेत समयपालनको कमजोरी सांसदहरूले रोस्ट्रमबाटै उठाएको देखिन्छ । हेर्दा सामान्य लागे पनि समयको नियमितता नै कार्यसम्पादन सुधारको पहिलो खुड्किलो हो, जसमा सुधार हुनु अत्यावश्यक छ ।

*(शर्मा पूर्व महालेखा परीक्षक हुन्)*

## गगन थापा...

निकट व्यक्तिलाई दलको नेता बनाउन चाहेको बुझाइ छ । तर परिस्थिति केसीको पक्षमा सहज छैन । उनी ससुरा भएका कारण मात्र होइन, उमेर र पुस्तान्तरणको प्रश्नका कारण पनि आलोचनामा छन् ।

थापाले केसीप्रति चाहना देखाएपछि विपक्षी समूहले भीष्म आङ्देम्बे र विष्णु खड्का लगायतका नाम अघि सार्ने तयारी गरेको बताइन्छ । विपक्षी सांसदहरूको संख्या बलियो रहेकाले थापा दबाबमा परेका छन् । यदि मतदानबाट टुंगो लगाउने अवस्था आयो र हार भयो भने त्यो थप अप्ठ्यारो बन्ने बुझाइ थापामा देखिन्छ । देउवा पक्षका सांसदहरूको संख्याले पनि उनलाई सजिलो छाडेको छैन ।

अर्कातिर, थापाकै समूहभित्र नयाा अनुहारलाई संसदीय दलको नेता बनाउनुपर्ने मत उठिरहेको छ । वासना थापा र निष्कल राईसम्मका नाम चर्चामा छन् । तर थापा नयाा पुस्तालाई नेतृत्व दिन इच्छुक नदेखिएको चर्चा छ । यही कारण अहिले थापा स्वयं अप्ठ्यारोमा पर्दा दललाई बन्धक बनाएर बसेको आरोप उठ्न थालेको छ । विगतमा अरूमाथि गर्ने आलोचना अहिले उनैमाथि फर्किएको छ ।

## अब भत्केला...

राणाको सत्ता प्रभाव हावी रहेको आरोप लाग्दै आएको छ । कोभिडको बेला रातारात कम्पनी दर्ताको सूचना निकालेर अनुमति दिइएको र त्यस प्रक्रियामा ठूलो रकम कमिसनका रूपमा खर्च भएको, त्यो थैलीको व्यवस्थापन बिचौलिया बनेर भट्टले नै गरेको भन्ने आरोपसमेत सुनिँदै आएको छ । त्यसैले यो विषय अहिले थप पेचिलो बन्दै गएको छ ।

पुँजीबजारमा पछिल्ला वर्षहरूमा प्रवेश गरेका भट्ट जलविद्युत् आयोजनाका ठेक्कामा पनि जोडिएका थिए । माथिल्लो सोलु करिडोर ठेक्का प्रकरणमा उनको प्रभाव बलियो रहेको चर्चा चल्थ्यो । त्यस प्रकरणमा उर्जामन्त्री राधा ज्ञवालीलाई हटाइएको प्रसंग पनि जोडेर हेरिन्छ । उनकै पहलमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले मन्त्री ज्ञवालीलाई हटाएको चर्चा थियो ।

यो प्रकरणपछि भट्ट जलविद्युतबाट पुँजीबजारतिर झन् सक्रिय भएको बताइन्छ । त्योभन्दा अघि उनी सेनाको हेलिकोप्टरलगायत हतियार खरिद प्रक्रियामा पनि ठेक्का लिने भूमिकामा संलग्न रहेको चर्चा थियो । सेनासँग विशेष सम्बन्धका आधारमा उनी उक्त क्षेत्रमा सक्रिय भए पनि पछिल्ला दिनमा भने उनको सेनासँग सम्बन्ध बिग्रिएको बताइन्छ ।

त्यसैले अहिले उनी पक्राउ परेको एउटा कारण त्यो पनि हुन सक्ने अड्कल गरिन्छ । यसबीचमा सुरक्षा प्रेस खरिद प्रकरणमा पनि भट्ट नै विचौलियाको भूमिकामा जोडिएका थिए । राहदानी छपाइदेखि सुरक्षा प्रेस खरिदसम्म नाम जोडिएका दीपक भट्टले होटल क्षेत्रमा पनि लगानी विस्तार गर्न थालेका थिए । सुलभ अग्रवालसँग मिलेर हिल्टन होटलसँग सम्बन्धित लगानीमा पनि उनको नाम जोडिने गरेको छ ।

शंकर समूहमार्फत आफ्नो साम्राज्य फैलाउँदै आएका भट्टलाई राजनीतिक संरक्षणमा एमालेका केपी ओली, विष्णू पौडेल, माओवादीका प्रचण्ड, जनार्दन शर्मा र कांग्रेसकी नेतृ आरजु राणालगायतका केही नेताहरूले बढी साथ दिएको चर्चा छ । त्यसैले अहिले उनी निशानामा परेका पनि हुन् भन्ने राजनीतिक व्याख्या बजारमा सुनिन्छ ।

## सरकारी जग्गा...

रातारात निजी विद्यालय बन्ने कुरा कागजको एउटा पानाले मात्र सम्भव हुँदैन, त्यसका पछाडि शक्ति, पहुँच, पैसा र संरक्षणको लामो साखा-प्रशाखा हुन्छ ।

आज गृह मन्त्री सुदन गुरुङलगायत विभिन्न निकायमा उजुरी परेको चर्चा बाहिरिएको छ । अब परीक्षा सरकारको हो । सरकारले यो उजुरीलाई पनि अरू धेरै उजुरीजस्तै फाइलको धुलोमुनि पुरिदिने कि साँच्चै छानबिन गरेर सत्य बाहिर ल्याउने ? यदि वर्तमान सरकार आफूलाई भ्रष्टाचार, कब्जा र सेटिङविरुद्ध उभिएको देखाउन चाहन्छ भने ज्ञानेश्वरको यो प्रकरण उसले बेवास्ता गर्न नहुने फाइल हो । यो विषयमा निष्पक्ष, कठोर र सार्वजनिक छानबिन हुनुपर्छ ।

**जग्गाको मूल स्थिति के थियो ?**

**विद्यालय कसरी दर्ता भयो ?**

**निजी संस्थामा रूपान्तरणको प्रक्रिया के थियो ?**

**कसले स्वीकृति दियो ?**

कसले लाभ लियो ? र सबैभन्दा महत्त्वपूर्ण-शहीदको नाम बेचेर निजी व्यापार गर्ने साहस कसले दियो ? अब पनि राज्य मौन बस्छ भने त्यसको अर्थ स्पष्ट हुनेछ-नेपालमा शहीदको सम्मानभन्दा शक्तिशाली कुरा पैसा र पहुँच रहेछ । तब यो देशमा स्मारक पनि सुरक्षित रहने छैन, इतिहास पनि सुरक्षित रहने छैन, र सार्वजनिक सम्पत्ति त झन् कदापि रहने छैन । ज्ञानेश्वरको यो प्रकरण केवल एउटा विद्यालयको विवाद होइन, यो प्रश्न हो-यो देश शहीदहरूको हो कि सेटिङवालाहरूको ?

## बादल रोज्दा...

थालेका छन् । नेता-कार्यकर्ताको गुनासो सुन्नेभन्दा आफ्नै तर्क लाद्ने प्रवृत्तिका कारण असन्तुष्टि चुलिएको आरोप पार्टीभित्र सुनिन थालेको छ । ओलीको विकल्प खोज्ने बहस महाधिवेशनको बेलामा पनि उठेको थियो, तर त्यसबेला विकल्प दिन सक्ने गरी अन्य नेता तयार देखिएका थिएनन् । अहिले भने परिस्थिति फेरिएको देखिन्छ ।

एमालेभित्र अहिले दुई किसिमका प्रयास चलिरहेको चर्चा छ । एकथरी नेताहरूले केन्द्रीय कमिटी बैठकबाटै ओलीलाई आत्मालोचना गराउने तयारी गरेका थिए । त्यसको नेतृत्व उपमहासचिव योगेश भट्टराईतिरबाट हुने संकेत थियो । तर ओली पक्राउ परेपछि केन्द्रीय कमिटी बैठक अन्योलमा परेको छ । अध्यक्षमाथि प्रत्यक्ष दबाब दिन नसक्ने अवस्था बनेपछि अहिले नयाा रणनीति बनाइएको बताइन्छ ।

पार्टीभित्र ओलीलाई अस्पतालको शय्याबाटै अध्यक्ष पदबाट राजीनामा गराउने प्रयाससमेत भएको चर्चा छ । यही दबाबका बीच ओलीले कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष रामबहादुर थापा 'बादल'लाई दिएका छन् । संसदीय दलको नेताको जिम्मेवारी पनि उनैलाई दिइएको छ । ओलीको विश्वासपात्रकै रूपमा बादल अघि बढाइएकाले अहिले एमालेभित्र उनीविरुद्ध असन्तुष्टि बढेको बताइन्छ ।

कार्यवाहक अध्यक्ष र संसदीय दलको नेता चयन भएपछि उपाध्यक्ष विष्णु पौडेल पक्ष असन्तुष्ट देखिएको छ । विशेषतः बादलले संसदमा सेना, 'जेन जी' विद्रोह र चुनावमा रास्वपालाई सहयोग गरिएको प्रसंग उठाएपछि पौडेल पक्ष खुलेर प्रतिक्रिया दिन थालेको चर्चा छ । एमालेभित्र यो असन्तुष्टि बादलसागभन्दा बढी ओलीलक्षित रहेको भनाइ पनि सुनिन्छ । पौडेल स्वयं कार्यवाहक अध्यक्ष बन्न चाहन्थे, त्यो अवसर नपाएपछि उनी बादलविरुद्ध सक्रिय भएको हुनसक्ने अनुमान छ ।

यही कारण अहिले एमालेभित्र विशेष महाधिवेशनको चर्चा बाक्लिएको छ । युवापंक्तिका कार्यकर्ताले हस्ताक्षर अभियान नै चलाएको बताइन्छ । बहुमत प्रतिनिधिको हस्ताक्षर जुटेमा ६ महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था रहेकाले पार्टीभित्र त्यसतर्फ ठूलो पंक्ति सक्रिय देखिएको छ ।

## पदका लोभी...

जिम्मेवारीबाट अलग नबसेको, र मन्त्री पदबाट बाहिरिएलगत्तै पुनः त्यही भूमिकामा सक्रिय रूपमा फर्किएको स्रोत बताउछ । यसले उनले औपचारिक रूपमा एउटा पदबाट बाहिरिए पनि प्रभाव र संस्थागत भूमिकाको घेराभित्रै रहन चाहेको संकेत गरेको बुझाइ छ ।

२०६३ सालमा नेपाली सेनाबाट अवकाश पाएपछि पनि शर्मा लामो समय विभिन्न जिम्मेवारी र भूमिकामा सक्रिय रहँदै आएका व्यक्ति मानिन्छन् । सैनिक वृत्तमा उनलाई पदभन्दा बाहिर बस्न नचाहने स्वभावका जर्नेल( रथी अप्रा.)का रूपमा व्याख्या गर्नेहरू पनि छन् । ७९ वर्षको उमेरमा पनि उनी राज्य संरचनासँग जोडिएको जिम्मेवारीको केन्द्रमै रहन खोजिरहेको देखिनु संयोग मात्र नभई उनको दीर्घ सार्वजनिक जीवनको निरन्तरता मान्न सकिन्छ ।

यो प्रसंगले एउटा ठूलो प्रश्न पनि उठाएको छ-नेपालमा उच्च पदमा पुगेका व्यक्तिहरूका लागि पद केवल जिम्मेवारी हो कि प्रभाव कायम राख्ने माध्यम पनि ? किनकि सार्वजनिक रूपमा सादगी र त्यागको सन्देश दिने, तर व्यवहारमा पद र संरचनाबाट टाढा नहट्ने लोभी प्रवृत्ति पुरानो रोगझैं देखिन थालेको छ । बालानन्द शर्माको पछिल्लो भूमिकाले पनि त्यही संस्कारलाई फेरि चर्चामा ल्याएको छ ।


पिनासका लक्षणहरू:

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडि र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- बिहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेँलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदि ।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकीमा जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार